# रमानाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता

निर्मला चापागाईं

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०६४

रमानाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन    निर्मला चापागाईं, २०६४

शोध-निर्देशक
प्रा.डा.व्रतराज आचार्य
त्रि.वि., कीर्तिपुर

# रमानाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
निर्मला चापागाईं
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०६४

## **शोधनिर्देशकको मन्तव्य**

**रमानाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा रही निर्मला चापागाईंले तयार गर्नुभएको हो । स्नातकोत्तर तह नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि अत्यन्त  परिश्रमपूर्वक तयार गरिएको प्रस्तुत शोधप्रति म सन्तुष्ट छु र आवश्यक  मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष सिफारिस गर्दछु ।

प्रा.डा. व्रतराज आचार्य
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर
काठमाडौँ

मितिः २०६५/०३/२४

# त्रिभुवन विश्वविद्यालय
## नेपाली केन्द्रीय विभाग
## कीर्तिपुर

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्रा निर्मला चापागाईंले स्नातकोत्तर तह (एम्.ए) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **रमानाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| **क्र.स.** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|
| १. | प्रा. प्राध्यापक राजेन्द्र सुवेदी (विभागीय प्रमुख) | ---------------- |
| २. | उप.प्रा. प्रयागराज भट्टराई (बाह्य परीक्षक) | ---------------- |
| ३. | प्रा.डा. व्रतराज आचार्य (शोधनिर्देशक) | ---------------- |

मिति : २०६५/०४/०६

# कृतज्ञताज्ञापन

प्रस्तुत रमानाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकको शोधपत्र मैले आदरणीय गुरुज्यू डा. व्रतराज आचार्यको कुशल निर्देशनमा त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति तयार गरेकी हुँ । यसको तयारीका क्रममा आएका समस्या र बाधाको निराकरण गर्न आफ्नो अतिव्यस्त र मूल्यवान् समयको पर्वाह नगरी अमूल्य सुझाव, प्रेरणा र उत्तरदायित्वपूर्ण निर्देशन दिई ठूलो सहयोग गर्नुहुने श्रद्धेय शोधनिर्देशकप्रति म पूर्णतः आभारी छु र हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

शोधपत्र लेख्ने प्रेरणा दिई स्वीकृत गरिदिने नेपाली केन्द्रीय विभागका तत्कालीन विभागीय प्रमुख प्रा.राजेन्द्र सुवेदीप्रति अनुगृहीत छु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक सूचनामूलक जानकारी तथा सन्दर्भ सामग्रीहरू उपलब्ध गराई हृदयदेखि नै सहयोग गर्ने मुक्तिनाथ आचार्य, हरिनाथ आचार्य, शम्पा उपाध्याय, उप-प्रा.मतिप्रसाद ढकाल, डा.काशीराज सुवेदी लगायतका व्यक्तिले लगाएको गुनको कदर गर्दै उहाँहरूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधपत्र तयार गर्ने क्रममा सामग्री उपलब्ध गराई आवश्यक सहयोग प्रदान गर्ने त्रि.वि.केन्द्रीय पुस्तकालयका कर्मचारीप्रति पनि म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधलेखनका क्रममा सहयोग पुऱ्याउनुहुने तथा आवश्यक सरसल्लाह र सुझाव दिने साथीहरू उपेन्द्र सुवेदी, कृष्णराज पौडेल, विमला पण्डित, निरञ्जना खनाल तथा सम्पूर्ण शुभचिन्तकहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

मलाई शिक्षाको यस स्तरसम्म पुग्न हौसला र सहयोग प्रदान गर्नुहुने मेरा आदरणीय पिता डा. लक्ष्मीकान्त चापागाईं, माता मेधादेवी चापागाईं तथा समस्त घरपरिवारमा विशेष कृतज्ञ छु । व्यवसायी व्यस्तता हुँदाहुँद पनि अत्यन्त लगनशीलतापूर्वक समयमै शोधपत्र टङ्कण गरी सहयोग गर्ने भीष्मराज पौडल (अर्किड कम्प्युटर सेन्टर, कीर्तिपुर) र दिपक भण्डारी (आयुर्वेद चिकित्सा परिषद्, नरदेवी) धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र २०६१।२०६३
मिति २०६५।०३।२४

शोधकर्ता
निर्मला चापागाईं
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर, काठमाडौँ

# विषयसूची

पृष्ठ

**स्वीकृतिपत्र**

**शोधनिर्देशकको मन्तव्य**

**कृतज्ञताज्ञापन**

**विषयसूची**

**सङ्क्षेपीकृतसूची**

**पहिलो परिच्छेद**

**शोधपरिचय**

१.१ शोधशीर्षक १

१.२ शोधकार्यको प्रयोजन १

१.३ विषयपरिचय १

१.४ समस्याकथन २

१.५ शोधकार्यको उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा २

१.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ४

१.८ शोधकार्यको सीमाङ्कन ५

१.९ सामग्रीसङ्कलन विधि ५

१.१० सैद्धान्तिक ढाँचा र शोधविधि ५

१.११ शोधपत्रको रूपरेखा ५

**दोस्रो परिच्छेद**

**रमानाथ आचार्यको जीवनी र व्यक्तित्वको अध्ययन**

२.१ रमानाथ आचार्यको जीवनी ७

२.१.१ पृष्ठभूमि ७

२.१.२ जन्म र जन्मस्थल ८

२.१.३ पुर्खा र पारिवारिक पृष्ठभूमि ११
२.१.४ बाल्यकाल १५
२.१.५ उपनयन १५
२.१.६ शिक्षा-दीक्षा १६
२.१.७ भाइ तथा बहिनी १७
२.१.८ विवाह तथा पारिवारिक जीवन १८
२.१.९ साहित्यिक प्रेरणा र प्रभाव २१
२.१.१० व्यक्तिगत रुचि तथा स्वभाव २२
२.१.११ पारिवारिक वियोगावस्था २४
२.१.१२ देहावसान २५
२.१.१३ जीवनदर्शन २६
२.२ रमानाथ आचार्यको व्यक्तित्व २६
२.१.१ पृष्ठभूमि २६
२.२.२ शारीरिक व्यक्तित्व २७
२.२.३ सामाजिक व्यक्तित्व २८
२.२.४ धार्मिक व्यक्तित्व २९
२.२.५ कवि व्यक्तित्व ३०

**तेस्रो परिच्छेद**

**रमानाथ आचार्यको काव्यकृतिको अध्ययन**

३.१ पृष्ठभूमि ३१
३.२ 'हितोपदेश' लघुकाव्यको अध्ययन ३२
३.२.१ लेखन र प्रकाशन ३२
३.२.२ शीर्षक ३२
३.२.३ कथावस्तुको स्रोत ३२
३.२.४ वस्तु-विन्यास ३३
३.२.५ विषयवस्तु र भावविधान ३४
३.२.६ संरचना र लयविधान ३६

३.२.७ भाषाशैली ३७

३.२.८ बिम्ब र प्रतीकयोजना ३९

३.२.९ अलङ्कारविधान ४०

३.२.१० उपजीव्य ग्रन्थसँग तुलनात्मक विश्लेषण ४३

**चौथो परिच्छेद**

**रमानाथ आचार्यका फुटकर कविताको अध्ययन**

४.१ विषय प्रवेश ५४

४.२ 'आत्मज्ञान' कविताको अध्ययन ५५

४.३ 'वैराग्य बोध' कविताको अध्ययन ६४

४.४ विविध फुटकर पद्यहरूको अध्ययन ७२

४.४.१ 'ज्ञानले मात्र मानिस ठूलो हुन्छ' भन्ने कविताको अध्ययन ७२

४.४.२ 'पुनर्जन्मको सङ्केत' गरिएको कविता ७३

४.४.३ पुण्यनगरी काठमाडौँको वर्णन गरिएको कविता ७४

४.४.४ 'अनिकालको वर्णन' गरिएको कविता ७६

**पाँचौ परिच्छेद**

**उपसंहार तथा निष्कर्ष** ७९-८२

**सन्दर्भग्रन्थसूची**

**परिशिष्ट**

## सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| अप्र.शो. | - अप्रकाशित शोधपत्र |
| इ. | - इस्वी सन् |
| उप.प्रा. | - उप-प्राध्यापक |
| एम्.ए. | - मास्टर अफ आर्ट्स |
| गा.वि.स. | - गाउँ विकास समिति |
| चौ.स. | - चौथो संस्करण |
| चौ सं.स. | - चौखम्बा संस्कृत संस्थान |
| ज.स.आ.स. | - जयन्ती समारोह आयोजक समिति |
| त्रि.वि. | - त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | - दोस्रो संस्करण |
| डा. | - डाक्टर |
| ने.रा.प्र.प्रं | - नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| ने.के.वि. | - नेपाली केन्द्रीय विभाग |
| पृ. | - पृष्ठ |
| प्रा.डा. | - प्राध्यापक डाक्टर |
| भा.ज.वि.स. | - भानु जन्मस्थल विकास समिति |
| वि.सं. | - विक्रम संवत् |
| सं.मा.वि. | - संस्कृत माध्यामिक विद्यालय |
| सम्पा. | - सम्पादक |
| प्र | - प्रकाशक |
| ... | - केही अंश वा पङ्क्ति छोडिएको |

## पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **रमानाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

### १.३ विषयपरिचय

रमानाथ आचार्य नेपाली भाषा र साहित्यका क्षेत्रमा आफ्नै पहिचान राख्ने व्यक्ति हुन् । उनको जन्म नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने गण्डकी अञ्चल, तनहुँ जिल्ला, भानु गाउँ विकास समिति वडा नम्बर ३ चुँदी रम्घामा वि.सं. १९०३ चैत्र महिनामा भएको हो । ६६ वर्षको उमेरमा गड्गडी भन्ने प्रसिद्ध तीर्थघाट मानिएको कालीगण्डकीमा वि.सं. १९६९ पौष शुक्ल प्रतिपदाका दिन उनको निधन (इच्छामरण) भएको थियो ।

नेपाली साहित्यका उज्ज्वल तारा पिता भानुभक्त आचार्य तथा माता चन्द्रकला देवीको कोखबाट जेष्ठ पुत्रका रूपमा जन्मिएका रमानाथले शिक्षा, सीप र ज्ञान प्राप्त गर्ने अवसर पाएका थिए । उनको शिक्षा साधारण संस्कृत र नेपाली थियो । उनको व्यक्तित्वपुञ्ज सामाजिक, धार्मिक र कवि व्यक्तित्वको सङ्गमबाट बनेको देखिन्छ । उनी साहित्यको कविता विधामार्फत सुपरिचित छन् । उनको नीति र उपदेशको भावनासँग सम्बन्धित एवम् आध्यात्मिक चिन्तनमा केन्द्रित 'हितोपदेश' नामक ग्रन्थ तथा फुटकर कविताहरू प्रकाशित भएका छन् ।

## १.४ समस्याकथन

नेपाली साहित्यको माध्यमिक कालमा देखा पर्ने नीति उपदेशका कवि रमानाथ साहित्यिक सिर्जनामा संलग्न रहेका चिर साधक हुन् । आजसम्म सामान्य चर्चा र नाम उल्लेख गरिनुबाहेक उनका सम्पूर्ण जीवनी र व्यक्तित्वलाई समेटेर कृतित्व पक्षको समग्र अध्ययन हुन् सकेको छैन । यही मूल समस्याको समाधानका निम्ति निम्नानुसार समस्याहरूमा केन्द्रित भई यो शोधकार्य सम्पन्न गरिएको छः

१. रमानाथ आचार्यको जीवनी, व्यक्तित्व के कस्तो रह्यो ?

२. रमानाथ आचार्यका काव्यकृतिहरू के-कस्ता रहेका छन् ?

३. रमानाथ आचार्यका फुटकर कविताहरू के कस्ता रहेका छन् ?

## १.५ शोधकार्यको उद्देश्य

उपर्युक्त समस्याहरूको विश्लेषणमा आधारित प्रस्तुत शोधकार्यका प्रमुख उद्देश्यहरू यसप्रकार छन्ः

१. रमानाथ आचार्यको जीवनी, व्यक्तित्वको विवेचना गर्न,

२. रमानाथ आचार्यका काव्य कृतिहरू के-कति छन् भन्ने कुराको निर्क्योल गरी प्राप्त कृतिहरूको विश्लेषण गर्नु,

३. रमानाथ आचार्यका फुटकर कविताहरूको खोजी गरी प्राप्त कृतिहरूको विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

रमानाथ आचार्यका बारेमा कतिपय लेखकहरूले सामान्य चर्चा र परिचर्चा गरेको पाइन्छ तापनि उनका जीवनी, व्यक्तित्व र कृतित्वलाई समेत समेट्ने गरी आजसम्म विस्तृत अध्ययन हुन् सकेको छैन । उनका बारेमा आजसम्म जे-जति अध्ययन भएका छन् ती उनका जीवनी, व्यक्तित्व तथा कृतित्वका समग्र अध्ययनका दृष्टिले अपूर्ण देखिन्छन् । उनका बारेमा लेखिएका केही टीकाटिप्पणी विविध पुस्तक तथा पत्रपत्रिकामा छरिएर रहेका छन् र तिनमा रमानाथ आचार्य नेपाली साहित्यमा 'कवि' हुन् भन्ने कुराको सामान्य उल्लेख मात्र गरेको

पाइन्छ । यिनै साना-साना परिचयात्मक टिप्पणीमूलक लेखहरूलाई कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ -

१. विष्णुमायाले 'भानुभक्त मणिमाला' (१९९८) मा रमानाथको फोटोसहित उनले विभिन्न सन्दर्भमा लेखेका श्लोकहरू सङ्कलन गरिएको पाइन्छ ।

२. नरनाथ आचार्यले 'आदिकवि कविसम्राट भानुभक्त आचार्यको सच्चा जीवन चरित्र' शीर्षक पुस्तकको दुवै संस्करणमा (२०१७, २०३६) रमानाथ आचार्यको सामान्य चर्चा गरेको पाइन्छ ।

३. मुक्तिनाथ आचार्यले 'आदिकवि भानुभक्त आचार्य खोजपूर्ण जीवनी' (२०४२) मा रमानाथको परिचय र इच्छामरणको सन्दर्भसमेत केलाउँदे उनी विद्या, बृद्धि, ज्ञान, बल आदिले युक्त भएको उदारवादी, यथार्थवादी र अध्यात्मवादी मानिस भएको टिप्पणी गरेका छन् ।

४. 'भानु संस्कृत माध्यमिक विद्यालय स्वर्ण जयन्ती स्मारिका' (२०५१) मा व्यक्ति परिचयअन्तर्गत 'विगतका प्रतिभाहरू: रम्घाको सेरोफेरो' शीर्षकको लेखमा रमानाथको परिचय दिँदै नेपालीमा कविता लेखेका छन् र यिनी उन्मत्त जस्तो सिद्धज्ञानी र आत्माराम देखिन्छन् भनी उल्लेख गरेका छन् ।

५. घटराज भट्टराईले 'नेपाली लेखककोश' (२०५६) मा रमानाथ आचार्यलाई पिताको प्रेरणा र प्रभावबाट कवि बनेका भन्दै उनका उपलब्ध रचनाका माध्यमबाट कविका रूपमा चिनाएका छन् ।

६. डिल्लीराम मिश्रले 'नेपाल अधिराज्यमा तनहूँ' को दुवै संस्करणमा (२०४५,२०५७) मा रमानाथ आचार्यलाई तनहूँमा रहेका नीति उपदेशमूलक प्रवृत्तिका कविको रूपमा चिनाउनुका साथै मोतीराम भट्टले रमानाथको काव्यशैलीको मुक्त कण्ठले प्रशंसा गर्दै भानुभक्त जस्तै समान हुन् भनी बताएको टिप्पणी गरेका छन् ।

७. व्रतराज आचार्यले 'आदिकवि भानुभक्त जीवनी र कविताको सम्परीक्षण' (२०५८) मा रमानाथको जन्म, बसोबास, शिक्षादीक्षा, व्रतबन्ध आदिका बारेमा टिप्पणी गरेका छन् ।

८. भवानीशङ्कर भट्टराईले 'मुक्तिनाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' (२०६०) शीर्षकको शोधपत्रमा रमानाथको परिचय र योगदानअन्तर्गत भानुपुत्रका रूपमा चिनाउँदै उनले रचना गरेका कविताको उल्लेख गरेका छन् ।

९. मतिप्रसाद ढकालले आफ्नै पुस्तक 'भानुभक्तका लघुरचनाहरू (२०६४)' मा 'अघिल्ला जन्मैका ...' जस्ता श्लोकहरू रमानाथ तथा भानुभक्त कसले लेखेको भन्ने कुरामा विवाद रहेकोमा समालोचना गर्दै ती श्लोकहरू भानुभक्तको नभई रमानाथकै रचना हुनुपर्ने निर्णय दिएका छन् ।

उपर्युक्त पूर्वकार्यहरू रमानाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित रहेका छन् तर यी अपूर्ण र अधुरो रहेका छन् । यिनै विविध अभावहरूको परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

कवि रमानाथ आचार्यका बारेमा छिटफुट रूपमा उपर्युक्त केही चर्चा भएको भए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समग्र रूपमा आजसम्म कसैले पनि अध्ययन गरेको छैन । यस परिप्रेक्ष्यमा प्रस्तुत शोधपत्रमा शोधनायक रमानाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा समग्र अध्ययन गरिएकाले यो शोधकार्य औचित्यपूर्ण छ । यसरी साहित्य सिर्जनाका क्षेत्रमा प्रवृत्त भएका रमानाथ आचार्यको देहावसान भइसकेकाले उनका बारेमा अध्ययन गर्न चाहने व्यक्ति वा सङ्घ-संस्था सबैका लागि यो एक उपयोगी सामग्री हुने विश्वास लिइएको छ साथै नेपाली अनुसन्धान परम्परामा थप योगदान पुग्ने भएकाले पनि प्रस्तुत शोधकार्य ओचित्यपूर्ण र उपयोगी रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा रमानाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । यो अध्ययन रमानाथका प्रकाशित कृतिहरू खोजी गरी प्राप्त समीक्षात्मक टिप्पणीकै आधारमा उनको व्यक्तित्व र कृतित्वको पहिचान गरिएको छ । प्रस्तुत शोधपत्र रमानाथ आचार्यको जीवनी र व्यक्तित्वको विवेचना गर्ने र उनका प्रकाशित साहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण गर्ने कार्यमा सीमित रहेको छ ।

## १.९ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्दा पुस्तकालयीय अध्ययन विधिका आधारमा विभिन्न सूचना, सामग्री र तथ्याङ्कहरू सङ्कलन गरिएको छ । यसका साथै शोधनायकका परिवारका सदस्यहरू अन्य सम्बन्धित व्यक्तिहरूसँग सोधपुछ र क्षेत्रीय भ्रमण गरी सामग्री सङ्कलन गरिएको छ । यसै क्रममा आवश्यकतानुसार सम्बद्ध क्षेत्रका विषय विशेषज्ञहरूसँग पनि आवश्यक जानकारी लिइएको छ ।

## १.१० सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तुत शोधपत्रमा आवश्यकताअनुसार जीवनीपरक प्रभावपरक समालोचना प्रणाली तथा कविता विवेचनाका सिलसिलामा सम्बद्ध विधासिद्धान्तलाई आधार बनाई सङ्कलित सूचना सामग्रीको विश्लेषण गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित पाँच परिच्छेदहरूमा विभाजन गरिएको छ :

१. **पहिलो परिच्छेद** : शोधपरिचय

२. **दोस्रो परिच्छेद** : रमानाथ आचार्यको जीवनी र व्यक्तित्वको अध्ययन

३. **तेस्रो परिच्छेद** : रमानाथ आचार्यको काव्यकृतिको अध्ययन

४. **चौथो परिच्छेद** : रमानाथ आचार्यको फुटकर कविताको अध्ययन

५. **पाँचौ परिच्छेद** : उपसंहार तथा निष्कर्ष

**परिशिष्ट**

प्रस्तुत शोधपत्रमा उपर्युक्त पाँच परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरिएको छ । यस शोधपत्रको अन्त्यमा सन्दर्भग्रन्थसूची प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# रमानाथ आचार्यको जीवनी र व्यक्तित्वको अध्ययन

## २.१ रमानाथ आचार्यको जीवनी

### २.१.१ पृष्ठभूमि

जीवनका यावत् पक्षहरूको क्रमबद्ध वर्णन जीवनी हो ।[१] जीवनीमा मूलतः व्यक्तिका क्रियाकलाप, उसको पारिवारिक अवस्था र उसको जीवनमा घटेका विविध घटनाहरूलाई क्रमैसँग वर्णन गरिएको हुन्छ । व्यक्तिका भोगाइहरू, समाजमा उसको स्थान, उसको सीप, कलाकौशल आदि विषयहरू पनि जीवनीभित्र अटाएका हुन्छन् । यसमा व्यक्तिविशेषको स्तुति वा निन्दाभन्दा तटस्थ रूपमा उसका भोगाइहरूका विवरण आवश्यक हुन्छ । सङ्क्षेपमा भन्दा जीवनीमा व्यक्तिविशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, उसका मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको हुन्छ जीवनीमा मूलतः तीन तत्त्व हुन्छन्: इतिहास, व्यक्ति र साहित्य ।[२] इतिहासमा सत्यताको जलप हुन्छ भने व्यक्तिमा उसले जीवनभर भोगेका अनुभूतिहरू सङ्गालिएका हुन्छन् । यी दुवै तत्त्वलाई साहित्यले कलात्मक बनाउँछ । त्यसैले जीवनीलाई साहित्यको एक शाखा भनिएको हो । यसमा कल्पनाशीलता र भावुकता जस्ता कुराको सट्टा व्यक्तिका जीवनसँग सम्बन्धित यथार्थ घटनाहरू नै मुख्य विषयवस्तुका रूपमा आएका हुन्छन् ।

व्यक्तिका जन्म, बाल्यकाल, शिक्षादीक्षा, संस्कारहरू, उसको पारिवारिक, आर्थिक, सामाजिक स्थिति जस्ता जीवनका विविध पक्षहरू जीवनीअन्तर्गत समेटिएका हुन्छन् । प्रस्तुत शोधपत्रमा पनि रमानाथ आचार्यको जीवनयात्राको क्रममा देखिएका विविध पक्षहरूको अध्ययन गरिएको छ ।

---

[१] मोहनहिमांशु थापा, **साहित्य परिचय** चौ.सं. ललितपुरः साझा प्र., २०५०, पृ.२२७ ।

[२] कृष्ण गौतम, **आधुनिक आलोचना अनेकरूप अनेक पठन**, ललितपुरः साझा प्र., २०५०, पृ. ६० ।

## २.१.२ जन्म र जन्मस्थल

रमानाथ आचार्यको जन्म वि.सं. १९०३ चैत्र महिनामा पिता भानुभक्त आचार्य तथा माता चन्द्रकला देवी आचार्यका कोखबाट प्रथम पुत्ररत्नका रूपमा पश्चिमाञ्चल विकासक्षेत्रमा पर्ने गण्डकी अञ्चलअन्तर्गत तनहुँ जिल्लाको भानु गाउँ विकास समिति, वडा नम्बर-३ चुँदी रम्घा (धर्मशाला, शिखरकटेरी) मा भएको हो ।[३] रमानाथ आचार्यको जन्मस्थल चुँदी रम्घा विभिन्न फाँट, ठूला नदी, पहाडी क्षेत्र आदि भौगोलिक विविधताले गर्दा आकर्षण रहेको पाइन्छ । बेसीको बस्तीलाई चुँदी र माथि गाउँको बस्तीलाई रम्घा भनिन्छ । दुवैतिर रमानाथको उठबस रहेको पाइन्छ ।[४]

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने गण्डकी अञ्चलका ६ जिल्लाहरूमध्ये पूर्वी भागमा अवस्थित तनहुँ पहाडी जिल्ला हो । १५५१ पूर्व की.मी. क्षेत्रफल भएको यो जिल्ला ८४.५७ देखि ८४.३४ पूर्व देशान्तर र २७.२६ देखि २८.०५ उत्तर अक्षांशभित्र पर्दछ ।[५]उत्तरपट्टि रिस्ती नाउँदी खोला, पूर्वमा मर्स्याङ्दी नदी, दक्षिणमा नारायणी र कालीगण्डकी, पश्चिममा ढोरथाम डाँडा र साल्दी खोला अनि कोत्रे खोला नै तनहुँका भौगोलिक सीमा हुन् । दमौली बजार यस जिल्लाको सदरमुकाम हो । यसलाई आजकल व्यास नगरपालिका भनिन्छ ।[६] व्यास ऋषिको जन्मभूमि सेती र मादीको अविरल प्रवाहबाट निःसृत ध्वनिले सुसज्जित सङ्गमस्थल, पराशर ऋषिको तपोभूमि तथा उच्च प्राकृतिक स्थान र व्यास गुफाको नामले प्रख्यात यो ठाउँ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत परिचित रहेको पाइन्छ ।

चुँदी-रम्घा तनहुँ जिल्लाको पूर्वी सीमा क्षेत्रमा पर्दछ । गोर्खा र लमजुङ जिल्लासँग चुँदी रम्घा निकट देखिन्छ । चुँदी रम्घाको वातावरण अति नै शान्त, सुन्दर र रमणीय तथा यो क्षेत्र धार्मिक ऐतिहासिक, प्राकृतिक, पर्यटकीय दृष्टिकोणले पनि महत्त्वपूर्ण देखिन्छ । यो गाउँ

[३] व्रतराज आचार्य, **आदिकवि भानुभक्त जीवनी र कविताको सम्परीक्षण**, तनहुँ , भा.ज.वि.सं., २०५८, पृ. ३५ ।

[४] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

[५] ईश्वरचन्द्र वाग्ले, 'तनहुँ जिल्लाको सदरमुकाम दमौली बजारको भौगोलिक परिचय', **तनहुँ उद्योग वाणिज्य संघ स्मारिका**, दमौली तनहुँ २०५८, पृ.४१ ।

[६] ऐजन ।

काठमाडौँबाट १४३ की.मी. पश्चिममा पर्दछ र पृथ्वीराजमार्गको डुम्रेदेखि ९ की.मी. उत्तरमा पर्दछ ।[७]

समशीतोष्ण हावापानी रहेको तनहुँ जिल्ला रमणीय पर्वत श्रेणीद्वारा वेष्टित छ । पूर्वमा मर्स्याङदी र पश्चिममा सेती, मादी र काली जस्ता ठूला नदीहरू र हरियो वनजङ्गलले ढाकिएका हिमालका प्रत्यन्त पर्वतहरूका साथ धान भुल्ने साँगे, म्याग्दे, चुँदी, सुखौरा, सत्रसय आदि फाँटद्वारा सुशोभित पनि छ ।[८] यसको उत्तर दिशामा देवतात्मा हिमालयको मनमोहक पावन दृश्य देखिन्छ । यो प्रदेश अत्यन्त रमणीय, सुभिक्ष र सुखनिवससनीय छ ।[९]

तनहुँ आर्थिक सम्पन्नताका साथै विद्वान्हरूले खुबै मन पराएको राज्य पनि भएको बुझिन्छ । तनहुँका राजा त्रिविक्रम सेनका आश्रयमा बसेका विष्णुद्वीपले 'आचार दीपक' भन्ने ग्रन्थमा दरवारमा विद्वान्हरू रहेको सङ्केत गरेका छन् ।[१०] साथै तनहुँ जिल्लाको सदरमुकाम दमौलीलाई वेदव्यासको जन्मस्थलको रूपमा चिनाउने प्रयत्न पनि भएको देखिन्छ । वात्स्यायनले कामसूत्र पनि दमौलीमा नै बसेर लेखेका हुन्[११] भन्ने चर्चा पनि गरेको सुनिन्छ तर यसको ठोस प्रमाण भने प्राप्त भएको छैन ।

तनहुँ राज्य तराईसम्म फैलिएका हुनाले तनहुँका विद्यार्थीहरूलाई काशी जान आउनका लागि अत्यन्त सुविधा भएको थियो । विद्याव्यसनीहरूको वातावरणमा जन्मेका तनहुँका मकरन्द पण्डित, शिवशर्मा पण्डित र श्रीकृष्ण आचार्य आदि विद्वान्हरू उच्चस्तरका विद्वान्हरू थिए ।[१२] इतिहास शिरोमणि बाबुराम आचार्यका शब्दमा भन्ने हो भने "वीर योद्धा जन्माउनमा जस्तो गोर्खा प्रसिद्ध थियो उस्तै विद्वान् जन्माउनमा तनहुँले नाम कमाएको थियो । शिवशर्मा सुरिले १८९० संवत्मा प्रयोगमा बसेर लेख्दा पनि तनहुँलाई

---

[७] **मेचीदेखि महाकाली भाग ३**, काठमाडौं : श्री ५ को सरकार संचार मन्त्रालय, सूचना विभाग, २०३१, पृ. २३३ ।

[८] नरनाथ आचार्य, **आदिकवि भानुभक्त आचार्यको सच्चा जीवन चरित्र** (दो.सं.), काठमाडौँ: स्वयम्, २०३६, पृ.६,७ ।

[९] ऐजन ।

[१०] जयराज आचार्य, **तनहुँको संस्कृति**, भोलि (वर्ष १, अङ्क १, २०२८), पृ. ११ ।

[११] ऐजन ।

[१२] नरनाथ आचार्य, पूर्ववत् ।

“सद्वैताभमतविद्वमण्डलीमण्डनायमान”[१३]भनेबाट पनि तनहुँ विद्वान्मण्डलीको क्रीडास्थल भएको अनुमान गर्न सकन्छि । शिवशर्मा सुरिको पुस्तक वासुदेवरसानन्दमा मनमोहन मानवीयले भूमिका लेखेका र आदित्यराम भट्टाचार्यले शिवशर्माको नाममा प्रयागमा पाठशालासमेत खोलेबाट शिवशर्माको शैक्षिक वैशिष्ट्य प्रमाणित हुन्छ ।[१४]

तनहुँ राज्य गोर्खा राज्यमा नगाभिएसम्मको अवस्थालाई हेर्दा यसको इतिहास उत्थान र पतनको अवस्थाबाट गुज्रिदै आएको देखिन्छ ।[१५]नवौं शताब्दीसम्म काठमाडौँ उपत्यकाका लिच्छवीहरूको अधीनमा रहेको यो क्षेत्र त्यसपछि सिंजाका खस मल्लहरूको अधीनमा रहेको देखिन्छ । खस राज्यको पतनपछि यस क्षेत्रमा केही समय मगरहरूले राज्य गरेको देखिन्छ । मध्यपहाडमा सेनवंशको उदयपूर्व तनहुँमा मगरहरूकै राज्य थियो । पाल्पामा सेनराजाहरूको प्रभुत्व कायम भए पछि तनहुँ पनि पाल्पामा गभिएको थियो । पाल्पाका प्रसिद्ध राजा मुकुन्द सेन (१५७५-१६१०) ले आफ्नो राज्य सन्तानहरूलाई अंशबन्डा गरेर बाँड्ने क्रममा तनहुँको राज्य भृङ्गीसेन (१६१०-२८) को हातमा परेको थियो ।[१६] लामो समयसम्म सेन वंशीहरूले तनहुँमा आफ्नो राज्य फैलाएको देखिन्छ तर गोर्खा राज्यको विस्तारका क्रममा तनहुँ लामो समयसम्म अड्न सकेन । फलतः वि.सं. १८३५ मा तनहुँ गोर्खा राज्यमा गाभिएको थियो ।[१७]

यसरी रमानाथको जन्मस्थल चुँदी रम्घा ऐतिहासिक दृष्टिले तनहुँको समग्र इतिहासको एक अङ्गका रूपमा रहेको देखिन्छ भने प्राकृतिक दृष्टिकोणले सौन्दर्यपूर्ण, भौगोलिक विविधताले आकर्षण, धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय दृष्टिकोणले अत्यन्त सुन्दर एवम् व्यापारिक दृष्टिले पनि अत्यन्तै महत्वपूर्ण रहेको पाइन्छ ।

---

[१३] ऐजन ।

[१४] ऐजन ।

[१५] **मेचीदेखि महाकाली** पूर्ववत्, पृ. २३३ ।

[१६] ऐजन ।

[१७] ऐजन ।

### २.१.३ पुर्खा र पारिवारिक पृष्ठभूमि

आचार्यहरूको मूलथलो जुम्ला मानिन्छ । जुम्लाबाट पूर्वतर्फ विस्तारित हुने क्रममा रम्घाली आचार्यका पुर्खाहरू पाल्पा हुँदै चुँदी रम्घा आई बसोबास गर्न थालेको अनुमान गरिन्छ ।[१८] कौण्डिन्य, वाशिष्ट्य, मैत्रीवर्ग त्रिप्रवरयुक्त कौण्डिन्य गोत्रीय उपाध्याय ब्राह्मण भएका आचार्यहरू कर्णाली नदीदेखि पूर्व नेपाल अधिराज्यको सबै भागमा पाइन्छन् । आचार्यहरू कहाँबाट चुँदी-रम्घामा आएका हुन् ? भन्ने कुरा वंशावलीमा उल्लिखित पाइँदैन तर जान्ने-सुन्ने बूढापाकाहरू आचार्यहरूका पुर्खा राजा मुकुन्द सेन (प्राप्त समय वि.सं. १५७५-१६१०) का पालामा पाल्पातिरबाट चुँदी रम्घामा आई बसेका हुन् भन्दछन् । सेन वंशावली र आचार्य वंशावलीको तुलनात्मक अध्ययन गरी हेर्दा मुकुन्द सेनका समकालीन ऋषिश्वरोपाध्याय चुँदी रम्घामा आई बसोबास गर्ने प्रथम व्यक्ति देखिन्छन् ।[१९]

भानुभक्तका हजुरबुवा श्रीकृष्णभन्दा पहिलेका नौ पुस्ताको परिचय वंशावलीबाट प्राप्त हुन्छ । वंशावलीअनुसार सूर्योध्पाध्याय सुनन्दोपाध्याय, इन्द्रमणि, विष्णुहरि, मणिकण्ठोपाध्याय स्थानेश्वरोपाध्याय, ऋषिश्वरोपाध्याय, बालनन्दोपाध्याय र अग्नीश्वर उपाध्याय क्रमशः श्रीकृष्णका बाउबराजु रहेको देखिन्छ ।[२०]यसै वंशपरम्पराका उन्नाइसौँ शताव्दीको द्वितीय दशकतिर अग्नीश्वर उपाध्यायबाट श्रीकृष्ण आचार्यको जन्म भएको पाइन्छ । श्रीकृष्णलाई राम्रो शिक्षादीक्षा अग्नीश्वरले दिएका थिए ।[२१] श्रीकृष्ण आचार्य संस्कृत विद्यामा धुरन्धर रहेको कुरा भानुभक्तले पनि उल्लेख गरेका छन् । भानुभक्तले संस्कृतको अध्ययन बाजे श्रीकृष्णबाट नै गरेको बुझिन्छ ।[२२] श्रीकृष्ण आचार्यका ६ भाइ छोराहरू र दुई बहिनी छोरी थिए । छोराहरूको नाम धनञ्जय, काशीनाथ पदमनाभ, तुलसीराम, गङ्गादत्त र इन्द्रविलास तथा छोरीहरूको नाम रुद्रप्रिया र रमा थियो ।[२३]रमानाथ आचार्यका हजुरबुवा धनञ्जय आचार्य पढे लेखेका

[१८] व्रतराज, आचार्य, पूर्ववत् पृ. १-२ ।
[१९] ऐजन ।
[२०] नरनाथ आचार्य, पूर्ववत्, पृ. १५ ।
[२१] ऐजन, पृ. १६ ।
[२२] व्रतराज आचार्य, पूर्ववत् पृ. १६ ।
[२३] ऐजन, पृ. ४ ।

चतुर व्यक्ति थिए । उनले खरदार पदको सरकारी जागिर खाएका थिए । उनी त्यस बखतको राजकाजमा प्रत्यक्ष पहुँच भएका शक्तिशाली व्यक्ति पनि थिए ।[२४] रमानाथका पिता भानुभक्त गम्भीर धैर्य, चातुर्य र स्मरण शक्ति अत्यन्तै तीक्ष्ण भएका विलक्षण प्रतिभासम्पन्न व्यक्ति थिए ।[२५] उनले नेपाली भाषा-साहित्यको जग बसालेको हुँदा आज पनि उनी नेपाली जगत्मा आदिकविको रूपमा प्रख्यात छन् ।

तत्कालीन समाजमा शिक्षाको परम्परा ब्राह्मण जातिमा मात्र सीमित थियो । त्यसैले चुँदीका ब्राह्मणहरूमा शिक्षाको ज्योति पछिसम्म पनि रहेको देखिन्छ । पाल्पादेखिका मान्छेहरू चुँदीमा पढ्न आउने परम्पराले तनहुँ शिक्षाको केन्द्र रहेको कुरा पुष्टि हुन्छ ।[२६] श्रीकृष्ण आचार्य आर्थिक रूपमा पनि धनाढ्य थिए । उनका पुर्खा वा उनले आफै तनहुँका सेन राजाहरूबाट ५६८ मुरी खेत बिर्ता पाएका थिए । अन्य रकमसमेत गर्दा पच्चीस सय मुरी खेत र त्यसै अनुसारको उनको पाखो पनि थियो ।[२७] तनहुँ १८३९ संवत्मा गोरखामा मिलेपछि पनि शाहराजाहरूले उनको बिर्ता थमौती गरिदिएका थिए ।

रमानाथका पूर्वजहरूको सेनवंशका राजकुलसँग पहिलेदेखि नै सम्बन्ध रहेकाले वेद, पुराण, व्याकरण साहित्य आदि संस्कृत विद्यामा उनीहरू कुल पुर्खादेखि नै सुसंस्कृत हुँदै आएको देखिन्छ । आचार्य वंशका भद्र भलादमीहरूले दरबारिया संस्कार र सभ्यताको राप पहिलेदेखि नै प्राप्त गरेका थिए ।[२८]रमानाथको पालासम्म पनि खाँडो जगाउने, मालश्री गाउने, बालुन खेल्ने संस्कृतका श्लोक कण्ठ पार्ने, विवाहमा सिलोक अन्त्याक्षरी गर्ने जस्ता विद्याव्यवसनका गतिविधिहरू भएका थिए ।[२९]

रमानाथ आचार्यका पितापुर्खाहरूले घरमा र खेतबारीमा काम गर्नका लागि कमाराकमारीहरू राखेको बुझिन्छ । यसबाट उनका पितापुर्खाहरूको पारिवारिक पृष्ठभूमि

---

[२४] ऐजन, पृ.४-५ ।

[२५] ऐजन, पृ.४२ ।

[२६] नरनाथ आचार्य, पृ. ११ ।

[२७] ऐजन, पृ. १६ ।

[२८] व्रतराज आचार्य, पूर्ववत्, पृ. २ ।

[२९] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

उच्च किसिमको रहेको देखिन्छ ।[३०]उनका बूढाहजुरबुवा श्रीकृष्ण आचार्य सम्पन्न र प्रतिष्ठित ब्राह्मण भएकाले उनीहरू पनि त्यस भेगमा इज्जतदार व्यक्तित्वका रूपमा परिचित थिए ।[३१] उनका हजुरबुवा धनञ्जय लामो समय सरकारी सेवामा रहेका कारण उनमा प्रभुत्व र हैकमवादी नीति देखिन्थ्यो । उनका बाबु भानुभक्त धनजञ्यका एक मात्र सुपुत्र भएकाले उनमा पनि आर्थिक समस्या ठूलो रूपमा परेन । त्यसबखत खेतीपाती र पशुचौपाया पालेर नै आर्यआर्जन गरेको बुझिन्छ ।[३२]

श्रीकृष्ण पछिका धनञ्जय र भानुभक्तले आफ्नो जीवन चुँदी रम्घाको शिखर कटेरीमा बिताएको पाइन्छ ।[३३] रमानाथ आचार्यका पिता भानुभक्तको विवाह दुईपटक भएको जानकारी पाइन्छ; परन्तु उनको पहिलो विवाह कहाँबाट भएको थियो ? भन्ने स्पष्ट जानकारी पाइँदैन । दोस्रो विवाह भने वि.सं. १८८६ मा तनहुँ जिल्लाकै मानुङ गाउँ (मादीपार) का सम्पन्न ब्राह्मण विद्याधर खनालकी छोरी चन्द्रकला देवीका साथ सुसम्पन्न भएको थियो सम्भवतः प्रथम पत्नी अल्पायुमै मरेका कारण भानुभक्तले दोस्रो विवाह गरेका थिए ।[३४]भानुभक्तको दोस्री श्रीमती चन्द्रकला देवीका कोखबाट रमानाथ आचार्यको जन्म भएको थियो । रमानाथले वि.सं. १९४३ अगाडि रम्घा धर्मशालामै जीवन बिताएको पाइन्छ । आफ्ना दुई छोरा चिरञ्जीवी र वेदशर्माको अकाल मृत्यु भएपछि रमानाथले वि.सं. १९४१ देखि १९४३ सम्म प्रत्येक वर्ष चतुर्मासमा शिखरकटेरमिा देवी भागवत पुराण लगाएका थिए ।[३५]संस्कृतका प्रकाण्ड विद्वान् सगोत्री विश्वनाथ आचार्यलाई पुराण भन्न लगाए बापतमा ४० से पाखो वक्सको रूपमा दान दिएका थिए ।[३६]फागुन महिनामा औलो र डढेलोको समेत भय हुन् लागेका कारणले गर्दा रमानाथले बूढा मावली नाताका भोटु भन्ने ईश्वरीदत्त पण्डितसँग रम्घा गाउँको जग्गा घडेरी मागी धर्मशालाको घर भत्काई त्यही घरको काठपातबाट माथिको घर निर्माण गरी वि.सं.

[३०] व्रतराज आचार्य पूर्ववत्, पृ. ४ ।

[३१] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

[३२] ऐजन ।

[३३] व्रतराज आचार्य, पूर्ववत्, पृ. २९,३० ।

[३४] ऐजन, पृ. १७ ।

[३५] मुक्तिनाथ आचार्य, **आदिकवि भानुभक्त आचार्य खोजपूर्ण जीवनी,** तनहुँ : लेखक स्वयम्, २०४२, पृ. ४ ।

[३६] ऐजन ।

१९४३ सालमा नै माथि रम्घा गाउँस्थित शिखरमै बसोबास गरेको बुझिन्छ । यसरी रमानाथको बसोबास पहिला चुँदीरम्घा धर्मशालामै र पछि रम्घाकै केही माथिल्लो भागको गाउँस्थित शिखरमै बितेको देखिन्छ ।[३७]

मुक्तिनाथ आचार्यले आचार्य परिवारमा आठ खेत अर्थात् आठसय मुरी माटो र त्यही अनुसारको पाखो जग्गा भएको विवरण दिएका छन् तर श्रीकृष्णको पालामा ५६८ मुरी विर्ता खेतमात्र देखिन्छ । बाँकी ३०० मुरी माटो मधुमाया देवी आचार्यानीबाट वि.सं. १९२७ मा रमानाथ, चतुर्भज, गौरीदत्त, देवदत्त र लक्ष्मीनाथले रु. ४४५७/३ मा बयेफार्स्या राजीनामा गरी लिएका हुन् यसरी कोइराले, कैदल, बीसमुरे र साठीमुरे खेतहरू रमानाथसहितका आचार्यहरूले किनेका थिए ।[३८]भानुभक्तका पुत्र रमानाथको जेथा प्रशस्त थियो । खेतीपातीका लागि प्रशस्त जग्गा जमिन भएकाले अर्थिक दृष्टिकोणले हेर्दा यिनको परिवारिक अवस्था सम्पन्न थियो ।

यसरी उच्च ब्राह्मण कुलमा जन्मेका रमानाथ आचार्यको कुल परम्पराका व्यक्तिहरूको नालीवेली खोतल्दा पुर्खाहरू धन सम्पतिद्वारा सम्पन्न, विद्यामा निपुण, धर्मकर्मका अनुयायी हुनुका साथै सुसंस्कृत र राजप्रसादसँग पनि सम्बद्ध रहेको देखिन्छन् । राजनीतिक दृष्टिले गाउँमा रैतीहरू चलाई बसेका विर्तावाला मुखिया देखापर्दछन् । यसर्थ पारिवारिक पृष्ठभूमि अीर्थक हिसावले सम्पन्न उच्च वर्ग र शैक्षिक स्तर पनि उन्नत नै देखिन्छ ।

### २.१.४ बाल्यकाल

केटाकेटीहरू ३-४ वर्षको भएदेखि १३-१४ वर्ष भएसम्मको अवस्था बाल्यावस्था हो ।[३९] बाल्यकाल मानवजीवनको प्रारम्भिक चरण हो । यस उमेरका जुनसुकै बालबालिकाहरू खेलकुद तथा मनोरञ्जनमा रमाउनु नै बालसुलभ आचारण हो । रमानाथ आचार्यको बाल्यकाल आफ्नै जन्मथलो तनहुँको चुँदी रम्घाकै ग्रामीण परिवेशमा बितेको थियो । उनले बाल्यावस्थामा हजुरबुवा, हजुरआमा, बुबा, आमा तथा मामाघरका सदस्यहरूबाट माया ममता

---

३७ ऐजन ।

३८ व्रतराज आचार्य, पूर्ववत्, पृ. ८, ९ ।

३९ उपेन्द्र कार्की, **शिक्षामनोविज्ञान**, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०५४, पृ. ४७-४८ ।

पाएको बुझिन्छ ।[४०] धार्मिक सांस्कृतिक चाड-पर्व, रीतिरिवाज र परम्परा भएको चुँदी रम्घामा ब्राह्मण, क्षेत्रीलगायत अन्य जनजातिसमेत रहेका छन् । रमानाथको बालमस्तिष्कमा त्यसको प्रभाव धेरथोर अवश्य परेको थियो ।[४१] उनले बाल्यकाल विताएको ठाउँको सामाजिक परिवेश पूर्ण सामन्ती प्रवृत्तिको थियो । डन्डीबियो, गोपेलौरी, गिर्रा टाँडेलौरी, ठेलो, लुकामारी आदि उनका बाल्यावस्थाका खेल थिए ।[४२] यसरी आचार्य आफ्ना मातापिताको लालनपालन र कुशल संरक्षणमा हुर्किएका थिए ।

## २.१.५ उपनयन

भानुभक्तबाट ३२ वर्षको उमेरमा जन्मिएका छोरा रमानाथ आचार्यको बाल्यकाल चुँदी रम्घाकै ग्रामीण परिवेशमा वितेको बुझिन्छ ।[४३] रमानाथको हजुरबुवा धनञ्जय आचार्य पाल्पा अड्डामा खरिदार पदमा वहाल रहकै अवस्थामा वि.सं. १९०९ मा दिवङ्गत भएका हुँदा उनले आफू जीवित छँदै अड्डाको हरहिसाव फस्यौट गर्न पाएका थिएनन् । तसर्थ रमानाथका बाबु भानुभक्त बाबु धनञ्जयको हिसाव फर्स्योट नहुँदासम्म कुमारीचोकको नियमअनुसार निगरानीमा परेका थिए ।[४४] भानुभक्त 'छोरा रमानाथको व्रतबन्ध अड्कन गयो' भन्ने बेहोराको विन्ती पत्र हाली कृष्णबहादुरको निगाहले कुमारीचोकको निगरानीबाट छोराको व्रतबन्ध गर्न छुटेका थिए ।[४५] काठमाडौं कुमारीचोकबाट फर्केपछि भानुभक्तले आफ्ना छोरा रमानाथ आचार्यको व्रतबन्ध संस्कार वि.सं. १९११ साल फागुन महिनामा ८ वर्षको उमेरमा चुँदीरम्घास्थित आफ्नै घरमा सम्पन्न गरिदिएका थिए ।[४६] यसरी रमानाथको उपनयन बाबु कुमारीचोकबाट छुटेपछि भएको पाइन्छ ।

---

[४०] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

[४१] हरिनाथ आचार्यबाट प्राप्त जानकारी

[४२] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

[४३] व्रतराज आचार्य, पूर्ववत्, पृ. २० ।

[४४] ऐजन्, पृ. २१, २२ ।

[४५] ऐजन्, पृ. २२ ।

[४६] ऐजन्, ।

### २.१.६ शिक्षा-दीक्षा

तत्कालिन नेपाली ग्रामीण जीवनमा रहेका नेपालीहरूका तुलनामा रमानाथ आचार्यका पूर्वजहरू शिक्षित थिए । आफ्ना सन्तानलाई शिक्षित बनाउनुपर्छ भन्ने चेतना उनीहरूमा थियो । रमानाथ आचार्यका समयमा सरकारी वा संस्थागत पाठशालाहरू अहिले जस्तो यत्रतत्र थिएनन् । त्यसकारण रमानाथले बाल्यावस्थामा औपचारिक शिक्षण संस्थामा अध्ययन गर्न पाएनन् । त्यस समयमा गुरुका घरमा वा आफ्नो घरमा रहेर अध्ययन गर्नुपर्दथ्यो । रमानाथको पिता भानुभक्त आचार्यले उनलाई शिक्षा-दीक्षा आफैले दिएका थिए ।[४७] यो कुरा भानुभक्तले काठमाडौं महाबौद्ध स्थित आफ्नै घरबाट चुँदी रम्घामा बसेका रमानाथलाई वि.सं. १९१५ मा लेखेको पत्रमा 'उप्रान्त पढ्दैनस भन्दा सुन्दछु मेरा कढा परि जति उम्लन्छस् याहाँबाट म क्या गरु ....' आदि भनी लेखेबाट थाहा पाउन सकिन्छ ।[४८] भानुभक्तले रमानाथलाई रुद्री, वेद, अमरकोष कौमुदी आदि ग्रन्थहरू पनि आफैले पढाएका थिए ।[४९] भानुभक्त छोरालाई आफ्ना अदबमा राखी पढाउँथे भन्ने कुराको प्रमाण उनको वि.सं. १९१५ को एक पत्रबाट ज्ञात हुन्छ । उक्त पत्रमा उनले लेखका छन् -'अघि पह्रयाको पनि बिर्सिस कि आउँछ ... आजसम्म कति पढ्रिस ञाहासम्म पाठ पुऱ्यायाको छु भनी लेषि पठा ... ताहाँ पढ्दैन भन्या मानिस साथलाई मंसिर भित्र ञाहा पढाइदे' आदि ।[५०] भानुभक्तले रमानाथलाई लेखेको पत्रमा कुटपिटको प्रसंग पनि देखिएकाले उनको पढाइमा रुचि नभएजस्तो बुझिन्छ । यो पत्रको बेहोरा हेर्दा रमानाथ १०-१२ वर्षका हुँदा लेखिएको अनुमान गर्न सकिन्छ ।[५१] रमानाथ आचार्यले पिता भानुभक्तबाट पूर्णरूपले शिक्षा र तालिम प्राप्त गर्ने अवसर प्राप्त गरेका थिए ।[५२]रमानाथको शिक्षा साधरण संस्कृत र नेपाली थियो ।[५३] यसरी रमानाथ आचार्यले पिता भानुभक्तको प्रत्यक्ष प्रेरणाबाट

---

[४७] ऐजन्, पृ. २० ।

[४८] ऐजन्, ।

[४९] ऐजन्, पृ. २२ ।

[५०] ऐजन ।

[५१] ऐजन, पृ. १०२ ।

[५२] मुक्तिनाथ आचार्य, पूर्ववत् पृ. ९५ ।

[५३] तीर्थराज आचार्य र अन्य (सम्पा.) **भानु सं. मा.वि. स्वर्ण जयन्ती स्मारिका**, काठमाडौं: स्वर्ण ज.सं. स. २०५१, पृ.७७ ।

उत्प्रेरित भएर अनौपचारिक रूपमा स्वअध्ययनमार्फत आफ्नो ज्ञानको भण्डार बढाउने काममा क्रियाशील भएको पाइन्छ ।

### २.१.७ भाइ तथा बहिनी

रमानाथ आचार्यको एक भाइ र एक बहिनी थिए । उनको बहिनीको नाम लक्ष्मी थियो । उनको विवाह गोरखा पालुङटारका विच्छेनाथ देवकोटासँग भएको थियो ।[५४] रमानाथ जन्मेको १० वर्षपछि वि.सं. १९१३ मा उनको भाइ शिवशङ्करको जन्म भएको थियो । रमानाथको बाबु भानुभक्तले वि.सं. १९१९ को पत्रमा पनि भाइलाई पढ्ाउँदै रह्यास् भनी उल्लेख गरेको पाइन्छ ।[५५] शिवशङ्कर १४ वर्षको कलिलै उमेरमा दिवङ्गत भएका हुँदा यिनका कुनै सन्तान छैनन । समयक्रम विचार गर्दा भानुभक्तको मृत्युपर्यन्त यिनी जीवितै देखिन्छन् ।[५६] शिवशङ्करको विवाह गण्डकी अञ्चल, तनहुँ जिल्ला नावुङ भन्ने ठाउँमा सुवेदी थरकी कन्यासँग भएको र उनी पछिसम्म पनि जीवितै रहेको जानकारी प्राप्त हुन्छ ।[५७]

### २.१.८ विवाह तथा पारिवारिक जीवन

सात साल अघिसम्मको समाज परम्परागत अन्धविश्वासमा जेलिएको थियो । छोराछोरीहरूको विवाह छिट्टै गर्नुपर्छ, छिप्पिएपछि विवाह गर्न गाह्रो हुन्छ, बाबु आमाको इज्जत जान्छ भन्ने मान्यता थियो । त्यही अन्धविश्वासको परिस्थितिमा रमानाथ आचार्यको प्रथम विवाह ९ वर्षको कलिलो उमेरमा गण्डकी अञ्चल, स्याङ्जा जिल्ला, ज्याम्दी खोला भन्ने ठाउँमा बालकुमारीसँग र द्वितीय विवाह ११ वर्षको उमेरमा तनहुँ जिल्ला चिसापानी भन्ने ठाउँमा खनाल परिवारकी रमाकान्ता देवीसँग हिन्दूवैदिक विधिपूर्वक सम्पन्न भएको थियो । यसैगरी रमानाथको तेस्रो विवाह १३ वर्षको उमेरमा गण्डकी अञ्चल, तनहुँ जिल्ला, सुखौरा

---

[५४] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

[५५] व्रतराज आचार्य, पूर्ववत्, पृ. २३ ।

[५६] ऐजन ।

[५७] शम्पा उपाध्यायबाट प्राप्त जानकारी ।

भन्ने ठाउँमा भट्टराई परिवारकी रमाप्रियसँग भएको थियो । तीन विवाह गरेका आचार्यको तेस्रो विवाह किन गरियो त्यति स्पष्ट खुल्दैन ।[५८]

रमानाथको जेठी श्रीमती बालकुमारी पट्टि कुनै सन्तान भएनन् तर उनको माहिली श्रीमती रमाकान्ता देवीको कोखबाट ४ छोरा र ३ छोरी गरी सात सन्तानको जन्म भएको थियो । छोराहरूमा चिरन्जीवी, वेदभक्त, देवीभक्त र दुर्गाभक्त एवम् छोरीहरूमा विष्णुमाया, इन्द्रमाया र कौशल्या थिए ।[५९] रमाकान्ता देवी ८९ वर्षको उमेरसम्म जीवित रहेको जानकारी पाइन्छ ।[६०] उनको कान्छी श्रीमती रमाप्रियका कोखबाट एक छोरा शिवभक्त र दुई छोरी अन्नपूर्णा र जमुना गरी तीन सन्तानको जन्म भएको थियो । यसरी उनका पाँच छोराहरू र पाँच छोरीहरू गरी १० सन्तान रहेको जानकारी प्राप्त हुन्छ ।[६१]

रमानाथका जेष्ठ सुपुत्र चिरन्जीवी अल्पायुमा वितेका थिए भने माहिला सुपुत्र वेदभक्त निःसन्तान थिए ।[६२] उनका साहिला सुपुत्र देवीभक्त गाउँमा खरदारका रूपमा परिचित थिए । उनी विर्तावालासमेत भएकाले गाउँमा ठूलाघरेसमेत भनिन्थे । देवीभक्तले दुई विवाह गरेका थिए । उनको जेठी श्रीमती दिव्यलक्ष्मी र कान्छी श्रीमती दिव्यालोका थिए ।[६३]उनका ६ सन्तानमध्ये बद्रीनाथ, सूर्यनाथ र विश्वनाथ हाल दिवङ्गत भइसेकका छन् । भने साहिला छोरा मुक्तिनाथ र कान्छा छोरा हरिनाथ तथा छोरी चन्द्रकला जीवित छन् ।[६४] रमानाथ आचार्यले कान्छी श्रीमती रमाप्रियको कोखबाट जन्मिएका कान्छा छोरा शिवभक्तलाई बढी मनपराउँथे भन्ने कुरा उनको व्यवहारबाट बुझिन्छ । यसैकारण उनले मर्नुभन्दा पाँच मिनेट अगाडि चिता

---

[५८] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

[५९] ऐजन ।

[६०] ऐजन पृ. ४ ।

[६१] ऐजन ।

[६२] व्रतराज आचार्य, पूर्ववत् पृ. १२३ ।

[६३] भवानीशङ्कर भट्टराई, **मुक्तिनाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, ने.के.वि., अप्र. शो, २०६० पृ. ११ ।

[६४] हरिनाथ आचार्यबाट प्राप्त जानकारी ।

बनाइदेऊ भनेर चिता बनाउन लगाएर कान्छा छोरा शिवभक्तलाई ३० मुरी माटो मसिनो लाग्ने जीउनु खेत तिमीलाई दिएँ भनेर गण्डकीको पानी समातेर सङ्कल्प गरिदिएका थिए ।[६५]

रमानाथ आचार्यको जेठी सुपुत्री विष्णुमायाको जन्म वि.सं. १९३८ असोज ६ गते शुक्रबार भएको थियो ।[६६] उनको विवाह लमजुङ् जिल्ला दुराडाडा निवासी कालीदास अधिकारीसँग हिन्दू-वैदिक विधिपूर्वक सम्पन्न भएको थियो ।[६७] उनी अलौकिक स्वभावकी थिइन् । बाल्याअवस्थादेखि नै साधु सेवामा तत्पर हुने अहोरात्र ईश्वरको भजनमा रहने, लाभ हानीको वास्ता नगर्ने, सरल हृदय, सुशीला विनम्र हुनाले आचार्यले अत्यन्त प्यारो गरेर रातदिन ज्ञानोपदेश दिन्थे । उनले आफ्ना जीबा भानुभक्त र पिता रमानाथका कृतिहरूलाई सङ्कलन गरी प्रकाशमा ल्याएकी छन् ।[६८] आचार्यको माहिली छोरी इन्द्रमायाको विवाह गण्डकी अञ्चल, तनहुँ जिल्ला, उपल्लो चुँदी कुसुमपानी निवासी गुर्जु कृष्णविनोद पौडेलसँग, साहिली छोरी अन्नपूर्णाको विवाह कास्की जिल्ला अर्घौ निवासी मोहनसँग, काहिली छोरी जमुनाको विवाह तनहुँ जिल्ला राङरुङ्ग निवासी सुवेदी थरसँग र कान्छी छोरी कौशल्याको विवाह लमजुङ जिल्ला चिसंकु निवासी रामचन्द्र घिमिरेसँग सम्पन्न भएको थियो ।[६९]

९ वर्षको बाल्यावस्थामा नै वैवाहिक जीवनमा आबद्ध आचार्यले ५६ वर्ष दाम्पत्य जीवन व्यतित गरेको देखिन्छ । अग्ला, हृष्ट पुष्ट शरीर, गौर वर्णका यिनी तीन विवाह गरेको कारणले पनि व्यावहारिक सुखबाट वञ्चित उदासीन विक्षिप्त जस्ता देखिन्थे ।[७०] उनमा सौतेनी व्यवहारको झमेलाले वृद्ध अवस्थामा सन्काहा प्रवृत्ति बढेको जानकारी पाइन्छ । आचार्यको माहिली श्रीमती रमाकान्ता देवी गोरो छाला भएकी अत्यन्तै राम्री, स्नेहमयी, देवीजस्ती, शान्त र मितभाषिणी थिइन् । आचार्यले घरको काममा त्यति वास्ता नगरे पनि उनले घरको सम्पूर्ण जिम्मेवारी सम्हालेर बसेकी थिइन् । उनी आफ्नो पतिको ठूलो सेवा

---

[६५] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

[६६] विष्णुमाया, 'परिचय' **भानुभक्त मणिमाला**, काशीः सम्पादकीय स्वयम्, १९९८ ।

[६७] शम्पा उपाध्यायबाट प्राप्त जानकारी ।

[६८] विष्णुमाया, पूर्ववत् ।

[६९] शम्पा उपाध्यायबाट प्राप्त जानकारी ।

[७०] तीर्थराज आचार्य र अन्य (सम्पा.) पूर्ववत् ।

गर्थिन उनको खानपिनमा विशेष ध्यान दिनुको साथै सन्तान र घरव्यवहारमा निकै ध्यान पुऱ्याउँथिन । यी दुवै पति पत्नीको बीचमा पारस्परिक सहयोगको भावना प्रवल नभएपनि पत्नीको नारी सुलभ गुणले गर्दा केही हदसम्म दाम्पत्य जीवन सफल रहेको बुझिन्छ ।[७१] आचार्य हक कुरामा नहट्ने कडा स्वभावका व्यक्ति थिए । गाउँको नेतृत्व गर्ने सक्ने क्षमता उनमा हुँदा समाजसँग मेलमिलाप गरेर बसेका थिए तर पत्नीहरूका कारण घरायसी खिचातानीले गर्दा उन्मत्त देखिन्थे ।

[७१] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

## २.१.९ साहित्यिक प्रेरणा र प्रभाव

साहित्य सृजनाका क्रममा कुनै पनि व्यक्तिलाई परिवेश र वातावरणले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । रमानाथका पिता भानुभक्त आचार्य नेपाली भाषा साहित्यका आदिकवि हुन् । उनले नेपाली भाषामा प्रशस्त फुटकर कविता, खण्डकाव्य स्तरका काव्यकृति र रामायण जस्तो उत्कृष्ट काव्य कृति रचना गरी नेपाली साहित्यलाई अद्वितीय योगदान गरेका छन् ।[७२] रमानाथ आचार्यले घरमा पिता भानुभक्त आचार्यको साहित्यिक वातावरणमा हुर्कने मौका पाए । पारिवारिक रूपमा बाबुका सृजनशीलताबाटै आचार्य कविता सृजनातर्फ आकर्षित भएका हुन् । संस्कृतका विभिन्न साहित्यिक, पौराणिक कृतिहरूको अध्ययनको प्रेरणा र प्रभाव यिनको लेख रचनामा परेको देखिन्छ । उनको मनोरचनामा बाबुका आस्तिक आदर्शवादी विचार एवम् आर्य संस्कृतिको संस्कारको प्रभावको साहित्यिक अभिव्यक्ति भेटिन्छ ।[७३] भानुभक्तको तुलनामा माध्यमिक कालका कवि रमानाथ आचार्यको प्रतिभा त्यति प्रस्फुटन हुन् नसके पनि आफ्नो योगदान भने पुऱ्याएकै हुन् ।[७४] वि.सं.१९४८ सालमा रमानाथ आचार्यको माध्यमिक कालको उत्कृष्ट कवि मोतीराम भट्टसँग प्रत्यक्ष भेट भएको थियो । भट्टको प्रेरणा र प्रोत्साहनद्वारा अभिप्रेरित भई रमानाथले फुटकर श्लोकहरू रचेको पाइन्छ ।[७५] भानुभक्तको छोरा हुनाले रमानाथमा कविता रचना गर्ने संस्कार थियो ।[७६] आदिकवि भानुभक्त आचार्यकै प्रभाव र प्रेरणाद्वारा उनले कविता रचना गरेका थिए ।[७७]

---

[७२] लक्ष्मीप्रसाद सुवेदी, **आदिकवि भानुभक्तको जीवनी र कृतित्व,** ने.के.वि. अप्र.शो. २०५६ पृ. ९८ ।

[७३] सम्बद्ध कृतिको अध्ययनबाट प्राप्त जानकारी ।

[७४] डिल्लीराम मिश्र, **नेपाल अधिराज्यमा तनहूँ,** (दो.सं.) काठमाडौः शर्मिला मिश्र, २०५७, पृ. १७८ ।

[७५] ऐजन, पृ. १८० ।

[७६] मुक्तिनाथ आचार्य, पूर्ववत् पृ. ९५ ।

[७७] घटराज भट्टराई, **नेपाली लेखक कोश,** काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६, पृ. ५२० ।

## २.१.१० व्यक्तिगत रुचि तथा स्वभाव

कुनै पनि व्यक्तित्व निर्माणमा उसको रुचिले पनि अहम् भूमिका खेलको हुन्छ । प्रत्येक व्यक्तिका आ-आफ्नै रुचि र स्वभाव हुन्छन् । सबै व्यक्तिका आ-आफ्नै सबै रुचि अनुसार जीवन सहज रूपमा अगाडि बढ्न सकेको हुँदैन । आफ्ना इच्छा आकाङ्क्षालाई सङ्कुचित गर्न पनि परिस्थितिले बाध्य पारेको हुन्सक्छ । रमानाथ आचार्यको रुचि तथा स्वभाव विविध रहेको बुझिन्छ ।

ग्रामीण परिवेशमा जन्मिएर हुर्केका आचार्यमा धार्मिक आस्था, स्वाध्ययनमा रमाउनु एवम् सामाजिक कार्यतर्फ अग्रसर हुनु नै मुख्य रुचि क्षेत्र भएको पाइन्छ । आचार्यमा अध्ययनशील व्यक्तित्व रहेको थियो । उनी सधैँ अरू विशेष केही काम नगरी श्रीमद्भागवतको पुस्तक हेरेर बस्ने गर्थे ।[७८]बाबुको प्रत्यक्ष प्रेरणा र प्रभावबाट उनमा अध्ययनशील स्वभाव देखिएको पाइन्छ । आचार्य दाल, भात, साग अचारयुक्त नेपाली खानाका साथै मासु बढी मन पराउँथे तापनि उनको खानपिनमा छुट्टै अभिरुचि र विशेषता थियो । उनले एक कचौरा घिउ आफ्ना बाबुले जस्तै खानासँग दैनिक खान्थे ।[७९] उनका लागि एक माना दूध छुट्टै भाँडामा बाक्लो हुने गरी तताइदिनुपर्दथ्यो । उनले विशेष खुराक दिएर भैँसी रेखदेख गर्थे र उनले पालेको भैँसीले बिहान, दिउँसो, बेलुका तीन साँझ प्रशस्त दूध दिन्थ्यो । त्यसैले उनले आफ्नो खानामा दूध र घिउको विशेष अपेक्षा राख्नु स्वभाविक थियो । उनमा भैँसी पाल्ने सोख तीव्र थियो । उनले भैँसीलाई बारीमा मकै पाकेपछि मकैको सिङ्गो खोया नै खुवाइदिने गर्थे ।[८०]उनले कोदो पाक्न थालेपछि अरू छिमेकीहरूसँग तेरो कोदो कति पाथी हुन्छ भनी सोधेर कोदोको बाला काटेर ल्याई भैँसीलाई खुवाउने गर्दथे । उनले कोदो ल्याएबापत उनीहरूलाई एक मुरी धान दिन्थे । अरूको भरमा नपर्ने आचार्य भैँसीको खानपिनमा निकै उत्सुक रहन्थे । उनी भैँसीलाई छोराछोरी जत्तिकै माया गर्दथे ।[८१]

---

[७८] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

[७९] तीर्थराज आचार्य, र अन्य (सम्पा.) , पूर्ववत्, पृ. ७७ ।

[८०] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

[८१] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

रमानाथ आचार्यले मौसमअनुसारका तरकारी र फलफूलमा झुकाव राख्थे तापनि उनले तरकारीमा विशेष गरेर चिचिन्डो मनपराउँथे । उनले चिचिन्डोलाई बुढी औंलाभन्दा ठूलो हुन् दिदैनथे, सानैमा टिपेर दुई फ्याक पारी घिउमा भुटेर खाने गर्थे ।[८२] फलफूलमा उखु खान उनी खुब मनपराउँथे ।[८३]उनको एउटा अनौठो स्वभाव थियो मासु देखेपछि खसी कति पटक छिनेको हो थाहा पाउँथे । उनी अत्यन्तै मासु मन पराउने हुँदा जहाँ खसी काटे पनि उनलाई मासु लैदिन पर्दथ्यो तर उनले एकैपटक मार हान्दा छिनेको खसीको मात्र मासु खान्थे । पहिलो-पहिला मासु खाने स्वभाव भए पनि पछि उनले क्रमशः छोड्दै गएको जानकारी पाइन्छ ।[८४]

रमानाथ आचार्यमा खेलकुदप्रति रुचि भएको पाइन्छ । खेलहरूमध्ये ठेलो हान्ने खेलमा, ढाडे खेलमा सबैलाई उनले जित्दथे । उनी बलको काममा जितारु थिए ।[८५] आफै जानकीदत्त साथी लिएर ठेलो फाल्ने खेलको प्रतियोगिता भइरहेका बेला शिवरात्रीको दिनमा उनी संयोगवश लमजुङको करपुटार पुगेका रहेछन् खेलाडीलाई पुरस्कृत गर्नुपूर्व उनले ठेलो फाल्दा पहिलो भएको व्यक्तिले भन्दा पाँच हात पर पुऱ्याइदिएछन् । अग्ला, हुष्ट पुष्ट शरीर भएका आचार्यले उचालेको ठेलो देख्दा अरू दर्शकहरू छक्क परेका थिए । उनलाई पुरस्कृत गर्ने सिलसिलामा नैनसुतको फेटा गुन्थाउन लाग्दा उनी नमानेर त्यहीको मान्छेलाई आचार्यले गुन्थाइदिएको जानकारी पाइन्छ ।[८६] चालिसे कान्लोमा आएर दिनभरी घाम ताप्ने र घाम अस्ताएपछि चुँदी खोलाको तीरमा घन्टौं बसेर सन्ध्या गर्ने उनको स्वभाव थियो ।[८७] यिनी उन्मत्त जस्तो सिद्धज्ञानी आत्माराम देखिन्छन् ।[८८] आचार्य बिस्कुन सुकाएको केही आएर खाए

---

[८२] ऐजन ।

[८३] ऐजन ।

[८४] ऐजन ।

[८५] तीर्थराज आचार्य र अन्य (सम्पा.), पूर्ववत् ।

[८६] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

[८७] ऐजन ।

[८८] तीर्थराज आचार्य र अन्य (सम्पा.) पूर्ववत् ।

पनि वास्ता गर्दैन्थ्यो ।[८९]बाबुको सिकोगरी कविता लेख्ने जमर्को गरेका आचार्यमा पत्नीहरूमा कारण घरायसी खिचातानीले गर्दा एकसुरे प्रवृत्ति बढ्दै गएको थियो । आचार्य उदारवादी, यथार्थवादी र अध्यात्मवादी मानिस भए पनि जीवनको उत्तरार्धमा उन्मत्त जस्ता देखिन्थे ।

## २.१.११ पारिवारिक वियोगावस्था

मानिसमात्र होइन पृथ्वीका हेरक जीवले मृत्युवरण गरी जन्मेका हुन्छन् । ढिलो वा चाँडो एकपटक सबैले आफ्नो पार्थिव शरीरलाई छाड्नैपर्छ तर मृत्यु संसारको सर्वव्यापी नियम भए पनि यसले व्यक्तिको जीवनमा गम्भीर चिन्ता र शोक उत्पन्न गराइदिन्छ । रमानाथ आचार्यले आफ्नो ६६ वर्षे जीवनयात्रामा आफ्ना परिवारका धेरै सदस्यहरूसँगको विछोडको पीडा खप्नुपरेको थियो । वि.सं. १९०९ मा उनलाई प्राणसरी प्यार गर्ने हजुरबुवा धनञ्जय आचार्यको काशी मणिकर्णिकाका ब्रह्मनालमा देहावसान हुँदा भानुभक्तले त्यहीबाट रमानाथका नाममा घरमा पत्र लेखेको जानकारी पाइन्छ ।[९०] यसै घटनाबाट रमानाथ ज्यादै दु:खी भएका थिए । एक जना भाइ तथा एउटा बहिनी मध्येका जेठा रमानाथ आचार्यले भाइसँगको विछोडको पीडा सानै उमेरमा भेल्नुपरेको थियो । भातृवियोगको यस पीडाले रमानाथको हृदय निकै दु:खी भएको थियो ।[९१] उनले वि.सं. १९२५ साल आश्विन ७ गते शुक्ल पञ्चमीका दिन मर्स्याङ्दी नदीको तीर जलाश्रयमा पिता भानुभक्त आचार्यको देहावसानको दु:खद घटना पनि सहनुपरेको थियो ।[९२] यी घटनाहरूबाट उनी ज्यादै दु:खी एवम् विचलित पनि हुनुपुगेका थिए । बाबुको मृत्युपछि गर्नुपर्ने जति काजक्रिया बाबुको हैसियत अनुसार रमानाथले वडा पितृभक्तिका साथ गरे ।[९३] पिता परलोक हुँदा रमानाथ २२ वर्ष भइसकेको देखिन्छ ।[९४]बाबुको मृत्युपश्चात् पनि बाबुका रचनाहरू सुरक्षित गरेर राख्ने काम रमानाथले गरेका थिए ।[९५]

---

[८९] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

[९०] व्रतराज आचार्य, पूर्ववत् पृ. २१ ।

[९१] ऐजन, पृ.२३ ।

[९२] ऐजन ।

[९३] नरनाथ आचार्य, **कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवन चरित्र**, काठमाडौँ : कविराज पण्डित नरनाथ आचार्य , २०१७, पृ. १०४ । ।

[९४] ऐजन पृ. ४८ ।

[९५] ऐजन पृ.१०४ ।

### २.१.१२ देहावसान

रमानाथलाई आफ्नो मृत्युको पूर्वसूचना केही दिन अघि प्राप्त भएको थियो । फलस्वरूप उनले आफ्नो देहान्त हुने केही दिन अघि नै म यही पौष शुक्ल प्रतिपदा तिथिमा शरीर त्याग गर्दछु, मलाई कालीगण्डकीमा पुऱ्याइदेओ भनेर आफ्ना पुत्र परिवारहरूसँग भनेअनुसार रम्घाबाट पैदल हिडेर जाँदा दुई दिन लाग्ने पहाडको कठिन बाटो भए तापनि केही नजिकका भाइबन्धु एवम् आफ्ना पुत्र परिवारहरूसमेतले डोलीमा बोकाएर गड्गडी भन्ने प्रसिद्ध तीर्थघाट मानिएको कालीगण्डकिको समीपमा पुऱ्याएका थिए ।[९६]आचार्यले आफूले भने अनुसार नै वि.सं. १९६९ सालको पौष शुक्ल प्रतिपदाको तिथिमा सबैलाई खानाखान लगाई आफूले गाईको दुधपान गरी घाँटीसम्म जलासयमा डुबी “हरेराम” गर्दै[९७] सबै स्त्री पुत्र परिवार एवम् भाइ बन्धुहरूको बीच स्थूल देहलाई परित्याग गरिदिएका थिए । सत्यवादी ज्ञानी महापुरुषहरूको इच्छामरण हुन्छ भन्ने शास्त्रसज्जनको सत्य भनाई रमानाथ आचार्यको इच्छामरणले पनि प्रमाणित गरिदिएको छ ।[९८] रमानाथ परलोक हुँदा उनका जेठा छोरा दवीभक्त २२ वर्षका थिए ।[९९]

---

[९६] आचार्य, मुक्तिनाथ, पूर्ववत् पृ. १०३ ।

[९७] तीर्थराज आचार्य र अन्य (सम्पा.), पूर्ववत् ।

[९८] मुक्तिनाथ आचार्य, पूर्ववत् ।

[९९] नरनाथ आचार्य, पूर्ववत् पृ. ४९ ।

### २.१.१३ जीवनदर्शन

संसारमा हरेक मानिसका आ-आफ्ना जीवनदृष्टि रहेका हुन्छन् । आफूले जिउने जीवनमा जे जस्ता अनुभव संगालिएका हुन्छन् र जीवनलाई यस्तै बनाउने भन्ने परिकल्पना गरिएको हुन्छ, सोही अनुसारको मार्गदर्शनलाई नै जीवनदर्शन भनिन्छ । आचार्यको जीवनदर्शन पूर्वीय चिन्तन परम्पराबाट प्रभावित थियो । उनी आत्मज्ञान विना जीवन असफल हुन्छ भन्ने ठान्थे । आत्मज्ञान प्राप्त गर्न सक्नु सबैको आत्मलाई चिन्न सक्नु नै जीवनको सर्वोत्कृष्ट उपलब्धि हो भन्ने उनको आदर्श थियो ।[१००] उनमा शास्त्रमा श्रद्धा र ईश्वरमा विश्वास थियो । सांसारिक मोह र प्रपञ्चमा जेलिएर रहँदा मोक्ष मार्गमा जाने गतिलाई रोक्ने हुँदा मानिसले ब्रह्माको चिन्तन गर्नुपर्छ भन्ने उनको विचार थियो ।[१०१] उनी मूलतः पूर्वीय दर्शनप्रति, आध्यात्मिक चिन्तनप्रति आस्थावान् व्यक्ति थिए तापनि खानु, खेल्नु, रमाउनु, भोगमा लिप्त रहनु जस्ता केही कमजोरी उनमा देखिन्छ ।

समग्रमा केही कमजोरी भए पनि बौद्धिक व्यक्तित्व, सरल जीवन बिताउने आचार्यका जीवन जगत्सम्बन्धी उपर्युक्त धारणा र दृष्टिकोणलाई हेर्दा उनी मूलतः आदर्शवादी व्यक्तिका रूपमा देखा पर्दछन् ।

## २.२ रमानाथ आचार्यको व्यक्तित्व

### २.१.१ पृष्ठभूमि

व्यक्तित्व शब्दले व्यक्तिविशेषको निजीपन वा अरूलाई प्रभावित पार्ने गुण, व्यक्तिविशेषमा निहित विशेषता आदिलाई बुझाउँछ ।[१०२] अरूलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित गुणसँग नै व्यक्तित्वको पहिचान गर्न सकिन्छ । कुनै व्यक्तिको व्यक्तित्व पहिचान गर्दा उसको शारीरिक बनावट तथा उसको बाह्य स्वरूप तथा उसका क्रियाकलाप, बौद्धिक क्षमता आदिका आधारमा पनि शारीरिक व्यक्तित्वको निर्धारण गरिन्छ । यसै गरी व्यक्तिको धर्मप्रतिको आस्था र विश्वासको आधारमा उसको धार्मिक व्यक्तित्वको पहिचान गर्न सकिन्छ । व्यक्तिले समाजमा गरेका क्रियाकलापका आधारमा उसको सामाजिक व्यक्तित्वको निर्धारण गर्न सकिन्छ । व्यक्तिले गरेका अध्ययन, सङ्घर्ष आदिका आधारमा पनि उसको

---

[१००] सम्बद्ध कृतिको अध्ययनबाट प्राप्त जानकारी ।

[१०१] ऐजन ।

[१०२] पोखरेल, बालकृष्ण र अन्य (सम्पा). **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ: ने.रा.प्रं.प्र. २०४०, पृ. १२४५ ।

व्यक्तित्वको पहिचान गर्न सकिन्छ । व्यक्तित्व निर्माणमा व्यक्तिको सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनैतिक पृष्ठभूमिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त शिक्षा-दीक्षा, रुचि, साथ-सङ्गत र जीवनजगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । यसरी मानिसको व्यक्तित्व ऊ स्वयम्ले भोगेको र अन्तर्विकास गर्दै आएको जीवन र यसका क्रिया-प्रतिक्रियासँग सम्बन्धित हुन्छन् ।

आदिकवि भानुभक्त आचार्यका प्रथम सन्ततिका रूपमा जन्म हुनु रमानाथ आचार्यको व्यक्तित्व निर्माणको प्रमुख आधार हो भने आचार्य परिवारको शैक्षिक एवम् धार्मिक वातावरण विद्वान्हरूसँगको साहचर्य, सांस्कृतिक एवम् पौराणिक ग्रन्थहरूको अध्ययन आदिले उनको व्यक्तित्व निर्माण गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याएका छन् । यी विभिन्न पृष्ठभूमिबाट निर्मित उनको व्यक्तित्वलाई शारीरिक व्यक्तित्व, सामाजिक व्यक्तित्व, धार्मिक व्यक्तित्व र कवि व्यक्तित्वका रूपमा विभाजन गरेर हेर्न सकिन्छ ।

### २.२.२ शारीरिक व्यक्तित्व

व्यक्तिको उचाइ, मोटाइ, आकार-प्रकार शीलस्वभाव, खानपिन आचरण व्यवहार आदि शारीरिक व्यक्तित्वअन्तर्गत पर्दछन् । रमानाथको छायाँचित्र (फोटो) सर्वप्रथम विष्णुमायाले प्रकाशन गरेकी थिइन् । उक्त चित्र हेर्दा उनी शारीरिक रूपमा ह्रष्टपुष्ट, सफा कालो कपाल, चौडा शरीर, गँहुगोरो वर्ण, हसिलो अनुहार, मझौला कद, चम्किला एवम् तेजस्वी आँखा, निश्चल, स्वाभिमानी तथा सरल देखिन्छन् । साधरण किसिमको भेषभूषा मनपराउने आचार्यले पोशाकमा दौरा सुरुवाल लगाएको देखिन्छ । घाँटीमा रुद्राक्षको माला लगाएका आचार्य अध्यात्मवादी एवम् निर्मल हृदय भएका उदारवादी व्यक्तित्व देखिन्छन् ।[१०३] उनको खानपिनमा छुट्टै अभिरुचि र विशेषता थियो । एक कचौरा घिउ उनले दैनिक खानासँग खान्थे । ग्रामीण परिवेशमा जन्मिएका आचार्यले दैनिक रूपमा भैंसीको स्याहार सुसार आफै गर्ने गर्थे । बलको काममा उनी जितारु थिए ।[१०४] घमण्डी स्वभाव रमानाथमा कत्तिको थियो भन्ने कुरा वि.सं. १९१५ साल मङ्सीरमा काठमाडौंबाट भानुभक्तले रमानाथलाई सचेत बनाएर लेखेको पत्रबाट

---

१०३ विष्णुमाया, पूर्ववत् ।

१०४ तीर्थराज आचार्य, र अन्य (सम्पा.), पूर्ववत् ।

स्पष्ट हुन्छ उक्त पत्रमा उनले लेखका छन्- उप्रान्त पढ्दैनन् भन्दा सुन्दछु मेरो कंढा परि जति उम्लन्छस् याहाँबाट म क्या गरु ...।[१०५] आदि भनेबाट उनको यदाकदा घमण्डी स्वभावको परिचय पनि मिल्दछ । उनी उन्मत्त जस्तो सिद्धज्ञानी, आत्माराम देखिन्छन् ।

### २.२.३ सामाजिक व्यक्तित्व

समाजसँग सम्बन्धित भएर रहेको कुनै पनि व्यक्तिको व्यक्तित्व सामाजिक व्यक्तित्व हो । आचार्य आधिकारिक रूपमा समाजसेवीका रूपमा परिचित नभए पनि सामाजिक कार्यका लागि सधैँ अग्रसर हुने सामाजिक भावनाले ओतप्रोत भएका व्यक्तित्व हुन् । 'हितोपदेश' उनको कृतिमा उपदेशात्मक नीतिवर्धक काव्यसाधनाले उनलाई सामाजिक अभिव्यक्ति दिनसक्ने अनुमोदन प्राप्त गरेको मानिन्छ । वि.सं. १९४८ सालमा तनहुँमा उत्पन्न भोकमरी वर्णन कवितामा समसामयिक अभिव्यक्ति प्रस्तुत गरेर उनले समयको प्रतिनिधित्व गरेका छन् ।[१०६]फुटकर श्लोकले रमानाथलाई सामाजिक अभिव्यक्ति प्रस्तुतकर्ताको रूपमा स्थापित गरेको छ ।[१०७]रमानाथले राज्य नाशवान छ इन्साफ गर्दा विवेक पुऱ्याएर नगरेपछि दुःख पाइन्छ भन्दै शासकलाई उपदेश दिन समेत पछाडि परेका छैनन ।[१०८] उनी सामाजिक चेतना भएका कवि थिए । उनमा सामाजिक नेतृत्व लिनसक्ने क्षमता थियो । उनले लेखेका कृति तथा फुटकर कविताहरू तत्कालीन समाज अनुकूल थिए ।[१०९]यसरी उनले आफ्नो साहित्यिक रचनाका माध्यमबाट समाजमा नैतिक सन्देश दिएका छन् ।

### २.२.४ धार्मिक व्यक्तित्व

रमानाथ आचार्यको पुर्खादेखि नै आस्तिक परिवार देखिन्छ । पूजा-पाठ र तीर्थव्रत गर्ने चलन आचार्यका बाबुबाजेका पालादेखि उनको समयसम्म चलेको देखिन्छ । हिन्दू संस्कारको पूर्ण पालना गर्ने घरायसी परम्पराको प्रभाव आचार्यमा पनि परेको कुरा बाबुसँग घुम्न जाँदा

---

[१०५] व्रतराज आचार्य, पूर्ववत् पृ. १०२ ।

[१०६] डिल्लीराम मिश्र, पूर्ववत्, पृ. १७९ ।

[१०७] ऐजन ।

[१०८] ऐजन ।

[१०९] ऐजन, पृ. १८० ।

सोती ब्राह्मणकै घरमा धोती फेरेर खाना खाएबाट बुझिन्छ ।[११०] उनी आफ्ना पूर्वजहरूले झैँ बिहान नुवाएर भगवान्को पाठ पूजा गरेर मात्र खाने गर्थे त्यसरी नै उनी बेलुका पनि आरती पूजा गरेर खाना खान्थे । उनले जीवनको उत्तरार्धमा घरमा देवीभागवत पुराण भन्न लगाएको र संस्कृतका प्रकाण्ड विद्वान् सगोत्री विश्वनाथ आचार्यलाई चालिसे पाखो बक्सको रूपमा दान दिएको सन्दर्भले उनमा धार्मिक व्यक्तित्व रहेछ भन्ने कुराको जानकारी मिल्छ । आचार्य विशेष तीर्थाटन एवम् सत्सङ्ग आदिको सन्दर्भमा काशीमा गएका बखत वैराग्य बोध कवितामा पुण्य नगरी काशी र विश्वनाथ आदि देवदेवीहरूको महिमा एवम् नेपालको राजधानी काठमाडौँमा गएका बखतमा पनि नेपाल उपत्यकाको भूमिको पवित्रता देखाई बनाएका कविताबाट उनी धार्मिक व्यक्तित्व हुन् भन्ने बुझिन्छ ।[१११] वि.सं. १९४३ सालको कार्तिक महिनामा उनले चौताराको प्रतिष्ठा गरेबाट पनि धार्मिक व्यक्तित्व हुन् भन्ने बुझिन्छ ।[११२] भ्रमणको सिलसिलामा उनी काठमाडौँ र काशी गएको घटनाले धार्मिक तीर्थस्थलहरू घुम्न र दर्शन गर्न खुब मनपराउँथे भन्ने बुझिन्छ । आफ्नो अध्ययन संस्कृत भएकाले उनले हिन्दू अध्यात्मदर्शन, श्रीमद्भागवतको पर्याप्त अध्ययन गरेका थिए । हिन्दू धर्म परम्परामा हुर्के-बढेका आचार्यका प्रकाशित कृतिले पनि उनी धार्मिक व्यक्तित्व हुन् भन्ने कुराको पुष्टि गर्दछन् । उनको जीवनको अन्त्य पनि गडगडी भन्ने प्रसिद्ध तीर्थघाट मानिएको कालीगण्डकीमा इच्छामरण भएबाट उनी सनातन धर्मप्रति आस्था राख्दथे भन्ने देखिन्छ ।

### २.२.५ कवि व्यक्तित्व

रमानाथ आचार्यको साहित्य सृजनाको गोरेटो कविता विधा हो । वंशानुगत साहित्यिक संस्कारबाट नै आफू साहित्यिक व्यक्तित्व बन्न सफल भएका आचार्य साहित्यिक वातावरणबाट हुर्कँदै आफ्नो कवि व्यक्तित्वलाई हुर्काएको बढाएको देखिन्छ । उनी नेपाली साहित्यको माध्यमिक कालमा देखापर्ने तनहुँका प्रतिभाका रूपमा सुपरिचित छन्

---

[११०] नरनाथ आचार्य, पूर्ववत् पृ. ३५ ।

[१११] सम्बद्ध कृतिको अध्ययनबाट प्राप्त जानकारी ।

[११२] मुक्तिनाथ आचार्यबाट प्राप्त जानकारी ।

।[११३]साहित्यका विविध विधाहरूमध्ये कविता विधामा कलम चलाएका आचार्यको प्रकाशित कविता 'हितोपदेश' हो । उनको कृति सङ्ख्यात्मक दृष्टिले एउटै र सानो भए पनि गुणात्मक दृष्टिले महत्त्वपूर्ण देखिन्छ । यस कृतिका माध्यमबाट उनले नेपाली साहित्यमा समृद्ध बनाउन सहयोग पुऱ्याएका छन् । उनले लेखेको कृति तथा फुटकर श्लोकहरू तत्कालीन समाज अनुकूल थिए । यसरी फुटकर श्लोक र कविता कृतिका माध्यमबाट आचार्य नेपाली साहित्यका सफल कवि व्यक्तित्वका रूपमा स्थापित हुन् पुगेका छन् र कवि व्यक्तित्व नै उनको केन्द्रीय व्यक्तित्व बन्न पुग्यो ।

---

११३ डिल्लीराम मिश्र, पूर्ववत् पृ. १७८ ।

## तेस्रो परिच्छेद

## रमानाथ आचार्यको काव्यकृतिको अध्ययन

### ३.१ पृष्ठभूमि

साहित्यका अन्य विधाहरू जस्तै कविता विधाका पनि केही निजी उपकरणहरू रहेका हुन्छन् । ती उपकरणहरू अङ्गीकार गर्ने आधारभूत कथ्य सामग्रीको उपादान र भाषिक संरचनात्मक कौशल एवम् तिनका भावात्मक र रूपात्मक प्रतिफलनसमेत कवितामा अपेक्षित नै रहन्छन् ।[११४] साहित्यलाई पूर्ण रूपाकृति प्रदान गर्न केही आवश्यक संरचक तत्त्वहरू हुन्छन् । यिनै संरचक तत्त्व वा घटकबाट कविता । काव्यको निर्माण हुन्छ । पूर्वमा कल्पना, भावना, विवेक/बुद्धि, कविको भावजगत्, ह्रास-परिहास तथा चमत्कार आदिलाई काव्यको आन्तरिक तत्व र रीति, गुण, औचित्य वा शब्दालङ्कार आदिलाई काव्यको बाह्य तत्त्व मानिएको छ । पश्चिममा विषयवस्तु, संरचना, बिम्ब-प्रतीक, अलङ्कार, छन्द, लय, अनुप्रास, शब्दयोजना वाक्यविन्यास, भाषाशैली आदिलाई काव्यका तत्त्व मानिएको पाइन्छ । यसै आधारमा कविता /काव्य संरचनाका लागि विषयवस्तु, भावविधान, लय तथा छन्दविधान, भाषाशैली बिम्ब-प्रतीक, अलङ्कारविधान, शीर्षक, संरचनाजस्ता घटकहरू आवश्यक पर्दछन् । फुटकर कविता र काव्यमा यिनै तत्त्वहरूले समानता देखिए पनि काव्यमा भाव समग्रता आउने गर्दछ भने फुटकर कवितामा सूक्ष्म भावको प्रयोग हुन्छ साथै फुटकर कविताभन्दा काव्यको आयाम लामो हुन्छ । यसै आधारमा रमानाथको प्रकाशित कृति 'हितोपदेश' शीर्षकअन्तर्गत 'हितोपदेश', 'आत्मज्ञान' र 'वैराग्य बोध' तीन कविताहरू रहेका छन् । यी कविताहरूमध्ये आयामका दृष्टिले हितोपदेश लघुकाव्यअन्तर्गत पर्दछ भने अरू रचना फुटकर कविताअन्तर्गत पर्दछन् ।

---

[११४] वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता भाग ४**, ललितपुरः साझा प्र., २०६०, पृ. १६ ।

## ३.२ 'हितोपदेश' लघुकाव्यको अध्ययन

### ३.२.१ लेखन र प्रकाशन

रमानाथ आचार्यद्वारा लिखित/रचित 'हितोपदेश' लघुकाव्यको लेखन समय निश्चित रूपमा किटान गरिएको पाइँदैन । उनको यो कृति सन् १९२७ मा 'मालिक पुस्तककालय'द्वारा प्रकाशित हितचिन्तक प्रेस रामघाट काशीमा छापिएको हो । यस पुस्तकको आरम्भमा कुनै लेखकको नाम उल्लेख छैन । यस सङ्ग्रहको तेस्रो कविता 'वैराग्य बोध'को पन्ध्रौं श्लोकको तेस्रो पाउमा "छोरा हुँ म त भानुभक्त, कविको नाम हो रमानाथ भनी भन्ने उल्लेख छ । यस पाउका आधारमा यस सङ्ग्रहका काव्य कविता रमानाथ आचार्यले लेखेका हुन् भन्ने पुष्टि हुन्छ । यस काव्यकृतिको भूमिका पनि कसैले लेखेका छैनन् ।

### ३.२.२ शीर्षक

शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक सङ्केत वा उद्घाटकसमेत हुनुपर्ने हुन्छ ।[११५]यसले समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ । प्रस्तुत 'हितोपदेश' शीर्षकको लघुकाव्यअन्तर्गत तीन उपशीर्षक मध्ये पहिलो उपशीर्षक 'हितोपदेश' लघुकाव्य बाहिरी कवितासङ्ग्रहको नामकरणसँग मेल खान्छ । उक्त काव्यमा शीर्षक र केन्द्रीय कथ्यका बीच भित्री सङ्गति रहेको छ । यस शीर्षक 'हितोपदेश' हितकोलागि उपदेश सम्प्रदान तत्पुरुष समासबाट बनेको देखिन्छ । सबै जनताको भलो चाहने हेतुले प्रस्तुत लघुकाव्य हितोपदेश नैतिक एवम् उपदेशमूलक देखिन्छ ।

### ३.२.३ कथावस्तुको स्रोत

प्राथमिक र माध्यमिक कालका कवि-लेखकहरूले कथावस्तुको स्रोत कुनै न कुनै रूपमा धर्मशास्त्र, नीतिशास्त्र आदि प्राचीन संस्कृत वाङ्मयका ग्रन्थहरूबाट ग्रहण गरेका छन् । प्राथमिक कालका केन्द्रीय प्रतिभा भानुभक्तले आफ्नो 'रामायण' लाई अध्यात्मरामायणको उपजीव्य (स्रोत) बनाएका थिए भने माध्यमिक कालमा देखापर्ने उनकै पुत्र रमानाथले

---

[११५] ऐजन पृ. १८ ।

'हितोपदेश' लघुकाव्यको रचना गर्दा संस्कृतको 'हितोपदेश' ग्रन्थलाई उपजीव्य बनाएका छन् । संस्कृत 'हितोपदेश' को पनि उपजीव्यग्रन्थ संस्कृतकै 'पञ्चतन्त्र' हो । विष्णुशर्माले राजपुत्रहरूलाई ६ महिनामा शिक्षित बनाउनका लागि 'पञ्चतन्त्र' को रचना गरेका थिए । त्यही पञ्चतन्त्रको सार खिचेर 'हितोपदेश' ग्रन्थको रचना गरिएको हो ।[११६]यही हितोपदेश ग्रन्थको सार लिएर रमानाथ आचार्यले 'हितोपदेश' लघुकाव्य लेखका हुन् ।

### ३.२.४ वस्तु-विन्यास

कुनै पनि रचनामा क्रमिक रूपमा व्यवस्थित गरिएको कथावस्तुलाई 'वस्तुविन्यास' भनिन्छ । यस लघुकाव्यमा कविले सर्वप्रथम गणेशको वन्दनासहित मङ्गलाचरण गरी ज्ञानी र गुणी हुने वरदानको अपेक्षा राखेका छन् । उनले विद्यालाई सबैभन्दा ठूलो सम्पत्ति मान्दै विद्याको महिमा कवितामा गाएका छन् । पञ्चतन्त्र आदि अनेक ग्रन्थको सार झिकेर नेपालीमा 'हितोपदेश'को रचना गरेको भनी उनले बताएका छन् । यसैसन्दर्भमा पटनामा रहेका राजा सुदर्शनले एक दिन काव्य पढेको सुनेर विद्या नै ठूलो सम्पत्ति रहेछ भन्ने बुझ्दछन्, पढ्ने र नपढ्ने व्यक्तिहरूका गुण र दोषको तुलना गर्दै उनी आफ्ना छोराहरूलाई पढाउनुपर्ने रहेछ भन्ने निष्कर्षमा पुग्छन्, राजसभामा गएर उनले विद्वान्सँग आफ्ना छोराहरूलाई धर्मशास्त्र र राजनीतिको सबै ज्ञान दिलाइदिन अनुरोध गर्छन् । शिवशर्माले राजाको इच्छाअनुसार युवराजहरूलाई धर्मशास्त्र र राजनीतिको सम्पूर्ण शिक्षा प्रदान गरेर ६ महिनामा शिक्षित बनाइदिन्छन् राजा वृद्ध भएकाले शिक्षित युवराजले राज्य चलाउँछन् र आफ्ना प्रजालाई नीतिपूर्वकको न्याय दिएर खुसी तुल्याउँछन् यस लघुकाव्यको वस्तुविन्यास यसरी नै भएको छ ।

[११६] विश्वनाथ शर्मा, (सम्पा.) **हितोपदेशे मित्रलाम**, दिल्ली: मोतीलाभ बनारसीदास, ई., १९८६, पृ. २ ।

### ३.२.५ विषयवस्तु र भावविधान

रमानाथ आचार्य नेपाली कविताका क्षेत्रमा विविध विषयवस्तुलाई लिएर कविता रचना गर्ने कवि हुन् । उनको 'हितोपदेश' लघुकाव्यमा नैतिक उपदेश, पूर्वजन्म, भाग्य, पुरुषार्थसम्बन्धी विषयवस्तु समेटिएको छ । तिनलाई निम्नानुसारका फरक-फरक विषयवस्तुका क्षेत्रभित्र राखी अध्ययन गर्न सकिन्छ ।

#### (क) नैतिक उपदेश

कवि रमानाथ आचार्य नैतिक उपदेशलाई मुख्य सारवस्तु बनाएर कविता रचना गर्ने कवि हुन् । उनले 'हितोपदेश' लघुकाव्यमा नैतिक उपदेशका माध्यमबाट मानिसलाई असल, आदर्शवादी, कर्तव्यवान्, विद्वान् र अनुशासित बन्न अर्ती दिइएको पाइन्छ । मानिसले जीवनमा लिनै पर्ने कुरा विद्या हो; विद्याको प्राप्ति भएपछि जीवन सफल हुन्छ र भविष्यको फल प्राप्त गर्ने सर्वोत्कृष्ट चीज नै विद्या हो भनी नैतिक उपदेशका माध्यमबाट उनले दान, दया क्षमा, धैर्य र गुण पाँचवटा कुरा पनि आर्जन गर्न सकिन्छ भनेका छन् । विद्या नहुने हो भने यी गुणहरू आर्जन गर्न नसकिने र सबै धर्म नष्ट हुने भनेर सबैले आ-आफ्नो जन्म सफल बनाउन प्रयत्न गर्नुपर्दछ अर्थात् शास्त्र ज्ञान लिनै पर्छ भनी कविले निर्देशित गरेका छन् । यस लघुकाव्यमा पञ्चजनहरूलाई विहान ईश्वरको स्मरण गर्न, चतुरो हुन् र सधैं सत्सङ्गत बुझेर ज्ञान-गुन सिक्ने अम्मल लिन निर्देश गरिएको छ । त्यस्तै नीतिशास्त्रको उपदेश दिँदै जसरी काँचो माटोको भाँडामा कोरिएका रेखादि चित्रहरू भाँडो फुटे पनि रहिरहन्छ र नष्ट हुँदैन त्यसरी नै कथा कहानीहरूका माध्यमले बालककहरूको कोमल हृदयमा प्रदान गरिएको नीति विद्या पनि सधैं स्थिर रहन्छ भनिएको छ । यसको उदाहरण तल प्रस्तुत छ :

*जस्तैनौमटियाविषे जल भरी वीसुद्धनास्तीरती ।*

*तस्तैवालक मातशास्त् पढने ऊप्राणिजन्हो अती ॥*

*बालक्मामिहिनेत् गरीयदि पढयो भुलदैन फेरीरती ।*

*तेस् कारण कुलमाजनंलि सबलेलीनूसदा योमती ॥७॥*

विद्याको महत्त्व दर्शाएर चोर, राजा र रिसले पनि विद्यालाई हरण गर्न सक्दैनन् । धनको प्रयोजन ठूलो भए पनि विद्या नै सर्वश्रेष्ठ सम्पत्ति हो । विद्याको महिमा विश्वमा नै सर्वोत्कृष्ट छ । मानिसमा ठूलो उपकार दिने चीज नै विद्या हो । विद्याको महिमा दर्शाएको उनको एउटा पद्य तल प्रस्तुत छः

*विद्यासंग्रह गर्नु धर्म धनको गर्नू उपार्जन् अती ।*

*सव भन्दा धनको प्रयोजनठुलो विद्या ठुलो संपती ॥*

*चोर्ले चोरि नसक्नु फेरि नृपले रिस्ले न हर्नूरती ।*

*तेस् कारण् नरमा वडो जयदिन्या विद्या ठुलो धन्अती ॥४॥*

कवि रमानाथ आचार्यले नैतिक उपदेशका माध्यमबाट विद्याको महत्त्व दर्शाएर कुलमा जन्म लिएपछि एउटा असल पुत्रले एकाग्र भई पढेर ज्ञानी बन्नुपर्दछ भन्ने प्रेरणा दिएका छन् । त्यसैले उनको नैतिक उपदेशलाई आर्दशवादभित्र राख्न सकिन्छ ।

**(ख) पूर्वजन्म, भाग्य र पुरुषार्थ**

यस लघुकाव्यमा आयु, कर्म, धन, विद्या र मृत्यु पूर्वजन्मको फलअनुसार प्राप्त हुन्छन् भनिएको छ । आफ्नो कर्मअनुसार साना-ठूला सबैले भाग्यमा लेखिएको मात्र प्राप्त गर्दछन् । भावीको वसले गर्दा शिवजी विष्णुलाई पनि बेलाबेलामा आपक्ति परेको उदाहरण तल प्रस्तुत छ :

*आयूकर्म्मरशास्त्र मृत्यु धन सव् हुन्ईपुनस्का गती ।*

*जन्मैकर्मबुझेर जत्ति विधिले लेख्या ललाट्माउती ॥*

*भोग् गर्नु सवले अवश्य छ उई सानाठुलाभूपती ।*

*भावीकैवसलेन रुद्रहरिलाइ आपत्ति पर्थ्यो अती ॥१९॥*

यस लघुकाव्यमा भाग्यमा निर्भर रही आलस्य त्यागेर पुरुषार्थतर्फ उन्मुख हुनुपर्दछ भनिएको छ । आफ्नो काम गर्नु नै धर्म हो । कुनै पनि काममा अल्छी गर्नुहुँदैन । काम नगर्नेले भाग्य पनि प्राप्त गर्दैन र धन पनि देख्न पाउँदैन । रथको एक पाङ्ग्राको गति असम्भव भए

झैँ पुरुषार्थ नगरे भाग्य र लक्ष्मी पनि प्राप्त हुन्नन् भन्ने कुरा तलको उदाहरणबाट प्रस्तुत गरिएको छ ।

*उद्योग् गर्नु स्वधर्म थामि नरले अल्छीनगर्नू कती ।*

*उद्योग्क्यैनगरेरभाग्य नहुन्या लक्ष्मीनदेख्न्या रती ।*

*रथ्काचक्र दुईनभैतनहुन्या एक्चक्रको क्या गती ।*

*तेस्तै धर्मकमाइ उद्यमगरोस् बढछिन् तिलक्ष्मी अती ॥२०॥*

आलस्य त्यागेर पुरुषार्थ गर्दा गर्दै वा उद्योग व्यवसाय गर्दा गर्दै पनि विद्या र धन आदि प्राप्त गर्न नसकिएमा त्यसलाई दोष दिन मिल्दैन यो पूर्वजन्मकै फलले गर्दा भएको हो । कुमालले एउटै चक्रमा अनेक भाँडाहरू बनाए झैँ कर्मअनुसार नै विधाताले पनि आ-आफ्नै भाग्य लेखिदिएका हुन्छन् । कर्मअनुसार नै फल पाइन्छ भन्ने कुरा कविले काव्यमा दर्शाएका छन् । यसको उदाहरण तल प्रस्तुत छ :

*विद्या धन् इ दुवै भयेन जसलाई उद्योगलेएक् रती ।*

*तेस्ला इदोस्रतिछैनबुझ्नु नरलेसबहुन् पुनस्का गती ॥*

*कूमाल्का यकचक्रमात जसरी भांडा अनेक् वन्दछन् ।*

*तस्तै कर्मकमाइको फलजउन् सोही विधीलेख्तछन् ॥२१॥*

अचार्यले 'हितोपदेश' लघुकाव्यमा विभिन्न दृष्टान्तहरू दिएर पूर्वजन्म, भाग्य र पुरुषार्थसम्बन्धी सरल विश्लेषण गरेका छन् ।

### ३.२.६ संरचना र लयविधान

'हितोपदेश' लघुकाव्य बाह्य संरचनाका दृष्टिले लघु काव्यको आकारको रहेको छ । १० पेजमा विस्तारित यस लघुकाव्यमा विविध विषयवस्तु समेटिएका छन् । आयामका दृष्टिले यस लघुकाव्य २७ श्लोकसम्म फैलिएको र १४४ हरफमा विस्तारित हुन् पुगेको छ । एउटै अनुच्छेद योजनामा आबद्ध रहेर पनि कविता पङ्क्ति योजनामा स्पष्ट रूपमा आबद्ध नभई

श्लोक सङ्ख्याको क्रम ४ वटा पङ्क्ति योजनालाई बुझाउने गरी दिइएको छ तर ४ वटा हरफमा मात्र सीमित नरही ५ वा ६ हरफमा पनि एउटा श्लोक सङ्ख्या फैलिएको देखिन्छ ।

आन्तरिक संरचनाका दृष्टिले प्रस्तुत लघुकाव्य कविप्रौढोक्ति कथनपद्धतिमा आधारित छ । यस लघुकाव्यमा समानुपातिक आयाम विस्तार छैन । उनका लघुकाव्यमा भावको पुनरावृत्ति र स्वतन्त्र साहचर्यात्मक बुनोटसमेत रहेको पाइन्छ ।

लय भनेको स्वरको आरोह-अवरोहको विशेष क्रम हो ।[११७] यो भावनात्मक, काव्यात्मक तरङ्ग हो । यो विशेषतः प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ । यस कविताको आधारग्रन्थ 'हितोपदेश' कथामुखमा विशेषतः अनुष्टुप छन्दको प्रयोग भए पनि यसको लयविधान शार्दूलविक्रीडित नामक वर्णमात्रिक छन्दमा आधारित छ । १९ अक्षर हुने यस छन्दमा क्रमश : म (SSS), स (IIS), ज (ISI), स (IIS), त (SSI), त (SSI) गण र अन्तिम वर्ण गुरु (S) रहेको पाइन्छ । प्रत्येक पाउको बाह्रौँ एवम् उन्नाइसौँ अक्षरमा यति वा विश्राम हुन्छ । तल एउटा नमुना प्रस्तुत छ :

*सिद्धी नायक गौरिका सुतमहां लागोस भक्तीसदा*
*S S S I I S  I S I  I I S  S S I  S S I  S (हितोपदेश १)*

यस लघुकाव्यको छन्द मिलाउने क्रममा ह्रस्व, दीर्घ तथा हलन्त, अजन्तले बाधा पुऱ्याएको छ । साथै पदयोग, पदवियोग, य/ए को स्वतन्त्र रुपमा प्रयोग भएको छ ।

### ३.२.७ भाषाशैली

भाषा भावभिव्यक्तिको माध्यम हो भने शैली भावभिव्यक्तिको पद्धति हो । भाषाका माध्यमबाट गरिने अभिव्यक्तिको प्रकार नै भाषाशैली हो । भाषाशैलीकै माध्यमबाट कविताले मूर्त रूप प्राप्त गर्दछ ।[११८] 'हितोपदेश' लघुकाव्यमा पद्यात्मक भाषाशैलीको प्रयोग भएको छ । अनुभूतिलाई काव्यात्मकता प्रदान गर्ने क्रममा संस्कृत स्रोतका कठिन शब्दहरू पनि प्रशस्तै छन् तर अर्थ र भाव र लय कुनैमा वाधा पुऱ्याएको भने छैन । विशेष गरी यो कविता नेपाली जनजीवनसँग सम्बन्धित भएको हुँदा शब्दमा र वाक्यमा त्यस्तै परिवेश छ । यस कवितामा

---

[११७] बालकृष्ण पोखेल र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ : ने.रा.प्र.प्र., २०४०, पृ. ११६८ ।

[११८] खगेन्द्रप्रसाद लुइटेल र अन्य, **नेपाली कविता**, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०५४, पृ.८ ।

एक ठाउँमा अन्त्यानुप्रासयोजना भङ्‍ग हुन् नदिन 'भया' (९:२) लाई 'भयो' बनाइएको छ । तीन ठाउँमा स्वरवर्ण इकारको हलन्त प्रयोग गरिएको छ- 'हरिलाइ' (१९.४), 'जसलाइ' (२१.१) र 'तेसलाइ' (२१.२) । तीन ठाउँमै हलन्त शब्दलाई अजन्त बनाइएको छ- 'लागोस' ( १.१), 'वढोस' (५.४) र 'पढोस' (१५.३) । अन्त्य लोप र मध्य स्वरागम गरी 'धर्म' र 'जन्म' शब्दलाई क्रमशः 'धरम्' (१३.२, २७.३) र 'जनम्' (१८.४) का रूपमा प्रयोग गरिएको छ । 'कृपा', 'ज्ञान' र प्रजा शब्दको शब्दको प्रयोग 'क्रीपा' (२.१), 'ग्यान' (२.१, ३.३) र 'पर्जा' ( २७.४) का रूपमा भएको छ । शब्दको आदिमा रहेको यकारका ठाउँमा जकार आदेश हुने प्राकृत भाषाको नियम अनुसार 'यौवन' र 'युग' लाई 'जोवन' (११.१) र 'जुग' (३.३) का रूपमा प्रयोग गएिको छ । 'हवस्', 'सफेद' र 'गएर' भन्ने शब्दलाई भानुभक्तले झैँ 'हवोस्' (२२.४) 'सपेत', (२.३) र 'जाई' (१४.४) बनाइएको छ । वकारका ठाउँमा सम्प्रसारण एकार गरेर गुण सन्धि गरी 'दण्डवत्' शब्दलाई जटिल संरचनाका रूपमा 'दण्डोत्' (१.४) प्रयोग गरिएको छ । 'यस' (५.४), 'वस' (१३.१) र 'वंस' (१४.३) मा शकारको प्रयोग गरिनुपर्नेमा सकारको प्रयोगले जटिल बनाइदिएको छ । 'येकङ्कार' (३.४), 'नौमटिया' (७.१), 'पुनस्' (१०.२), अनभोग् (१२.२) जस्ता केही शब्दहरूले भर्खरै नीतिज्ञान गर्न इच्छुक बालकहरूलाई अप्ठ्यारामा पारिदिने अवस्था छ । यस बाहेक अन्य शब्दहरूको प्रयोग सरल र सहज रूपमा बुझ्न सकिने गरी भएको छ । यस कवितामा भएका उपर्युक्त धेरै शब्दहरू प्राचीन र मध्यकालीन अन्य लेखकका रचनामा समेत देखिएकाले यिनलाई तत्कालीन विशेषताका रूपमा लिन सकिन्छ । यिनले कवितालाई दुर्बोध्य चाहिँ बनाएका छैनन् ।

यस लघुकाव्यमा ह्रस्व र दीर्घ, अजन्त र हलन्त, व/ब र शिरविन्दुहरूको प्रयोगमा त्यति ख्याल नगरी स्वतन्त्र रूपमा प्रयोग गरेको पाइन्छ । जसले गर्दा भाषाशैलीमा वर्णविन्यासगत त्रुटि देखिन्छ ।

### ३.२.८ बिम्ब र प्रतीकयोजना

कुनै कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो ।[११९] हितोपदेश लघुकाव्यमा सामाजिक, सांस्कृतिक, प्राकृतिक विषयवस्तुसँग सम्बन्धित बिम्ब र प्रतीकहरूको प्रयोग गरिएको छ । आचार्यको 'हितोपदेश' लघुकाव्यमा बिम्बको प्रयोग थोरै ठाउँमा मात्र पाइन्छ । जस्तै चन्द्रकला (२.४), मणी (६.४), सुदर्शन (९.२) जस्ता बिम्बहरूहरूका माध्यमबाट कविताले महत्त्वपूर्ण भूमिका खेलेका छन् । यी बिम्बहरूमा विशिष्टता र नवीनता नभए पनि काव्यमा सौन्दर्य थपेका छन् ।

शब्दले दिने सामान्य अर्थभन्दा भिन्न अर्थ बुझाउने वा अभिधाभन्दा व्यञ्जनार्थ प्रस्तुत गर्ने सशक्त र प्रभावकारी माध्यमलाई प्रतीक भनिन्छ ।[१२०]थोरैमा धेरै भन्न तथा विशिष्ट र प्रभावपूर्ण अभिव्यक्ति दिन कवितामा प्रतीकको प्रयोग गरिन्छ ।[१२१] आचार्यको 'हितोपदेश' लघुकाव्यमा हंस र वकुलोलाई (२२.३) मूर्खको प्रतीकको रूपमा प्रयोग गरिएको छ । यसको एउटा नमुना तल प्रस्तुत छ :

*वालख्मान पढाउन्या पितृकनै बैरीसरीको भनी ।*
*भन्छन् फेर्दश मास गर्भधरन्या माता उ सत्रु भनी ॥*
*जस्तै हंस वथान मात वकुलो साह्रै असोभा हुन्या ।*
*तस्तै मूर्ख अगाडि बोल्नु परदा पण्डित् हरू काहुन्या ॥२२॥*

पण्डित अर्थात् विद्वान्को माझ मूर्ख बोल्दा सभ्य र नम्रतायुक्त सुसंस्कृत भाषा बोल्न नसकेर अपमानित हुन्छ भन्ने कुरा हंस र बकुलो प्रतीकका माध्यमबाट यसमा स्पष्ट पार्न खोजिएको छ ।

---

[११९] वासुदेव त्रिपाठी, र अन्य, पूर्ववत पृ. २० ।

[१२०] खगेन्द्रप्रसाद लुइटेल र अन्य, पूर्ववत् पृ. ७ ।

[१२१] ऐजन ।

### ३.२.९ अलङ्कारविधान

यस लघुकाव्यमा शब्दालङ्कार र अर्थालङ्कारहरूको प्रयोग भएको पाइन्छ । लयलाई सघन बनाउनका लागि अपेक्षित अन्त्यानुप्रासको योजना यस लघुकाव्यमा सर्वत्र मिलेको देखिन्छ । लघुकाव्यमा यसले मिठास ल्याएको छ । तल एउटा नमुना प्रस्तुत छ :

*कुल्मा जन्मशरीर सुन्दर अती होवस् तथापीपनी ।*
*कस्तै गुण् शिल धर्म हुन् शरिरमा कस्तै हवस् त्योधनी ॥*
*कस्तै बुद्धि हवस्चतुर पनिहवस्राज मांन् हवस्तापनी ।*
*विद्याछैन भन्यात भन्छन सवै आधा शरिर्हो भनी ॥१६ ॥*

प्रस्तुत श्लोकको प्रत्येक पाउका अन्त्यमा समान वर्ण ‘नी’ को पुनरावृत्ति भएकोले अन्त्यानुप्रासको सफल प्रयोग भएको पाइन्छ ।

यस लघुकाव्यमा वृत्यनुप्रासको पनि प्रयोग भएको पाइन्छ । तल एउटा नमुना प्रस्तुत छ :

*सारादुर्जन माथि रुद्रसुतले कृीपा गरुन् ग्यानको*
*सज्जन्कोसहवास् सुकार्य सवथोक बुद्धि हवोस् दानको ॥*
*गङ्गाका फिंद झैं सपेत् शरीर मा जोती वढोस् ज्ञानको*
*होवस् चन्द्रकला सरी गुण स्वभाव्पाऊंम बर्दानयो ॥२॥*

यसमा सारा, सुत, सज्जन, सहवास, सुकार्य, सव, हवोस, सपेत, बढोस, सरी जस्ता शब्दमा एक वर्ण स्.को अनेकबार पुनरावृत्ति भएको छ ।

शब्दालङ्कारका साथै कविले यस लघुकाव्यमा अर्थालङ्कारको प्रयोग पनि गरेका छन् । अर्थालङ्कारअन्तर्गत उपमा अलङ्कार झैं (२.३), सरी (२.४) सरी (२२.१), जस्तै (५.१), जस्तै (७.१) प्रयोग भएका छन् । अर्थान्तरव्यास अर्थालङ्कारको प्रयोग ४, ७, १९ मा भएको पाइन्छ । यसको नमुना तल प्रस्तुत छः

*विद्यासंग्रह गर्नु धर्म धनको गर्नू उपार्जन अती ।*

*सव भन्दा धनको प्रयोजनठुलो विद्या ठुलो संपती ॥*

*चोर्ले चोरि नसक्नु फेरि नृपले रिस्ले न हर्नू रती ।*

*तेस् कारण् नरमा वडो जयदिन्या विद्या ठुलो धन्अती ॥४॥*

यसमा विद्या ठूलो सम्पत्ति भन्ने कथनको समर्थन चोरल, राजाले र रिसले पनि हर्न नसक्ने भन्ने कथनले गरेको छ ।

रूपक अर्थालङ्कारको प्रयोग यस लघुकाव्यको २५औँ श्लोकमा गरिएको पाइन्छ । यसको नमुना तल प्रस्तुत छ -

*जस्तैस्वर्णसुवर्णले गरिसवैकञ्चन् भनीभन्दछन् ।*

*तस्तै सङ्गतले हजूर हरूका छोराइकञ्चन् हुनन् ॥*

यसमा छोरा नै कञ्चन हो भन्ने कुरा छोरा उपमेयबाट कञ्चनलाई उपमान मानी अभेद आरोप गरिएको छ । छोरा उपमेयले कञ्चनको रूप लिन्छ । यहाँ कञ्चन उपमान हो ।

यस लघुकाव्यमा विरोध अलङ्कारको प्रयोग १३ औं श्लोकमा गरिएको पाइन्छ । यसको नमुना तल प्रस्तुत छः

*जस्कापुत्रसपूत पण्डितबडा छैनन् कुनै वंसमा ।*

*विद्या ग्यान दयाधरंन भइती पर्छन्सवै कष्टमा ॥*

*छोरा भैकन शास्त्र ज्ञानहिनहोस् अन्धोशरि हों भनी ।*

*जानी ज्ञानिहरूत खुव्मनदिई पढछन् चनाखो वनी ॥१३॥*

वंशमा जसका छोरा भएर पनि असल, पण्डित र ठूला छैनन, विद्या, ज्ञान, दया, धर्म भएन भने सबै कष्टमा पर्छन्, छोरा भएर पनि शास्त्र ज्ञान भएन भने अन्धो जस्तै हो भनेर छोरा कष्टमा पर्ने र अन्धो बन्ने कुरा भनिएकाले यस पङ्क्तिमा गुणसम्बन्धी विरोध परेको छ ।

यस लघुकाव्यमा काव्यलिङ्ग अलङ्कारको प्रयोग १० औँ श्लोकमा गरिएको पाइन्छ । यसको नमुना तल प्रस्तुत छ :

*मन्को सोग्पनिफालने शरिरमाआरोग्य गर्न्या अनी ।*

*पुनस्को फल देखिन्या सबकुरा पर्लोक तार्न्यापनी ॥*

*फेर्जस्काहृदि मातशास्त्रहिनभो ऊ मूर्ख अन्धो पनी*

*राजाले मनमाविचार् गरि लिया विद्यैवडोहो भनी ॥१०॥*

मनमा रहने अनेक प्रकारका शोकलाई शास्त्रले फालिदिएपछि मानिस निरोगी हुन्छ । त्यस्तै पूर्वजन्मको फल देख्न सकिने र भविष्यको फल अर्थात् परलोक तार्न सक्ने पनि शास्त्रज्ञान अर्थात् विद्या नै हो । यहाँ शोक हटाइ निरोगी बन्न र भविष्य उज्यालो पार्नका लागि 'विद्या' नै सर्वोत्कृष्ट हो । यो वाक्य समर्थक हेतु बन्दछ । त्यसैले यो काव्यलिङ्ग अलङ्कार हो ।

यस लघुकाव्यमा दृष्टान्त अलङ्कारको प्रयोग २२ औँ श्लोकमा गरिएको पाइन्छ । यसको नमुना तल प्रस्तुत छ :

*बालख्मान पढाउन्या पितृकनै बैरीसरीको भनी ।*

*भन्छन् फेर्दश मास गर्भधरन्या माता उ सत्रु भनी ॥*

*जस्तै हंस वथान मात वकुलो साह्रै असोभा हुन्या*

*तस्तै मूर्ख अगाडि बोल्नु परदा पण्डित हरू काहुन्या ॥२२॥*

यस पङ्क्तिमा बाल्यावस्थामा शिक्षा नदिने आमाबाबु दुवै शत्रु हुन् भन्ने भनाइलाई हाँसका बथानमा बकुल्लाले शोभा नपाए झैँ पण्डितहरूका अगाडि मूर्ख पुत्रले पनि आदर पाउँदैन भन्ने उदाहरणबाट पुष्टि गरिएको पाइन्छ ।

कविले यस लघुकाव्यमा काव्यिक सौन्दर्यता थप्न शब्दालङ्कारअन्तर्गत वृत्यनुप्रास र अन्त्यानुप्रासको कुशल संयोजन एकातिर गरेका छन् भने अर्कोतर्फ उपमा, अर्थान्तरन्यास, रूपक, विरोध, काव्यलिङ्ग र दृष्टान्त अर्थालङ्कारको प्रयोग गरेको पाइन्छ ।

### ३.२.१० उपजीव्य ग्रन्थसँग तुलनात्मक विश्लेषण

रमानाथको 'हितोपदेश' लघुकाव्य मूलतः संस्कृतको हितोपदेश ग्रन्थमा आधारित छ । संस्कृतको 'हितोपदेश' ग्रन्थ पनि विष्णु शर्माद्वारा लिखित संस्कृतकै 'पञ्चतन्त्र' नामक ग्रन्थको उपजीव्य ग्रन्थ मानिन्छ । पञ्चतन्त्रमा काग, कछुवा, गिद्ध, गोरु, हरिण, मुसा आदिका कथाहरूको माध्यमले स-साना बालबालिकाहलाई सहज रूपमा नीतिको ज्ञान दिएर शिक्षित बनाउने प्रयास गरिएको छ ।[१२२] 'पञ्चतन्त्र' र वृहत्कथा, कामन्दकीयनीतिसार अीद नीतिग्रन्थहरूमा वर्णित विषयवस्तुलाई यथावत रूपमा वा सङ्क्षेपीकरण गरेर 'हितोपदेश' लघुकाव्यको निर्माण गरिएको हो ।[१२३] 'पञ्चतन्त्र'मा मित्रभेद, मित्रसम्प्राप्ति, काकोलूकीय, लब्धप्रकाश र अपरीक्षितकारक गरी पाँच तन्त्र वा खण्ड छन् भने 'हितोपदेश' मा मित्रलाभ, सुहृदभेद, विग्रह र सन्धि गरी चार खण्ड छन् । रमानाथको 'हितोपदेश' लघुकाव्य संस्कृतको 'हितोपदेश' ग्रन्थको मित्रलाभ प्रकरण प्रारम्भ हुनुभन्दा पूर्वको कथामुखमा मात्र केन्द्रित भएको देखिन्छ ।

हितोपदेश-कथामुखमा ४५ श्लोक र स-साना ७ अनुच्छेद छन् भने रमानाथको हितोपदेश लघुकाव्य २७ श्लोकमा संरचित छ । कथामुखको पहिलो श्लोकमा भगवान् शङ्करको मङ्गलाचरण गरिएको छ भने रमानाथको लघुकाव्यमा पहिलो र दोस्रो श्लोकमा शङ्करपुत्र गणेशको मङ्गलाचरण भएको छ । 'गङ्गाको फिँज झैँ भनी कथामुखले शङ्करलाई दिएको विशेषण रमानाथले गणेशको शरीरलाई दिएका छन् । यस बाहेक प्रारम्भिक दुई श्लोकको संरचनामा रमानाथले उपजीव्य ग्रन्थको सहयोग नलिएकाले यी दुवै श्लोकमा उनको मौलिक अस्तित्व भेट्न सकिन्छ ।

कथामुखको दोस्रो श्लोकले 'हितोपदेश' ग्रन्थ पढेपछि विद्यार्थीहरू संस्कृत बोल्न चलाख हुन्छन्, वाक्यरचनामा अद्भूत शैली अपनाउन सक्छन् र नीतिविद्याको समेत शिक्षा प्राप्त गर्न समर्थ हुन्छन् भन्ने जनाइएको छ भने रमानाथको लघुकाव्यले पञ्चजनहरूलाई बिहान ईश्वरको स्मरण गर्नु, चतुरो हुन् र सधैँ सत्सङ्गत बुझेर ज्ञान- गुन सिक्ने अम्मल लिन

[१२२] विश्वनाथ शर्मा, (संम्पा.), पूर्ववत्, पृ. २ ।
[१२३] ऐजन पृ. ४ ।

निर्देश गरेको छ । रमानाथले उपजीव्य दोस्रो श्लोकका आधारमा आफ्नो तेस्रो श्लोकलाई यथासम्भव नेपालीकरण गरेर मौलिक बनाउने प्रयत्न गरेको देखिन्छ ।

धर्मको आचरण गर्दै विद्या एवम् धनको आर्जन गर्नुपर्छ र सबै चीजहरूमध्ये विद्या नै उत्तम धन हो भने कथामुखको तेस्रो र चौथो श्लोकलाई आधार बनाएर रमानाथले आफ्नो लघुकाव्यको चौथौँ श्लोक यस्तो बनाएका छनः

*विद्यासंग्रह गर्नु धर्म धनको गर्नू उपार्जन् अती ।*

*सब भन्दा धनको प्रयोजनठुलो विद्या ठुलो संपती ॥*

*चोर्ले चोरि नसक्नु फेरि नृपले रिस्ले न हर्नू रती ।*

*तेस् कारण् नरमा वडो जयदिन्या विद्या ठुलो धन्अती ॥४॥*

विद्यालाई उत्तम धन मान्नुका कारणमा उनले राजाले र रिसले पनि हर्न नसक्ने भन्ने थपेका छन् । संस्कृतनीतिमा अन्यत्र पाइने 'न च राजहार्यम्'लाई नै आधार बनाएर यहाँ 'राजाले' भन्ने थपेका हुन् भने 'रिसले' शब्द चाहिँ छन्दसंरचनाका सन्दर्भमा पादपूरणका रूपमा प्रयुक्त हुन् आएको हुनुपर्छ ।

विद्याले नै निम्नस्तरको व्यक्तिलाई पनि उच्चस्तरमा पुऱ्याइदिन्छ भने कथामुखको पाँचौ श्लोकलाई आधार बनाएर रमानाथले पाँचौं श्लोकका अघिल्ला दुई पाउको रचना गरेका छन् भने पछिल्ला दुई पाउको संरचना स्वतन्त्र रूपमा यस्तो बनाएका छन् :

*जस्तै तृण् नदिमा पुगेर वगदै पुग्छन्उ गङ्गामहां ।*

*तस्तै कर्मकमाइ का फलितले पुग्नूछ कस्लेकहां ॥*

*लीला वुझ्नसकिन्न दैवगतिको प्रख्यात्छसन्सार्महा ।*

*विद्या यस् धन तिन् वढोस कसरी भन्यालिनूमन्महां ॥५॥*

विद्याले क्रमशः नम्रता, व्यक्तित्व, धन, धर्म र सुख प्रदान गर्दछ भन्ने कथामुखको अत्यन्त प्रसिद्ध छैटौं श्लोकको विषयवस्तुलाई रमानाथको लघुकाव्यले समेट्न सकेको छैन ।

सम्भवतः उनले विद्या, यश र धन बढाउनुपर्छ भनी पाँचौ श्लोकको चौँथो पाउमा जोड दिन खोजेकाले प्रकारान्तरले कथामुखको छैटौं श्लोकको आशयलाई ग्रहण गर्न चाहेको देखिन्छ ।

ज्ञान र यश प्राप्तिका लागि शास्त्रविद्या र शस्त्रविद्या दुवैको शिक्षा लिनु आवश्यक भए पनि वृद्ध अवस्थामा समेत उपहास नगरिने र सबैले सदैव आदर गरिने शास्त्रविद्या नै उत्तम छ भन्ने कुरा कथामुखको सातौं श्लोकले व्यक्त गरेको छ भने रमानाथले आफ्नो लघुकाव्यको छैटौं श्लोकमा त्यसलाई सरलीकृत गरेर यस्तो बनाएका छन्:

*विद्यामा नरले सुयस् कनफिजी फेरी धनुर्वेद् पनी ।*

*जस्ले साध्यगरयो उप्राणिजनको आयू पुरा होस् भनी ॥*

*भन्छन् पढ्न नगर्नु अल्छि गुणिले येक् चित्तमन्मागुनी ।*

*आफू वृद्ध हुदापनी जय दिन्या विद्याजगत्की मणी ॥६॥*

जसरी काँचो माटाको भाँडामा कोरिएका रेखादि चिन्हहरू भाँडो फुटे पनि चिन्हहरू रहिरहन्छन् र नष्ट हुँदैनन् त्यसरी नै कथा-कहानीहरूका माध्यमले बालकहरूको कोमल हृदयमा प्रदान गरिएको नीतिविद्या पनि सधैं स्थिर रहन्छ, त्यसैले नीतिशास्त्रको उपदेश गर्न खोजिएको हो भन्ने कुरा कथामुखको आठौं श्लोकमा व्यक्त भएको छ र यसै आधारमा रमानाथले आफ्नो कविताको सातौं श्लोक बनाएका हुन् ।

*जस्तैनौमटियाविषे जल भरी वीसुद्धनास्तीरती ।*

*तस्तैवालक मातशास्त् पढने उप्राणिजन्हो अती ॥*

*बालक्मामिहिनेत् गरीयदि पढयो भूलदैन फेरीरती ।*

*तेस्कारण कुलमाजंनलि सबलेलीनूसदा योमती ॥७॥*

उनका लघुकाव्यको पहिलो पाउ 'जस्तैनौमटियाविषे जल भरी वीसुद्धनास्तीरती'को सान्दर्भिक अर्थ खुल्दैन तर अन्य तीन पाउ चाहिँ मौलिक र सहज बोधगम्य बनेका छन् । उनले बालककालमै मिहिनेत गरेर पढेका कुरा पछि नभुलिने भएकाले सबैले यसप्रकारको मति लिन निर्देश गरेका छन् ।

कथामुखको नवौँ श्लोकको विषयवस्तु हितोपदेशको संरचना र वर्गीकरणसँग सम्बन्धित छ र त्यसैलाई आधार बनाएर रमानाथले आठौं श्लोक बनाएका हुन् । उनको आठौं श्लोकका अघिल्ला दुई पाउ उपजीव्य ग्रन्थमै आधारित भए पनि पछिल्ला दुई पाउमा उनले सार झिकी नेपाली भाषामा श्लोकबद्ध गरेर सबैलाई पढ्न सजिलो होस् भनेर हितोपदेश बनाइएको हो भनी मौलिक अभिव्यक्ति प्रस्तुत गरेका छन् ।

कथामुखको नवौं श्लोकपछि पढिएको पहिलो अनुच्छेदका आधारमा रमानाथको नवौं श्लोक संरचित छ । उनको लघुकाव्यको विषयवस्तु उपजीव्य ग्रन्थ अनुरूप रहे पनि राजाले 'दुई श्लोक सुने' भन्ने ठाउँमा उनले 'काव्य पढेको सुने' भन्ने उल्लेख गरेका छन् । काव्यै का ठाउँमा उनले 'श्लोकै' पढिदिएको भए पनि छन्दसंरचनामा कुनै बाधा पर्दैनथ्यो र मूल अनुरूप पनि हुन्थ्यो तापनि उनले 'श्लोक सुन्नु'लाई भन्दा 'काव्य पढेको सुन्नु' लाई महत्त्व दिएर 'काव्यै' शब्द उल्लेख गरेका छन् । यस श्लोकको अन्तिम पाउ 'नानाशास्त्र पदार्थसव् बुझि ठुलो विद्या त मन्मा गुन्या' मा उनको मौलिक अस्तित्व भेटिन्छ ।

*अनेकसंशयोच्छेदि परोक्षार्थस्य दर्शकम् ।*

*सर्वस्य लोचनं शास्त्रं यस्य नास्तयन्ध एव सः ॥१०॥*

'हितोपदेश' कथामुखको यस श्लोकको मूल आशयलाई सरल रूपमा विश्लेषण गरेर रमानाथले आफ्नो लघुकाव्य यस्तो बनाइदिए-

*मन्को सोग्पनिफालने शरिरमाआरोग्य गर्‍या अनी ।*

*पुनस्को फल देखिन्या सबकुरा पर्लोक तार्न्यापनी ॥*

*फेर्जस्काहृदि मातशास्त्रहिनभो ऊ मूर्ख अन्धो पनि ।*

*राजाले मनमाविचार् गरि लिया विद्यैवडोहो भनी ॥१०॥*

मनमा रहने अनेक प्रकारका 'संशय'हरूलाई उनले 'शोक' भनेका छन् र त्यो शोक शास्त्रले फालिदिएपछि शरीर पनि स्वस्थ हुन्छ भन्ने उनको विश्लेषण मनोवैज्ञानिक दृष्टिले महत्त्वपूर्ण छ । त्यस्तै 'परोक्षार्थ'लाई उनले भूत अर्थात् पूर्वजन्मको फल देख्न सकिने र

भविष्यको फल अर्थात् परलोक तार्न सक्ने पनि विद्या रहेछ भन्ने जनाउन खोजेका छन् । यस श्लोकको अन्तिम पाउ पादपूरणका रूपमा पुनरूक्ति भएको देखिन्छ ।

युवावस्था, प्रशस्त धन, मालिकपन र अविवेकितामध्ये एउटा मात्र पनि विपत्तिका लागि पर्याप्त हुन्छ भने चार ओटै एकत्र छन् भने ठूलो विपत्ति अपरिहार्य छ भन्ने कथामुखको एघारौँ श्लोकलाई आधार बनाएर रमानाथले आफ्नो लघुकाव्यको एघारौ श्लोकको निर्माण गरेका हुन् । विपत्तिका कारणहरूले मुक्ति दिन सक्तैनन् र शास्त्र चिन्तनतर्फ अग्रसर हुनुपर्छ भन्ने उनको आशय छ । तुलनात्मक रूपमा उपजीव्य भन्दा उनको लघुकाव्य सहज बोधगम्य बनेको छ ।

रमानाथले कथामुखको एघारौं श्लोकपछि पढिएको दोस्रो अनुच्छेदका आधारमा बाह्रौ श्लोक बनाएका छन् । कथामुखमा उपर्युक्त दुई श्लोक सुनेर सधैँ कुमार्गमा हिंड्ने र नपढ्ने छोराहरूको चिन्ताले राजालाई विचलित बनाएको कुरा उल्लेख छ । उनले विद्या नपढे सबै धर्म नष्ट हुने, दया, क्षमा पाँच गुणहरू आर्जन गर्न नसकिने र छोरा मूर्ख भएमा वंश पनि हीन हुनेछ भनेर राजा चिन्तित भएको भन्ने विश्लेषण गरेका छन् ।

कानो आँखाले हेर्न नमिलेर सधैँ दुःखै मात्र पाए झैँ विद्वान् वा धार्मिक हुन् नसक्ने छोराले पनि सधैँ कष्ट नै दिइराख्छ भन्ने कथामुखको बाह्रौ श्लोकको आशयलाई सरलीकरण गरेर रमानाथले आफ्नो लघुकाव्यको निम्नलिखित तेह्रौँ श्लोक बनाएका हुन्:

*जस्कापुत्रसपूत परिाडतबडा छैनन् कुनै वंसमा ।*

*विद्या ग्यान दयाधरंनभइती पर्छन्सवैकष्टमा ॥*

*छोरो भैकन शास्त्र ज्ञानहिनहोस् अन्धोशरिर्हो भनी ।*

*जानी ज्ञानिहरूत खुव्भनदिई पढ्छन् चनाखो बनी ॥१३॥*

'हितोपदेश' कथामुखको तेहौँ श्लोकमा जन्मदै नजन्मेको पुत्र र जन्मेर तत्काल मरेको पुत्रले क्षणिक दुःखी बनाउँछन् भने मूर्खपुत्रले चाहिँ जीवनभर कष्ट दिइरहन्छ भन्ने उल्लेख छ । त्यस्तै कथामुखको चौधौं श्लोकमा मर्ने र जन्मनेक्रम चलिरहने यस संसारमा जन्मेर जसले आफ्नो वंशको उन्नति गर्छ वा आफू प्रसिद्ध हुन्छ त्यही पुत्रको जन्म सफल हुन्छ भनिएको छ । उनले कथामुखको तेह्रौँ श्लोकका आधारमा आफ्नो लघुकाव्यको चौधौं श्लोकका अघिल्ला दुई

पाउ र चौधौं श्लोकलाई आधार बनाएर उनले यस श्लोकका पछिल्ला दुई पाउ रचना गरेका हुन् । यस श्लोकको अन्तिम पाउमा अज्ञानी कुपुत्रहरू कुलैसहित नरकमा पर्ने कुरा उल्लेख भएको हुँदा सबैले आ-आफ्नो जन्म सफल बनाउन प्रयत्न गर्नुपर्छ भन्नेतर्फ कविले निर्देश गर्न खोजेको बुझिन्छ ।

विद्वान्हरूमा जसको राम्रो कीर्ति रहन्छ, त्यही पुत्रको जन्म सफल हुन्छ र त्यस्तो पुत्र जन्माउने आमाको कोखसमेत कहिल्यै बाँझो ठहरिँदैन भन्ने कथामुखको पन्ध्रौ श्लोकको आशयलाई लिएर रमानाथले आफ्नो लघुकाव्यको पन्ध्रौं श्लोकको रचना गरेका छन् । जसको जन्मले देश उज्यालो हुनसक्छ; बन्धु-बान्धवहरूको आशा-भरोसा पूर्ण हुन्सक्छ, विद्याआर्जनले कीर्ति फैलाउन सक्छ, त्यस्तो पुत्र जन्माउने कुल नै भाग्यमानी हुनेछ भनेर उनले उपजीव्य ग्रन्थको आशयलाई सरलीकरण गरी विश्लेषण गरेका छन् -

*जुन्छोरा कुलमाजनं पनि लिदा देशैउज्यालोहवोस् ।*

*भाई बन्धु कुटुम्ब मित्रहरुको आसात पूर्णै हवोस् ॥*

*सखभर् सास्त्र पढोस श्रीहरि कथा सच्चाहिसाब्ले भनोस् ।*

*तेस्ता पुत्र हउन्जउन् कुलमहां ऊभाग्यमानी हवोस्. ॥१५॥*

राम्रो कुलमा जन्मिएर रूप, गुण, शील, धन, बुद्धि, चतुऱ्याइँ, राजकीय सम्मान आदि उपलब्ध भए पनि नपढेको पुत्र आधा शरीर हो भन्ने कुरा व्यक्त गरिएको रमानाथको सोह्रौं श्लोकको संरचनामा 'हितोपदेश' कथामुखको आधार लिइएको देखिँदैन ।

त्यस्तै उनले पञ्चतन्त्र कथामुखको निम्नलिखित पाँचौ श्लोकलाई आफ्नो लघुकाव्यको सत्रौं श्लोकको उपजीव्य बनाएका छन्:

*वरं गर्भस्रावो वरमृतुषु नैवाभिगमनं ।*

*वरं जातः प्रेतो वरमापि च कन्यैव जनिता ॥*

*वरं वन्ध्या भार्या वरमापि च गर्भेषु वसति ।*

*र्न चाविद्वान्रूपद्रविणगुणयुक्तोऽपि तनयः ॥१५॥*

यस श्लोकबाट गर्भ तुहिनु, जन्मेर तत्काल मर्नु, श्रीमती बाँझी हुनु बरु राम्रो छ तर मूर्ख पुत्र हुनु कदापि राम्रो हुदैन भन्ने कथावस्तुलाई मात्र ग्रहण गरेर रमानाथले यस्तो कविता बनाइदिएका हुन्:

*हूनूचाहिकुपुत्रसव्स्त्रि जन को गर्भैतुह्याको निको ।*

*वालक्कालइमा किदैव गतिले मृत्यू भयाको निको ॥*

*तेस्भन्दापनिकोख अस्त्रिजनको वाझैं रह्या कोनिको ।*

*कुल्मा जन्म लियेर मुर्खभय को त्योहुन्न कैल्हैनिको ॥१७॥*

रमानाथले 'हितोपदेश' कथामुखका सोह्रौं सत्रौं र अठारौं श्लोकका विषयवस्तुलाई आफ्नो कवितामा ग्रहण गरेका छैनन् । उनले कथामुखको उन्नाइसौं श्लोकको विषयवस्तुलाई ग्रहण गरेर आफ्नो लघुकाव्यको अठारौं श्लोकको संरचना गरेका छन् । सधैं धनको प्राप्ति, निरोगी शरीर, प्रिय बोल्ने श्रीमती, पितृभक्त पुत्र र अर्थकरी विद्या जसले प्राप्त गर्छ, त्यही सुखी हुन्छ भन्ने कथामुखको विषयवस्तुमा उनले सर्वत्र कीर्ति र विद्या फिँजाउँने पुत्र प्राप्त गर्ने व्यक्तिलाई समेत भाग्यमानी ठहऱ्याएका छन् ।

रमानाथको लघुकाव्यमा 'हितोपदेश' कथामुखका २०, २१, २२, २३ र २४ औं श्लोकका विषयवस्तुहरू प्रत्यक्ष रूपमा आएका छैनन् । उनले कथामुखको पच्चीसौं र छब्बीसौं श्लोकको विषयवस्तुलाई एकत्रित गरेर आफ्नो लघुकाव्यको उन्नाइसौं श्लोकको रचना गरेका छन् । आयु कर्म, धन, विद्या र मृत्यु पूर्वजन्मको फलअनुसार प्राप्त हुन्छन्, आफ्नो कर्मअनुसार साना-ठूला सबैले भाग्यमा लेखिएको मात्र प्राप्त गर्दछन् शङ्कर नङ्गा हुनुपर्ने र विष्णु सर्पको शचयामा सुत्नुपर्ने उदाहरणले भावीको लेखाइलाई अन्याय गर्न नसकिने रहेछ भन्ने सरल विश्लेषण उनको यस लघुकाव्यमा भएको छ ।

'हितोपदेश' कथामुखको सत्ताइसौं श्लोकदेखि चौतीसौं शलोकसम्म भाग्यमा निर्भर नरही आलस्य त्यागेर पुरुषार्थतर्फ उन्मुख हुनुपर्छ भन्ने कुरालाई विभिन्न दृष्टान्तहरू दिएर स्पष्ट गर्न खोजिएको छ । कथामुखका यी आठ श्लोकको आशयलाई सरलीकृत र सङ्क्षेपीकृत रूपमा ग्रहण गरेर रमानाथले आफ्नो लघुकाव्यका बीसौं र एक्काइसौं श्लोक बनाएका छन् ।

रथको एक पाङ्ग्राको मात्र गति असम्भव भए झैँ पुरुषार्थ नगरे भाग्य र लक्ष्मी पनि प्राप्त हुन्नन्, आलस्य त्यागेर पुरुषार्थ गर्दागर्दै पनि विद्या, धन आदि प्राप्त गर्न नसकिएमा त्यसलाई दोष दिन मिल्दैन, त्यो पूर्वजन्मकै फलले गर्दा हुन गएको हो, कुमालेले एउटै चक्रमा अनेक भाँडाहरू बनाए झैँ कर्मअनुसार नै विधाताले पनि भाग्य लेखिदिएका हुन्छन् भन्ने कुरा यी दुवै श्लोकमा व्यक्त गरिएको छ ।

रमानाथले 'हितोपदेश' कथामुखको पैतीसौं श्लोकको आशय छत्तीसौँ श्लोकमै समाहित भएको ठानेर त्यसैका आधारमा आफ्नो लघुकाव्यको बाइसौँ श्लोकको रचना गरेका छन् । हाँसका बथानमा बकुल्लाले शोभा नपाए झैँ पण्डितहरूका अगाडि मूर्ख पुत्रले पनि आदर नपाउने हुँदा बाल्यावस्थामा शिक्षा नदिने आमा-बाबु दुवै शत्रु हुन् भन्ने कुरा 'कथामुख' र रमानाथको 'हितोपदेश' दुवैमा समान रूपमा अभिव्यक्त भएको छ । कथामुखका सैतीसौँ र अठ्तीसौँ श्लोकमा पनि विद्या नपढेको पुत्रले शोभा वा आदर नपाउने कुरा दृष्टान्तहरू दिएर पुष्टि गर्न खोजिएको छ । रमानाथले यी दुवै श्लोकको आशय पनि बाइसौं श्लोकमा नै समेटिएको देखिन्छ ।

रमानाथले 'हितोपदेश' कथामुखको अठतीसौँ श्लोकपछि पढिएको चौँथो अनुच्छेदलाई आधार बनाएर आफ्नो लघुकाव्यमा तेइसौँ र चौबीसौँ श्लोकको संरचना गरेका छन् । आफ्ना मूर्ख छोराहरूलाई नीतिशास्त्रको शिक्षा प्रदान गर्न राजाले अनुरोध गर्ने कुरा कथामुखसँग मिले पनि राजा विहान उठ्ने, धर्मशास्त्र र राजनीतिको शिक्षा दिलाउन अनुरोध गर्ने, गुरुका चरणमा पर्ने र तत्काल छोराहरूलाई बोलाएर शिक्षाप्राप्तिका लागि पहिल्यै गुरुलाई समर्पण गर्ने प्रसङ्गहरू उपजीव्य ग्रन्थको विश्लेषण गर्दा रमानाथका लघुकाव्यमा देखिएका मौलिक पक्षहरू हुन् । उनले कथामुखको उन्तीसौँ श्लोकको चौँथो पाउ "निर्गन्धा इव किंशुकाः" को आशयलाई यहाँ तेइसौं श्लोकको तेस्रो पाउमा "फुल्को वास सुरूपले त नहुन्या पूजा नगर्ने भया" भनेर समधुर ढङ्गले विश्लेषण गरेका छन् ।

जसरी सुनको संसर्गले काँच पनि मणि जस्तै सुशोभित हुन्छ, त्यसरी नै विद्वान्को सङ्गतले मूर्ख पनि बुद्धिमान् हुन्छ भन्ने 'हितोपदेश' कथामुखको उनन्चालीसौं श्लोकका आधारमा रमानाथले आफ्नो लघुकाव्यको पच्चीसौं श्लोकका अघिल्ला दुई पाउको संरचना

गरेका छन् भने पछिल्ला दुई पाउको रचना पादपूरणका लागि स्वतन्त्र रूपमा गरिएको देखिन्छ । महापुरुषको सङ्गत आवश्यक छ भन्ने दृष्टान्त दिने कथामुखको चालीसौं श्लोकको आशय पच्चीसौं श्लोकमा आइसकेको हुँदा यसलाई रमानाथले पुनः उपजीव्य बनाउन नचाहेको बुझिन्छ ।

'हितोपदेश' कथामुखको चालीसौं श्लोकपछिको पाँचौ अनुच्छेदका आधारमा रमानाथले आफ्नो लघुकाव्यको छब्बीसौं श्लोकका अघिल्ला दुई पाउ बनाएका छन् भने पछिल्ला दुई पाउ र सत्ताइसौं श्लोकको संरचना सम्पूर्ण हितोपदेशको शिक्षा प्राप्त गरिसकेको भनेर उनले मौलिक रूपमा रचना गरेको देखिन्छ । कथामुखमा विष्णु शर्माले राजपुत्रलाई नीतिशास्त्रको ज्ञान दिएको कुरा छ भने रमानाथको लघुकाव्यमा शिव शर्माले राजकुमारलाई धर्मशास्त्र र राजनीतिको शिक्षा दिएको भन्ने उल्लेख छ । उपजीव्य ग्रन्थ 'पञ्चतन्त्र' र 'हितोपदेश' दुवैमा गुरुको नाम विष्णु शर्मा नै छ । रमानाथले विष्णु शर्माका ठाउँमा शिव शर्मा उल्लेख गरेका छन् । उनले 'विष्णु' लेख्दा 'वि' को इकार दीर्घ हुने ठानेर "'मास'लाई 'मस' गर्नू तर छन्दोभङ्ग नगर्नू" भन्ने परम्परित शास्त्रीय नियमको पालना गर्नका लागि "शिक्षा श्री शिव शर्मा गर्न भनि झट्ट लाग्या उसैकाल्महाँ" भनेर उल्लेख गरेको हुनुपर्छ । 'हितोपदेश' ग्रन्थमा कथामुखको अन्ततिर पैतालीसौं श्लोकपछि मात्र राजाले गुरुसमक्ष आफ्ना छोराहरूलाई सुम्पेको कुरा उल्लेख छ भने रमानाथको लघुकाव्यमा चौवीसौं श्लोकमैं राजाले राजपुत्रहरूलाई गुरुसमक्ष समर्पण गरेको वर्णन छ ।

यसप्रकार हितोपदेश कथामुखका पैंतालीस श्लोक र सात अनुच्छेदहरू मध्ये ६, १६, १७, १८, २०, २१, २२, २३, २४, ४१, ४२, ४३, ४४ र ४५ औं श्लोक तथा तेस्रो र छैटौं अनुच्छेदका विषयवस्तुहरूबाहेक अन्य श्लोक तथा अनुच्छेदमा अभिव्यक्त विषयवस्तुलाई सरल रूपमा विश्लेषण गर्ने प्रयास रमानाथको "हितोपदेश" लघुकाव्य मा भएको छ । उनले आफ्नो लघुकाव्यको सत्रौं श्लोकको संरचनाको लागि 'पञ्चतन्त्र'लाई उपजीव्य बनाए पनि अन्यत्र चाहिँ हितोपदेश ग्रन्थको कथामुखमा वर्णित विषयवस्तुलाई नै आफ्नो लघुकाव्य संरचनाको मुख्य आधार बनाएको देखिन्छ । उपजीव्य ग्रन्थका आलङ्कारिक र जटिल विषयवस्तुलाई यथासम्भव परिष्कार एवम् परिमार्जन गरेर सरल र सहज रूपमा बोधगम्य बनाउन उनको लघुकाव्यको संरचना सक्षम भएको छ । उनका लघुकाव्यका विषयवस्तु पुरानै भए पनि

चिन्तन-मनन र विश्लेषण-विवेचन गरी त्यसलाई वस्तुगत रूपमा लघुकाव्यमा व्यक्त गरिएकाले उनको यो लघुकाव्य मौलिकताले समेत उत्तिकै ओतप्रोत भएको छ । श्रृङ्गारिक धाराको प्रबलता रहेको माध्यमिक कालका कवि भएर पनि उनी विशेषतः नीति-उपदेशमूलक प्रवृत्तिका कवि हुन् र उनको यस 'हितोपदेश' लघुकाव्य अर्ती र उपदेशमूलक भावनाबाट बुद्धि चातुर्यका विद्यामा थप उर्जा दिन सक्षम भएको देखिन्छ ।[१२४]

**निष्कर्ष**

रमानाथ आचार्यको 'हितोपदेश' लघुकाव्य २७ श्लोकमा संरचित एवम् शार्दूलविक्रीडित नामक वर्णमात्रिक छन्दमा आबद्ध रहेको छ । छन्दको बन्धनमा बाँधिएर पनि कवि आफ्ना विचार अभिव्यक्त गर्न सफल छन् । आन्तरिक संरचनाको दृष्टिले कविप्रौढोक्ति कथनपद्धतिमा आधारित लघुकाव्य मङ्गलाचरणबाट सुरु भएको र सूक्ष्म आन्तरिक आख्यानमा टुङ्गिएको पाइन्छ । अन्ततः विविध विषयवस्तुलाई समेटी रचना गरिएको लघुकाव्य हितोपदेशमा मुख्यत राम्रो अर्ती र उपकार दिने विद्या संसारकै उज्ज्वल मणि हो भन्ने शिक्षाप्रद रूपमा कवितात्मक अभिव्यक्ति प्रकट भएको देखिन्छ । एउटै अनुच्छेदमा आबद्ध रहेको यस लघुकाव्यमा अनुभूतिलाई काव्यात्मक प्रदान गर्ने क्रममा संस्कृत स्रोतका कठिन शब्दहरू प्रयोग गरिए पनि समग्रमा सरल एवम् सम्प्रेषणीय छ । बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगले उनको लघुकाव्य व्यञ्जनात्मक एवम् आलङ्कारिक बन्न पुगेको छ ।

[१२४] डिल्लीराम मिश्र, पूर्ववत् पृ. १७९ ।

## चौथो परिच्छेद

## रमानाथ आचार्यका फुटकर कविताको अध्ययन

### ४.१ विषय प्रवेश

रमानाथ आचार्यले 'आत्मज्ञान', 'वैराग्य बोध' तथा अन्य शीर्षकविहीन पद्यहरू सृजना गरेका छन् । विभिन्न कृतिमा प्राप्त केही श्लोकहरू भानुभक्त वा रमानाथ कसले लेखेका हुन् भन्नेमा विवाद रहेको पनि पाइन्छ । यसमा उनका 'पढनू गुन्नू...' 'क्याले भुल्छौं ...' 'मानुङको वर्णन...', 'बाँच्नै पनि...' आदि पद्यहरू पर्दछन् । यी पङ्क्तिहरुलाई मुक्तिनाथ आचार्यले भानुभक्त आचार्य खोजपूर्ण जीवनीमा रमानाथ आचार्यबाट रचिएका श्लोक हुन भनेका छन् तापनि अरु लेखकका कृतिहरुमा विवादित देखिन्छन् । 'आत्मज्ञान' फुटकर कविता विभिन्न कृतिमा राजीवलोचन जोशीको नाममा र रमानाथका नाममा प्रकाशित भएका पाइन्छन् । श्लोक सङ्ग्रहबाट साभार गरी भैरव अर्याल र वासुदेव शर्माले 'छयाकन' (पृ.२५९) मा 'आत्मज्ञान' का दुई श्लोकलाई राजीवलोचन जोशीका नाममा प्रकाशित गरेका छन् । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित मोतीराम भट्ट र संसर्गी कविमा कवि शीर्षकको कृतिमा 'आत्मज्ञानका' ११ ओटै श्लोकलाई विभिन्न शीर्षकभित्र  समावेश गरेका छन् । 'इन्द्रपुरी नकल' (पृ.२२७) शीर्षकमा 'आत्मज्ञान' को मङ्गलाचरण गरिएको श्लोक, 'सूक्तिहरु' (पृ.२३०) शीर्षकमा 'आत्मज्ञान' को दोस्रो श्लोक र 'गर्नू परिपञ्च त्यै' (पृ. २२३-२३६) शीर्षकमा आत्मज्ञानका बाँकी श्लोकहरु राखिएका छन् । 'गर्नू परिपञ्च त्यै' शीर्षकको कवितामा सुरुका १० श्लोक भने 'आत्मज्ञान' भन्दा बाहिरका छन् । 'मालिक पुस्तकालय' द्वारा प्रकाशित 'हितोपदेश' कृतिमा रमानाथकै नाममा 'आत्मज्ञान' प्रकाशित छ । मदन पुरस्कार पुस्तकालयमा रहेको 'हितोपदेश', 'आत्मज्ञान' र 'वैराग्य बोध' कृति रमानाथकै नाममा सुब्बा होमनाथ र केदारनाथद्वारा प्रकाशित गरिएको छ । 'हितोपदेश' पुस्तकमा 'आत्मज्ञान' शीर्षक एकै ठाउँमा रहेको तर अन्य कृतिमा फुटकर रुपमा राजीवलोचनको नाममा भेटिन्छ ।

अन्त्यमा यसको तुलनात्मक रुपमा खण्डन पनि नभेटिएको हुँदा वास्तविक रचनाको निर्क्यौलको लागि भावी अध्येताहरूलाई छाडेर यहाँ रमानाथको कृति भनी चर्चा गरिएको छ ।

## ४.२ 'आत्मज्ञान' कविताको अध्ययन

आत्मज्ञान 'हितोपदेश' काव्यसङ्ग्रहअन्तर्गत प्रकाशित फुटकर कविता हो । प्रस्तुत शीर्षक 'आत्मा' र 'ज्ञान' गरी दुई शब्दको योगबाट निर्मित भएको छ । 'आत्म' शब्दको शाब्दिक अर्थ आफ्नो आत्मा वा मनसित सम्बन्धित र 'ज्ञान' शब्दको शाब्दिक अर्थ आत्मा र परमात्मासम्बन्धी ज्ञान वा ब्रह्मज्ञान[१२५] भन्ने बुझिन्छ ।

आत्मज्ञान कविता बाह्य संरचनाका दृष्टिले फुटकर कविताका आकारको रहेको छ । चार (४) पेजमा विस्तारित यस कवितामा विविध विषयवस्तु समेटिएको छ । आयामका दृष्टिले यस कविता ११ श्लोकसम्म रही ५८ हरफमा विस्तारित हुन्पुगेको छ । एउटै अनुच्छेद योजनामा आबद्ध रहेर पनि श्लोक सङ्ख्याको क्रम ४ वटा पङ्क्ति योजनालाई बुझाउने गरी दिइएको छ । ४ वटा हरफमा मात्र सीमित नरही ५ वा ६ हरफमा पनि एउटा श्लोक सङ्ख्या फैलिएको देखिन्छ । यस कवितामा पाँचौ श्लोकको तेस्रो पाउ छुटेको पाइन्छ ।

यस कविताको लयविधान शार्दूलविक्रीडित नामक वर्णमात्रिक छन्दमा आधारित छ । १९ अक्षर हुने यस छन्दमा क्रमशः म (ऽऽऽ), स (।।ऽ), स (।ऽ।), स (।।ऽ), त (ऽऽ।) त (ऽऽ।) गण र अन्तिम वर्ण गुरु (ऽ) रहेको पाइन्छ । यो छन्द नेपाली साहित्यको जातीय छन्द हो ।[१२६] यसको छ र बाह्र अक्षरमा विश्राम हुन्छ ।[१२७] यसको तल एउटा नमुना प्रस्तुत छः

छोरोखान्छ छमूखले हजूरताखान्या मुखै पांचले ।<br>
ऽ ऽ ऽ ।।ऽ ।ऽ। ।।ऽ ऽऽ। ऽऽ। ऽ<br>
म स ज स त त गु

शार्दूलविक्रीडित छन्दमा आबद्ध प्रस्तुत कविताको लययोजनामा परम्परित नेपाली व्याकरणका नियमहरू पूर्णपालन हुन सकेको छैन ।

---

[१२५] बालकृष्ण पोखरेल, र अन्य पूर्ववत्, पृ. १०६ ।

[१२६] हेमाङ्गराज अधिकारी , **पूर्वीय समालोचना सिद्धान्त** , काठमाडौ. : साझा प्रकाशन, २०५६, पृ. १२९ ।

[१२७] देवी नेपाल, **छन्दपराग**, काठमाडौंः भुँडीपुराण प्रकाशन, २०६२ पृ. ८१ ।

आन्तरिक संरचनाका दृष्टिले प्रस्तुत कविता कविप्रौढोक्ति कथनपद्धतिमा आधारित छ । उनका कवितामा भावको पुनरावृत्ति र स्वतन्त्र साहचर्यात्मक बुनोटसमेत रहेको पाइन्छ । प्रस्तुत कविता लयविधानको दृष्टिले सफल देखिन्छ ।

यस फुटकर कवितामा श्रोत (३.१) हुँदाहुँदै त्यही अर्थ भएको 'कर्ण' (३.१) शब्द सङ्गत देखिँदैन । उक्त ठाउँमा 'घ्राण' वा नाक शब्द भएको भए उचित देखिन्छ । 'कती' (५.२) को ठाउँमा गती र 'खती' (५.४) को ठाउँमा अती राख्दा सान्दर्भिक हुन्थ्यो किनकि 'नोक्सान' (५.४) शब्दले खतीको अर्थ बुझाउँदा बुझाउँदै पनि उक्त शब्द राखिएको पाइन्छ । यसमा स्वरवर्ण इकारको हलन्त प्रयोग गरिएको छ- 'शङ्करलाइ' (१.४), 'वलाइ' (३.१), 'लाइ' (४.४) । रूप परिवर्तत शब्द 'क्यै' (११.३) 'ए' 'सँग' 'य' आगम भएको 'यक्' (९.४), 'गरुन्' (१.४) विध्यर्थक क्रिया, भूतकालीन क्रियापद 'थियो' (२.१), 'भयो' (२.२) को प्रयोग भेटिन्छ । यसमा संस्कृत स्रोतका शब्दहरू भए पनि अर्थ, भाव र लयमा कुनैमा बाधा पुऱ्याएको छैन । यसको लिपिलाई हेर्दा भानुभक्तीय पालाको भाषाको 'ताहां' (२.२) 'महां' (३.१, ८.४, १०.३), गिरन्या (५.१), ज्हाँ (१०.२)को प्रयोग देखिन्छ । छन्दमिलानको क्रममा भाषामा देखिने वर्णविन्यासगत त्रुटि देखिए तापनि भाव बुझाइमा कठिनाई छैन । यही नै यसको सफल पक्ष मान्नुपर्दछ ।

यसमा प्रयोग भएका शब्दहरू अहिले केही परिवर्तित रुपमा प्रयोग गरिन्छ । यस्ता केही शब्दहरू यसप्रकार छन् :

| **प्रयुक्त शब्दहरू** | **अहिलेको प्रयोग** |
|---|---|
| खान्या (१.१) | खाने |
| पेटहा (१.२) | पेट भएको |
| परयो (१.२) | पऱ्यो |
| घर्का (१.३) | घरकाम |
| डर्भइ (२.३) | डरभई |
| वलाई (३.१) | बोलाई |
| धेर्काल (५.१) | धेरकाल |
| सर्दाम् (५.१) | सरजाम् |

| | |
|---|---|
| नोक्सान्छ (५.४) | नोक्सान छ |
| येस्मा (५.४) | यसमा |
| इनको (६.४) | यिनको |
| दुद् (९.३) | दूध |
| ज्हाँ (१०.२) | त्यहाँ |
| सन्सार्को (११.१) | संसारको |
| दिन्दिन (११.२) | दिनदिन |
| मिल्न्या (११.३) | मिल्ने |

प्रस्तुत कवितामा प्रयुक्त शब्दहरू ऐतिहासिक प्रयोगले दृष्टिले समेत उपयुक्त मानिन्छन् ।

आचार्य नेपाली कविताका क्षेत्रमा विविध विषयवस्तुलाई लिएर कविता रचना गर्ने कवि हुन् । आचार्यका कवितामा पाइने विषयगत विविधतालाई निम्न शीर्षकहरूमा अध्ययन गर्न सकिन्छ :

**(क) मङ्गलाचरणको प्रयोग**

यस कवितामा मङ्गलाचरणको रुपमा शिव र पार्वतीको सम्झना गरिएको छ । मनोरञ्जनका लागि पार्वतीद्वारा शिवजीलाई छेड हानेको कुरा प्रस्तुत गर्दै कमजोर आर्थिक स्थिति भएको परिवारको समस्यालाई झल्काइएको छ । यसको नमुना तल प्रस्तुत छ :

*छोरोखान्छ छमुखले हजुरताखान्या मुखै पांचले*

*अर्को पुत्रछपेटहा गरुकसोगाह्रो परयोखर्चले ॥*

*घर्का शक्तिन गर्नुहोस् गँजडिभै उद्योग्नगर्न्या रती*

*हांसी शङ्करलाइ भन्दिसवको मङ्गल गरुन् पार्वती ॥१॥*

यस कविताको दोस्रो श्लोक पनि मङ्गलाचरणको श्लोक हो । यसमा हास्य रसको माध्यमबाट मनोरञ्जन गराउन खोजिएको छ । पार्वतीले सबको कल्याण गरुन् भन्ने

शुभकामना प्रस्तुत छ । मङ्गलाचरणको प्रयोग कविताको पहिलो र दोस्रो श्लोकमा गरी आचार्यले आफूले देखेभोगेको समाजको यथार्थ चित्रण गरेका छन् ।

**(ख) शरीररूपी रथको वर्णन**

यस कविताको ३, ४ र ५ औं श्लोकमा शरीररूपी रथको वर्णन गरिएको छ । यो शरीरको रथ अनित्य विषयहरूको मार्गमा हरदम दौडिरहेको छ । यसलाई पूर्वजन्मको कर्मको कुनै ख्याल छैन । यो शरीररूपी रथ आकाश, पृथ्वी, वायु तेज र जल पाँच तत्त्वहरूबाट बनेको छ । यसमा कालो तमगुणको रङग्रोगन लगाइएको छ । अहङ्काररूपी किला-काँटीले यसका सबै पाङ्ग्रा जोडिएको छ । मायाका कारण यो संसारलाई राम्रो ठाउँ सम्झी रिस र झुटा आशा बोकेको रथ रातदिन कुमार्गमा हिडेको छ । कुमार्गमा हिँड्दा हिँडदै यसको आयु छोटो परिदिएको छ । शरीररूपी रथ बनाउन प्रयोग गरिएको सर्दाम् जति कच्चा भएकाले यो धेरै दिन टिक्न सक्दैन । यसमा माया -ममता राख्दा धेरै नै नोक्सान हुन जान्छ । शरीररूपी रथ झुटो विषयमा दौडी विलासितातर्फ भौतिरिएको छ । यस्ता विचारहरूलाई उनले आफ्ना कवितामा यसरी समेटेका छन् :

*जिह्वा श्रोत नयेन कर्णबलिया वलाइ घोडा कसी ।*
*तृष्णको छलगाम मज्बुत खुबै रास्मा सवार्भेवसी ॥*
*पाङ्ग्राचार्पद हस्त लिङ्ग, गुदछन् टप्को चर्म देहरथ् ।*
*दौडयाकोछ सदाझुठा विषयमा प्राक्तन्नजानी अहत् ॥३॥*

**(ग) सांसारिक माया मोक्षका लागि बाधक**

यस कवितामा कविले सांसारिक जीवनमा पीडाको अनुभव हुने हुँदा मायाजाललाई पर सारेर हेर्ने हो भने वास्तविक जीवनमा आलोक छर्न सकिन्छ भन्ने भावना व्यक्त गरी परिवारलाई बन्धनको रूपमा यसरी प्रकट गरेको देखिन्छः

*प्यारी सुन्दरि नेलहो पयरकी गल्फन्दिछोराहरू ।*

*नाती हत्कडि हुन् पनातिठिगुरा भ्याल्खान हुन् धन हरू ॥*

*रोकछन् बन्द गरीगती दिनप्रतीगाड्छन् वरुतल् तिरै ।*

*क्यामाया इनको भ्कुठो भुलपरीछोडेर सच्चा तिरै ॥६॥*

सुन्दर रूप भएकी पत्नी गोडामा अड्काउने नेल छोराहरू घाँटीमा बाँध्ने डोरी, नातिहरू, हातलाई बाँध्ने बन्धन, पनाति, ठिगुरा र धन जेल भएको हुँदा मानिसको गतिलाई बढ्न नदिई यिनीहरूले रोकी पतन गराउँछन् । तसर्थ हाम्रो अगाडि देखिएको स्थूल संसार भ्रम मात्र हो र सांसारिक विषयको क्षणिकतामा भुलेर मायाको वसमा पर्नु ठीक छैन । आत्मज्ञानलाई छोडेर उक्त पारिवारिक बन्धनमा भुल्दा मोक्ष प्राप्ति गर्न सकिँदैन ।

**(घ) ब्रह्मचिन्तनसहितको रथको वर्णन**

कविले ब्रह्मचिन्तनसहितको रथको प्रशंसा गर्दै त्यसको सङ्ग्रह गर्ने उपदेश दिएका छन् । ब्रह्मा चिन्तनसहितको रथ नगल्ने र नसड्ने हुँदा आफ्नो तेजले सधैं भल्भल गरी बलिरहन्छ । यसले मानिसलाई संसारसागरबाट पार गराउँछ । धेरै जसो अज्ञानी मानिसहरू यो कुरा भुलेर शरीरको कच्चा रथमा चढेर विषयहरूको अस्थायी सुखहरू पाउन आफ्नो जीवन खर्च गर्दछन् र ठगिन्छन् । अमूल्य जीवनलाई अस्थायी विषयभोग गरेर गुमाउने मानिसहरू ठगिन्छन् भन्ने भावना कवि यसरी व्यक्त गर्छनः

*जुन्रथ् गल्नुर सड्नुछैन कहिल्यै तेज्ले सदा वल्दछन ।*

*सन्सार्सागर पार तार्दछगती रोकीन्नसब्भन्द छन् ॥*

*उस्तोसंग्रह गर्नुरथ् भुलिउसै कच्चा रथैमा चढी ।*

*हिंड्छन् जनठगिईअहो विषयकाई क्षुद्र सुख्मा बढी ॥८॥*

**(ङ) आत्मज्ञानको वर्णन**

आफ्नो हित चाहने मानिसले दिनदिनै एकान्तमा बसेर संसारको प्रपञ्चलाई विर्सने र सूक्ष्म विचारका साथ आत्मज्ञानका लागि अभ्यास गर्ने गर्नुपर्छ । आत्मज्ञान भयो भने मिल्नुपर्ने सबै कुरा मिलेजत्तिकै आनन्द हुन्छ, कुनै चीज पाउन बाँकी रहँदैन । यस्तो अमूल्य आत्मज्ञानलाई छोडी घरीघरी दुःख दिने असन्तोष गराउने संसारको प्रपञ्चमा फस्नु उचित होइन भन्ने धारणा कविले यस कवितामा यसरी व्यक्त गर्दछन् :

*सन्सार्को परिपञ्च विर्सि मनमा एकान्त माहा वसी ।*
*अभ्यास् दिन्दिन ज्ञानले झलकन्या सूक्ष्मै विचार्मा पसी ॥*
*आत्मज्ञानभयो भन्या सब मिल्यो मिल्न्याकुरा वाकिक्यै ।*
*छैनन् छोडि उसै नहाककिनहो गनूपरीपञ्चत्यै ॥११॥*

कविले मानिसमा आत्मज्ञान हुनुपर्छ र आत्मज्ञानविना जीवन असफल र निरर्थक बन्छ भन्ने भाव व्यक्त गरेका छन् ।

प्रस्तुत कवितामा बिम्बप्रतीक विधानगत कुनै खास नवीन वैशिष्ट्य नदेखिए पनि विषयवस्तु र भावलाई बढी सौन्दर्ययुक्त पारी प्रस्तुत गर्ने क्रममा नागको बन्धनि (२.३), लाज नदिमा डुब्याकि (२.४) घोडा (३.१), किलाकाँटा (४.२), घट्ट (१०.१) जस्ता बिम्बहरूको प्रयोग गरिएको पाइन्छ । यहाँ प्रयोग गरिएका बिम्बहरू प्रकृति जगत्बाटै टिपिएका छन् । जसमा घोडा प्राकृतिक बिम्बको रुपमा प्रयोग गरी उपमानको रुपमा देखाइएको छ । बाधाव्यवधानयुक्त जीवनस्थितिलाई भल्काउन एवम् मानवीय स्वभावसम्बन्धी सत्यको उद्घाटन गर्न यस्ता बिम्बहरूको प्रयोगल अर्थ सौन्दर्य बढाएको छ ।

लयलाई सघन बनाउनका लागि अपेक्षित अन्त्यानुप्रासको योजना कवितामा सर्वत्र मिलेको देखिन्छ । कवितामा यसले मिठास ल्याएको छ । तल एउटा नमुना प्रस्तुत छ :

*स्वप्नातुल्यछ योजगत् चटकिले जस्तो चटक् गर्दछन् ।*
*माया लाइ अलग् गरेर बुझ्दा आत्मा झलक् पर्दछन् ॥*
*दुद्मा व्यापकघ्यू मथन् गरिलिंदा देखिन्छ जस्तै घिऊ ।*

*तस्तै व्यापक ब्रह्म गुप्तछ घुसी माया महां यक् जिऊ ॥९॥*

यस कवितांशको पहिलो र दोस्रो तथा तेस्रो र चौथो पङ्क्तिमा क्रमिक अन्त्यानुप्रास मिलेको देखिन्छ ।

आत्मज्ञान कवितामा वृत्यनुप्रासको प्रयोग ६ र ८ श्लोकमा भएको पाइन्छ । आठौँ श्लोकको नमुना तल प्रस्तुत छः :

*जुन्रथ् गल्नुर सड्नुछैन कहिल्यै तेज्ले सदावल्दछन् ।*

*सन्सार्सागर पार तार्दछगती रोकीन्नसब् भन्द छन् ॥*

*उस्तोसंग्रह गर्नुरथ् भुलिउसै कच्चा रथैमा चढी ।*

*हिंड्छन् जन ठगिईअहो विषयकाई क्षुद्र सुख्मा बढी ॥८॥*

यसमा सड्नु सदा, संसार, सागर सब, संग्रह, सुख जस्ता शब्दहरूमा एक वर्ण 'स' को पटकपटक पुनरावृत्ति भएको छ त्यसैले यो वृत्यनुप्रास शब्दालङ्कार हो ।

यस कवितामा श्लेष शब्दालङ्कारको प्रयोग पहिलो श्लोकमा भएको पाइन्छ । यसको नमुना तल प्रस्तुत छ :

*छोरोखान्छ छमुखले हजुरताखान्या मुखै पांचले*

*अर्को पुत्रछपेटहा गरुकसोगाह्रो परयोखर्चले ॥१॥*

यसमा 'छमुख' शब्दले ६ वटा मुखले अथवा स्वामी कातिकेयका छ मुख छन्, तथा 'पेटाहा' शब्दले पेट भएको अथवा गणेश एवम् 'पाँचमुख' शब्दले शिवजीका पाँच मुख वा खाने मुख धेरे छन् भन्ने भिन्नाभिन्नै अर्थ बुझाएका छन् । यसरी एक शब्दले अनेक अर्थ बुझाएकोले यहाँ श्लेष शब्दालङ्कार परेको छ ।

कविले यस कवितामा काव्यिक सौन्दर्य थप्न शब्दालङ्कारअन्तर्गत अन्त्यानुप्रास, वृत्यनुप्रास र श्लेष अलङ्कारको प्रयोग गरेका छन् ।

शब्दालङ्कारको साथै अर्थालङकारको प्रयोग यस कवितामा भएको पाइन्छ । अर्थालङ्कारमा रूपक अलङ्कारको प्रयोग कविताको ३, ४, ६, ७ औं श्लोकमा गरिएको पाइन्छ । तल रूपक अलङ्कारको एउटा नमुना प्रस्तुत गरिन्छ :

*जस्मा धर्मर अर्थकामवलिया मोक्षादि घोडापनी ।*

*घुम्छन्फन् फनि सत्य द्वापरकली त्रेताई पाङ्ग्रावनी ॥*

*नीयम् योग समाधि ध्यानकि किला रोगन् तहां सत्यको ।*

*चित्को चिन्तनटप् कमानिविचमा पक्का परब्रह्मको ॥७॥*

पहिलो पाउमा धर्म, अर्थ काम र मोक्ष यी चार पुरुषार्थहरू नै घोडा हुन् भन्ने कुरा पुरुषार्थ उपमेयबाट घोडालाई उपमान मानी अभेद आरोप गरिएको छ । पुरुषार्थ उपमेयले घोडाको रूप लिन्छ । दोस्रो पाउमा सत्य, द्वापर, कली, त्रेता यी चार युगहरू नै पाङ्ग्रा हुन् भन्ने कुरा चार युग उपमेयबाट पाङ्ग्रालाई उपमान मानी अभेद आरोप गरिएको छ । तेस्रो पाउमा नियम, योग, समाधि ध्यान नै रथलाई अड्याउने किलाहरू हुन् भन्ने कुरा नियम, योग, समाधि, ध्यान उपमेय बाट किलालाई उपमान मानी अभेद आरोप गरिएको छ । चौथो पाउमा परब्रह्मको चैतन्मय स्वरूप नै कमानीको रूपमा रहेको छ । तसर्थ एक वस्तुको रूपको अर्को वस्तुसँग आरोप गरेर अभेद देखाइएकोले यो रूपक अर्थालङ्कार हो । उपमा अर्थालङ्कारको प्रयोग यस कविताको ९ औं श्लोकमा गरिएको पाइन्छ । यसको नमुना तल प्रस्तुत छ :

*स्वप्नातुल्यछ योजगत् चटकिले जस्तो चटक् गर्दछन् ।*

*माया लाई अलग् गरेर बुझ्दा आत्मा झलक् पर्दछन् ॥*

*दुद्मा व्यापकघ्यू मथन् गरिलिंदा देखिन्छ जस्तै घिउ ।*

*तस्तै व्यापक ब्रह्म गुप्तछ घुसी माया महां यक् जिऊ ॥९॥*

यहाँ जगत उपमेय, स्वप्न उपमान, तुल्य वाचक शब्द र चटकी साधरण धर्म हो । तसर्थ यो उपमा अर्थालङ्कार हो ।

उक्त नवौँ श्लोकमा अर्थान्तरन्यास अर्थालङ्कारको प्रयोग पनि गरिएको पाइन्छ । यहाँ एउटा हरफको उक्तिले अर्को हरफको उक्तिलाई समर्थन गरेको छ । संसारका कुराहरू चटकिले चटक देखाए जस्तै सपनासमान छन् भन्ने कुरालाई संसारलाई मायाद्वारा कल्पित क्षणिक वस्तु मानिएको छ । दूधमा घ्यू जसरी मिलेर बसेको छ तर देखिन्न भन्ने उक्तिलाई त्यस्तै मायाका साथ ब्रह्मा पनि एक जिउ भएर बसेको छ भन्ने उक्तिले समर्थन गरेको छ । यहाँ सामान्य कुराले विशेषलाई र विशेष कुराले सामान्यलाई समर्थन गरेको पाइन्छ त्यसैले यो अर्थान्तरन्यास अलङ्कार हो ।

१० औँ श्लोकमा पनि अर्थान्तरन्यास अर्थालङ्कारको प्रयोग यस कवितामा गरिएको पाइन्छ ।

यस कवितामा अर्थालङ्कारअन्तर्गत रूपक, उपमा र अर्थान्तरन्यासको प्रयोग गरेको पाइन्छ ।

रमानाथ आचार्यद्वारा रचित 'हितोपदेश' नामक ग्रन्थअन्तर्गत दोस्रो फुटकर कविता आत्मज्ञान ११ श्लोकमा आबद्ध छ । यस कवितामा शङ्करलाई व्यङ्ग्य गरी पार्वतीको स्तुति गरिएको मङ्गलाचरणको श्लोकबाट कविता प्रारम्भ गरिएको पाइन्छ । शार्दूलविक्रीडित नामक वर्णमात्रिक छन्दमा आधारित कविता आत्मज्ञान प्राप्त गर्न सक्नु नै सबैको आत्मालाई चिन्न सक्नु नै जीवनको सर्वोत्कृष्ट उपलब्धि हो भन्ने आर्दशप्रति केन्द्रित छ । गेयात्मकताको लागि आवश्यक तत्व अन्त्यानुप्रासको यसमा पूर्ण पालना भएको छ । संस्कृत स्रोतका शब्दहरू यसमा प्रयोग गरिएका छन् । छन्दमिलानका क्रममा वर्णविन्यासगत त्रुटिहरू रहेको छ । विषयवस्तुको गहनताले पाठकलाई केही कठिनाई भए पनि समग्रमा सरल एवम् सम्प्रेषणीय भाषाशैलीको प्रयोग भएको छ भन्न सकिन्छ । आन्तरिक संरचनाका दृष्टिले कविप्रौढोक्ति कथनपद्धतिमा आधारित कवितामा बिम्ब र अलङ्कारको प्रयोगले अर्थ सौन्दर्य बढाएको पाइन्छ । कवितामा साधरण कथन नभई व्यञ्जनामूलक कथन भेटिन्छ । फलतः यो कविता व्यञ्जनाधर्मी कविता बन्न पुगेको छ ।

## ४.३ वैराग्य बोध कविताको अध्ययन

'वैराग्य बोध' शीर्षकको कविता 'हितोपदेश' नामक ग्रन्थअन्तर्गत तेस्रो कविताका रूपमा प्रकाशित छ । प्रस्तुत कविताको शीर्षक 'वैराग्य' र 'बोध' गरी दुई शब्दको योगबाट निर्मित भएको छ । 'वैराग्य' शब्दको शाब्दिक अर्थ सांसारिक माया मोह विषय वासनालाई तुच्छ ठान्ने र ती सबै कुरा छोडेर एकान्तमा बस्ने तथा ईश्वरको भजन गर्ने वृति [१२८] भन्ने बुझिन्छ । 'बोध' शब्दको शाब्दिक अर्थ सुनेर पढेर बुझ्ने क्षमता वा सीप [१२९] भन्ने बुझिन्छ । प्रस्तुत कवितामा शीर्षक र केन्द्रीय कथ्यका बीच भित्री सङ्गति रहेको छ । पद्यात्मक शैलीमा प्रस्तुत गरी कविताका विषयवस्तुलाई आधार मानेर गरिएको शीर्षक विधान सार्थक देखिन्छ । शीर्षक र भावबीच समन्वय राखी कवितात्मक अभिव्यक्ति दिन आचार्य सक्षम देखिन्छन् ।

६ पेजमा विस्तारित यस कवितामा विविध विषयवस्तु समेटिएको छ । आयामका दृष्टिले यस कविता १५ श्लोकसम्म रही ७७ हरफमा विस्तारित हुन पुगेको छ । एउटै अनुच्छेद योजनामा आबद्ध रहेर पनि श्लोक सङ्ख्याको क्रम ४ वटा पङ्क्ति योजनालाई बुझाउने गरी दिइएको छ । ४ वटा हरफमा मात्र सीमित नरही ५ वा ६ हरफमा पनि एउटा श्लोक सङ्ख्या फैलिएको देखिन्छ ।

यस कविताको १५ श्लोकमध्ये ११ औँ श्लोकबाहेक बाँकी १४ श्लोक शार्दूलविक्रीडित नामक वर्णमात्रिक छन्दमा आधारित छ । १९ अक्षर हुने यस छन्दमा क्रमशः म (ऽऽऽ), स (।।ऽ), ज (।ऽ।), स (।।ऽ) त (ऽऽ।), त (ऽऽ।) गण र अन्तिम वर्ण गुरु (ऽ) रहेको पाइन्छ । यसको तल एउटा नमुना प्रस्तुत गरिएको छ -

श्रीकाशी सरि पुण्य भूमित कहीछैनन् मुलूकै भरी । (१.१)
ऽ ऽ ऽ । । ऽ  । ऽ ।  । । ऽ  ऽ ऽ ।  ऽ ऽ ।  ऽ
म  स  ज  स  त  त  गु

[१२८] बालकृष्ण पोखरेल र अन्य पूर्ववत्, पृ. १२४५ ।
[१२९] ऐजन पृ. ९८७ ।

यस कविताको ११ औँ श्लोक भुजङ्गप्रयात छन्दमा आधारित छ । बाह्र (१२) अक्षर हुने यस छन्दमा क्रमशः य (।ऽऽ) , य (।ऽऽ) य (।ऽऽ), य (।ऽऽ) गण रहेको पाइन्छ । यसको छ अक्षरमा विश्राम लिइन्छ ।[१३०] यसको तल नमुना प्रस्तुत छ :

हरीका भजनमा विभुखै भयाका (११.१)

। ऽ ऽ   । ऽ ऽ   । ऽ ऽ   । ऽ ऽ

य   य   य   य

शार्दूलविक्रीडित छन्द एवम् भुजङ्गप्रयात छन्दमा प्रस्तुत कविता रहेको पाइन्छ ।

आन्तरिक संरचनाका दृष्टिले प्रस्तुत कविता कविप्रौढोक्ति कथनपद्धतिमा आधारित छ । उनका कवितामा भावको पुनरावृत्ति र स्वतन्त्र साहचर्यात्मक बुनोटसमेत रहेको पाइन्छ । कवितात्मक अनुभूतिलाई यिनै संरचनात्मकता भित्र सुगठित रूपमा अभिव्यक्त गरिएको पाइन्छ ।यस कवितामा 'म' लाई अनुस्वाँरको रूपमा प्रयोग गरिएको छ- 'कां' (३.१,५.३), 'नां' (१५.३) । हुमकै सन्दर्भमा 'हू' (१५.३) को प्रयोग गरिए पनि चन्द्रविन्दुको प्रयोग गरिएको पाइँदैन । 'पनी' (१.३, ३.३, ४.४, ६.३, ७.३, १५.३), 'भनी' (३.४, ४.३, ६..४, ७.४, १५.४) 'अनी' (१.४) जस्ता प्रयोग अन्त्यानुप्रास योजनाका दृष्टिले सार्थक देखिन्छन् । 'ए' सँग 'य' आगम भएको प्रयोग 'भयेर' (१५.२), गरी शब्दको अर्थमा 'धरी' (७.१, ८.१), व्युत्पन्न सर्वनाम 'यस्तो' (६.१, ७.१ ११.३) 'यसो' (६.१) 'यही' (६.१), नामयोगी 'माफीक' (३.१), 'खातीर' (५.३), विध्यर्थक क्रिया 'गरुन्' (७.२) 'जानुन्' (१५.४) आकारवाचक विशेषण 'ठूलो' (४.३, ८.२, ८.३, १०.१) असमापिका क्रिया 'दिई' (५.४) 'लिई' (५.३), 'भई' (१२.३) जस्ता शब्दहरूको प्रयोग

भेटिन्छ । 'तहाँ' (२.२), 'भया' (३.१, ३.२, ११.१) 'दिया' (११.२, १५.४), 'त्ाही' (१.४) जस्ता भानुभक्तीय पालाको भाषिक प्रयोग देखिन्छ । छन्दमिलानका क्रममा वर्णविन्यासगत त्रुटिहरू देखिए तापनि भाव बुझाइमा कुनै कठिनाइ छैन । वर्ण र शब्दको पुनरावृत्तिले भाषिक मिठास थपेको पाइन्छ । समग्रमा उनको भाषाशैली सम्प्रेषणीय छ ।

---

[१३०] पूर्ववत् पृ. ४१ ।

यसमा प्रयोग भएका शब्दहरू अहिले केही परिवर्तित रूपमा प्रयोग गरिन्छ । यस्ता केही शब्दहरू यसप्रकार छनः

| **प्रयुक्त शब्दहरू** | **अहिलेको प्रयोग** |
|---|---|
| तत्पर्सदा (१.२) | तत्पर सदा |
| त्राही (१.४) | त्यही |
| आन्फा (१.४) | आफ्ना |
| वस्याकी (१.४) | बसेको |
| तिन्लोक (२.१) | तीन लोक |
| येती (२.२) | यति |
| मन्ले (३.१) | मनले |
| काल्का (३.२) | कालका |
| विचार्यो (४.१) | विचार यो |
| घर्घमा (५.४) | घरघरमा |
| धन्मै (५.४) | धनमै |
| रित्ले (६.१) | रितले |
| परस्पर्कुरा (६.१) | परस्पर कुरा |
| दुनित्रा (८.१) | दुनियाँ |
| वड्न (११.३) | बढ्न |
| दिन्दिनै (१२.१) | दिनदिनै |
| छिन्मा (१२.३) | छिनमा |
| काम्मा (१४.३) | काममा |
| काहाँ (१४.१) | कहाँ |

यस कवितामा प्रयुक्त भएका शब्दहरू ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण मानिन्छन् ।

कवि आचार्यले आफूले देखेभोगेको समाज र जीवनजगत्सम्बन्धी विषयवस्तुलाई टिपी त्यसैको केन्द्रीयतामा कविता रचना गरेका छन् । उनले आफ्नो मनोलोकमा उब्जिएका

भावनाहरूलाई पनि कविताको विषयवस्तु बनाएका छन् । उनको यस कवितामा पाइने विषयगत विविधतालाई निम्न शीर्षकहरूमा अध्ययन गर्न सकिन्छ :

**(क) काशीक्षेत्रको महिमा वर्णन**

'वैराग्य बोध' कवितामा पुण्यभूमि काशी क्षेत्रको महिमा वर्णन एक र दुई श्लोकमा गरिएको छ । सबैभन्दा उत्तम तीर्थस्थल मानिएकोले जीवनका चार पुरुषार्थहरूमध्ये मोक्ष दिलाउन भगवान् हरि (विष्णु) सदा तत्पर रहेको कुरा यसमा पाइन्छ । यो संसारमा काशीक्षेत्र जस्तो पुण्यभूमि कहीँ पनि छैन । ईश्वरकी मायाको रूपमा रहेकी जननी अन्नपूर्णा पनि आफ्ना भक्तहरूमा कृपा गरूँ भनी काशीमा नै विराजमान छन् । काशीक्षेत्रमा तीन लोकका मालिक विश्वनाथसहित सबै देवता छन् । त्यस क्षेत्रमा कस्तै पापी पनि मऱ्यो भने त्यो साक्षात् तीन लोकका मालिक शिवजीमा गएर मिल्छ । यो कुरा सबै पुराणहरूको भनाई अनुसार निश्चित छ । यसमा कुनै सन्देह छैन । काशी क्षेत्रमा पापीहरूको पाप नष्ट गरी उद्धार गर्ने र असल कर्मको फल पाइन्छ भन्ने भाव यस कवितामा भेटिन्छ । यस्ता विचारहरूलाई कविले आफ्नो कवितामा यसरी समेटेका छन् :

*श्रीकाशी सरि पुण्य भूमित कहीछैनन् मुलूकै भरी ।*
*श्रीगङ्गाकि मरणछमुक्तिदिन मातत्पर्सदा छन् हरी ॥*
*माया ईश्वरकी जगतकि जननी श्रीअन्नपूर्णा पनी ।*
*आफ्ना भक्त उपर्कृपागरु भनीत्राही वस्याकी अनी ॥१॥*

**(ख) कलिको प्रभावको वर्णन**

वर्तमान समयका मानिसहरू आफूलाई सबभन्दा श्रेष्ठ भन्ने सम्भन्छन् र अरूलाई गन्दैनन् हेला गर्छन । तिनीहरू स्त्री, धन र सुखको मात्र खोजीमा दिनदिनै लागिरहन्छन् । सबै मानिसहरू सूर्य उदाउने बेलासम्म सुतीरहन्छन् । कुनै मानिसमा सच्चा व्यवहार पाइन्न । धेरै मानिसहरूमा केही मानिस बिहानै उठे पनि धन आर्जनतिर नै केन्द्रित रहन्छन् । मानिसहरू परस्परमा गफ गर्न निकै सिपालु भए पनि सिसारिस र हानाहानको स्थिति बढेको पाइन्छ । कलियुगका सबै मानिसहरूमा धन कमाउने र परिवारमा प्रेम गर्ने प्रवृत्ति बढेको छ तापनि

एक आपसमा विवाद भइरहेको पाइन्छ भन्ने भावना यस कवितामा कविले यसरी व्यक्त गरेका छन्:

*यस्तो योछ यसोगऱ्यो भनि यही रित्ले परस्पर्कुरा ।*
*होलान् गर्न सिपालुसबजन हरूगफ् कातक्या भन् पुरा ॥*
*हानाहान्र रिसारिसै अतिवढ्यो जान्नया नजान्या पनी ।*
*मत एकैलिइ हिंड्दछन् जनहरू सांचै कुरा हुन्भनी ॥६॥*

**(ग) आध्यात्मिक उपदेश**

आचार्यका कवितामा आध्यात्मिक चिन्तन भेटिन्छ । कलियुगको नराम्रो प्रभावबाट बच्न हरिको कीर्तन गर्नुपर्दछ नत्र नरकमा पर्ने डर हुन्छ भन्ने भावना पाइन्छ । आफ्नो परिवार, छोरा-छोरी र धनप्रति गरिने जुन प्रेम छ त्यस्तै प्रेम गुरु र हरिको चरणमा गर्नु राम्रो हुन्छ । मृत्युको डर मनमा लिएर सत्कर्ममा लाग्नुपर्छ । पापहरूबाट बच्न खोज्ने मानिस दयालु भै राम्रो गति पाउँछन् र मिचाहाहरू नरकमा पुगी दुःख भोग्दछन् । वर्तमान समयका मानिसहरू झुटा, धन सम्पत्ति आदि वस्तुमा मन खूब दिन्छन्, हरिको भजन गर्दैनन् भन्ने पीडा व्यक्त गर्दै कविले यस्तो अवस्थामा तिनीहरूसँग कसरी बस्ने र कहाँ जाने भन्ने चिन्ता आइलागेको कुरा यसरी प्रकट गर्दछन् :

*हरीका भजनमा विमूखै भयाका ।*
*झुटा वस्तुमादिल् वहूतै दियाका ॥*
*जगतक्या नयस्तो भई वढ्न लाग्यो ।*
*कहांगै वसौ लौभनी सोक लाग्यो ॥ ११॥*

यस कवितामा कविले पितृहरूको भक्ति ठूलो हो भन्ने कुरा जनाई स्त्री, पुत्र र धनमा गरिने प्रीतिलाई मोक्ष मार्गमा बाधक हुने भएकाले खराब भनेका छन् । स्त्री, पुत्र र धनमा

लाग्दा लाग्दै मानिसले धर्म र ईश्वरलाई भुलेर जथाभावी रूपमा काम गर्न थाल्छ र पतन हुने अवस्थामा पुग्छ भन्ने भावना कविले यस कवितामा समेटका छन् ।

यसको फलस्वरूप उनले यस कवितामा ईश्वर, स्वर्ग, नर्क, पाप, पुण्य पुरुषार्थ, हिंसा, वैराग्य, मृत्यु आदिका बारेमा विविध कोणबाट चर्चा गरी ईश्वर प्राप्ति गर्न नै मानिसले अपनाउनुपर्ने बाटोका बारेमा निर्देशित गरेका छन् । उनका कविताले मानिसलाई विवेकी, परिश्रमी, चरित्रवान् एवम् आदर्शवादी बन्न र कलिको प्रभावबाट बच्न ईश्वरमा भक्तिभाव राख्नुपर्दछ भन्ने प्रेरणा दिन्छन् । उनको आध्यात्मिक चिन्तनभित्र दार्शनिक विचार र नैतिक सन्देश भेटिन्छ ।

**(घ) रचनाको महत्त्व एवम् कविको परिचय**

यस कविताको अन्तिम श्लोकमा कविले आफ्नो रचनाको महत्त्व दर्शाएका छन् । यस कवितामा वर्णन गरिएका विषयहरूको सार कुरा बुझ्रेर संसारमा राम्रो काम गर्नेले नै यश र भक्ति पाउँछ भन्ने भावना प्रकट गरेका छन् । म कवि भानुभक्तको छोरा हूँ मेरो नाम रमानाथ हो यो विषय सबैले जानून् भनी वर्णन कवितामा यसरी गरेको देखिन्छ-

*इश्लोक्कोलिइ सार कामगरन्या जन्जोछ यसलोकमा ।*
*यस्को भागि भयेर भक्ति सहजै पाऊँछआ खीरमा ॥*
*छोरो हूमत भानु भक्त कविको नांहो रमानाथ् पनी ।*
*वर्णन्यो अति योग्य होगरि दिञा जानुन् सबैले भनी ॥१५॥*

प्रस्तुत कवितामा अलङ्कारको सामान्य प्रयोग देखिएको छ । यस कवितामा शब्दालङ्कारको प्रयोग भएको पाइन्छ । लयलाई सघन बनाउनका लागि अपेक्षित अन्त्यानुप्रासको योजना कवितामा सर्वत्र मिलेको देखिन्छ । कविताको लयात्मकतालाई यसले जीवन्त बनाएको छ । तल एउटा नमुना प्रस्तुत छ -

*यस्तो देखि बुझी मनुष्य हरूले वैराग्य मन्मा धरी ।*
*किर्तन् ईश्वरको गरुनन तरहै जान् छन्नरकमा परी ॥*
*जोसिद्धान्तपढी टिका हरूसमेत पढ्न्या पढैया पनी ।*

*गर्छन्मत्त भई परस्पर विवाद् मैजान्दछू सब भनी ॥७॥*

यस कवितांशको पहिलो र दोस्रो तथा तेस्रो र चौथो पङ्क्तिमा क्रमिक अन्त्यानुप्रास मिलेको देखिन्छ ।

यस कवितामा वृत्यनुप्रासको प्रयोग ५ र ९ औँ श्लोकमा भएको पाइन्छ । तल एउटा नमुना प्रस्तुत छ :

*धन आर्जन् पनि गर्नुपर्छ धनले फल्दिन्छ खुब् धर्मको*

*उद्योग्गर्छभन्या तहुन्छन गऱ्यो क्याहुन्छ धन्कामको ॥९॥*

यसमा धन, धन, धर्म धन जस्ता शब्दहरूमा एक वर्ण 'ध' को पटकपटक पुनरावृत्ति भएको छ त्यसैले यो वृत्यनुप्रास शब्दालङ्कार हो ।

शब्दालङ्कारका साथै अर्थालङ्कारको प्रयोग यस कवितामा भएको पाइन्छ । अर्थालङ्कारमा तुल्ययोगिता अर्थालङ्कारको प्रयोग आठौँ श्लोकमा गरिएको पाइन्छ । यसको नमुना तल प्रस्तुत छ :

*चेष्टा सव् धन खोज्नकैछ दुनित्रा फिर्छन् अनेक् रूपगरी ।*

*आफ्नोजो परिवार पुत्र हरूमा प्रीती ठुलो खुव्गरी ॥*

*जस्तैस्त्री धन पुत्रमा अतिठूलो प्रीतीछ बूझीलिनू ।*

*तस्तै प्रीतिगुरु हरी चरणमा यो मन्लगाई दिनू ॥८॥*

यहाँ तेस्रो पाउमा स्त्री, धन र पुत्रका बीच प्रीति भन्ने एक धर्मको सम्बन्ध देखाइएको छ र उसै गरी चौथो पाउमा गुरु हरीका बीच प्रीत भन्ने धर्मसम्बन्ध देखाइएको छ । तसर्थ प्रीति समान धर्मको रूपमा रहेकाले तुल्ययोगिता अर्थालङ्कार हो ।

प्रस्तुत कवितामा कविले काव्यिक सौन्दर्यता थप्न शब्दालङ्कारअन्तर्गत अन्त्यानुप्रास र वृत्यनुप्रास एवम् अर्थालङ्कारमा तुल्ययोगिता अलङ्कारको प्रयोग गरेको पाइन्छ ।

रमानाथ आचार्यद्वारा रचित तेस्रो कविता 'वैराग्य बोध' १५ श्लोकमा आबद्ध छ । यस कविता काशीनगरी र गङ्गा नदीको प्रशंसा एवम् जगतजननी अन्नपूर्णाको स्तुतिबाट प्रारम्भ गरी कविको छोटो परिचय दिएर अन्त्य गरिएको छ । यस कवितामा छन्दको अनियमितता देखिन्छ । १४ श्लोक शार्दूलविक्रीडित नामक वर्णमात्रिक छन्दमा रहे पनि १ श्लोक भुजङ्गप्रयात छन्दमा आबद्ध देखिन्छ । यस कवितामा कविले ईश्वर, पाप, धर्म नरक, स्वर्ग, भक्ति साथै पीडा नैराश्य र हृदयका व्यथा आदिलाई मार्मिक रूपमा प्रस्तुत गरेका छन् सांसारिक मोह र प्रपञ्चमा जेलिएर ईश्वर चिन्तन टाढा रहेकोमा कविलाई आत्मग्लानी हुन्छ । शीर्षक र भावबीच समन्वय राखी कवितात्मक अभिव्यक्ति दिन आचार्य सक्षम देखिन्छन् । अन्त्यानुप्रासले कविताको लयात्मकतालाई जीवन्त बनाएको छ । संस्कृतको आशयलाई प्रायशः कवितामा उनले समटेका छन् । अलङ्कारको प्रयोगले काव्यिक सौन्दर्यता झल्काएको पाइन्छ । विषयवस्तुको गहनताले पाठकलाई केही कठिनाई रहे पनि समग्रमा भाषाशैली दुर्बोध्यचाहिँ छैन ।

### ४.४ विविध फुटकर पद्यहरूको अध्ययन

#### ४.४.१ 'ज्ञानले मात्र मानिस ठूलो हुन्छ' भन्ने कविताको अध्ययन

*दर्जा हुदैन धनले र ठुला घरान्ले ।*

*जो श्रेष्ठ हुन्छ जसका तिरजान्छ ज्ञान्ले ॥*

*भक्ती र ज्ञान छिनमै कन जो लिदैनन् ।*

*ती मूर्ख शुद्रहरूका पनि तुल्ल्यनै हुन् ॥*

प्रस्तुत श्लोक रमानाथ आचार्यद्वारा रचित फुटकर पद्य हो । यो फुटकर पद्य मुक्तिनाथ आचार्यद्वारा लिखित 'आदिकवि भानुभक्त आचार्य खोजपूर्ण जीवनी' (२०४२) मा प्रकाशित भएको पाइन्छ । ज्ञानले मात्र मानिस ठूलो हुन्छ भन्ने प्रसङ्गमा कविले यस पद्य लेखेको पाइन्छ ।

यो फुटकर पद्य चार हरफमा संरचित छ । यो पद्य शीर्षकविहीन रूपमा रहेको छ । धन मान र घरानले मात्र मानिस सर्वमान्य हुन् सक्दैन । सबैभन्दा असल हुन् ज्ञान नै प्राप्त

गर्न सक्नुपर्दछ । मान्यजनप्रति आदरभाव वा श्रद्धा एवम् ज्ञान नहुने मानिस मूर्ख शूद्र समान हुन् भन्ने अभिव्यक्ति यस पद्यमा भेटिन्छ । वास्तवमा मानिस सर्वमान्य एवम् ठूलो हुन् ज्ञानले मात्र सक्छ भनेर कविले प्रस्ट पारेका छन् ।

प्रस्तुत पद्यमा त, भ, ज, ज, गु, गु गण हुने तथा ८ अक्षरमा विश्राम हुने १४ अक्षरको वसन्ततिलका छन्दको प्रयोग गरेको पाइन्छ । कविप्रौढोक्ति कथनपद्धतिमा आधारित कवितांशमा पहिलो र दोस्रो तथा तेस्रो र चौथो पङ्क्तिमा क्रमिक अन्त्यानुप्रास मिलेको देखिन्छ । यसमा काव्यलिङ्ग अर्थालङ्कारको प्रयोग गरिएको पाइन्छ । धनले र ठूला घरानले दर्जा नहुने हुँदा 'ज्ञान नै श्रेष्ठ हो' यो वाक्य समर्थक हेतु बन्दछ । सर्वमान्य हुन् ज्ञान नै प्राप्त गर्न सक्नुपर्दछ भन्ने कुराको समर्थक जनाइएको हुनाले यो काव्यलिङ्ग अर्थालङ्कार हो ।

निष्कर्षका रूपमा भन्नुपर्दा यो पद्य भावगाम्भीर्य अभिव्यक्ति, वसन्ततिलका छन्दको श्रुतिमाधुर्यका साथै सरल भाषाशैली तथा काव्यलिङ्ग अलङ्कारको सौन्दर्यपूर्ण प्राप्तिबाट ओतप्रोत बन्न पुगेको छ ।

### ४.४.२ 'पुनर्जन्मको सङ्केत' गरिएको कविता

*चौरासी जुनिका पिता कति हुन्न् माता हुन्न् जो जती ।*
*छोरा नाति पनातिता कति हुन्न् संख्यै नहुन्या रती ॥*
*संसारको गति यै छ जानि सबले छोडी अभिमान् जती ।*
*गर्नूपर्दछ भक्ति श्री हरिमहां कल्याण होला अती ॥*

प्रस्तुत श्लोक रमानाथ आचार्यद्वारा रचित फुटकर पद्य हो । यो फुटकर पद्य मुक्तिनाथ आचार्यद्वारा लिखित 'आदिकवि भानुभक्त आचार्य खोजपूर्ण जीवनी' (२०४२) मा प्रकाशित भएको पाइन्छ । पुनर्जन्मको सङ्केत गर्ने प्रसङ्गमा कविले यस पद्य लेखको पाइन्छ ।

यो फुटकर पद्य चार हरफमा संरचित छ । यो पद्य शीर्षकविहीन रूपमा रहेको छ । यस पद्यको पछिल्ला दुई पाउ विवादित देखिए तापनि माथिल्लो दुई पाउको भावसँग मिल्दोजुल्दो विषयवस्तु भाषाशैली देखिएकाले रमानाथ आचार्यकै देखिन्छ । प्रस्तुत श्लोकमा संसारका सम्पूर्ण प्राणीहरूको आफ्नो आफ्नो पाप पुण्य आदि कर्मअनुसार बारम्बार पुनर्जन्म

भइ नै रहन्छ र ईश्वरमा निष्कपट भक्ति भए जन्म जन्मान्तरमा आवागमन गर्नुपर्दैन, मोक्ष प्राप्त हुन् जान्छ साथै मानिसले संसारको वास्तविकता बुझ्रेर घमण्ड त्यागेर हरिकै आस्था वा पूजाको भावनामा समर्पित हुनुपर्दछ भन्ने भाव प्रकट भएको छ । त्यसैले दुःख र दर्दको संसारबाट मुक्ति प्राप्त गर्न ईश्वरभक्तिमा लीन भए मात्रै सबैको कल्याण हुन्छ । जीवनका विभिन्न सुकर्मबाट परमात्मालाई प्राप्त हुने आनन्द जस्ता व्यञ्जनामय अर्थ प्रकट गर्ने भएकाले यो पद्यले गहिराइपूर्ण कवितात्मक मूल्य र भाव तथा चिन्तनको समन्वय रूप प्राप्त गर्न सकेको छ ।

प्रस्तुत पद्यमा म, स, ज, स, त, त, गु गण हुने तथा छ र बाह्र अक्षरमा विश्राम हुने १९ अक्षरको शार्दूलविक्रीडित छन्दको प्रयोग गरेको पाइन्छ । कविप्रौढोक्ति कथनपद्धतिमा आधारित कवितांशमा प्रत्येक पाउका अन्त्यमा समानवर्णको पुनरावृत्ति भएकाले अन्त्यानुप्रासको सफल प्रयोग भएको पाइन्छ । कतिपय संस्कृत तत्सम शब्द तथा तद्भव शब्दहरूको प्रयोग गरिएकाले यस कविताले सोझ्रो अर्थभन्दा लाक्षणिक अर्थलाई प्रस्तुत गरेको छ । यस श्लोकमा छन्दमिलानको क्रममा वर्णविन्यासगत त्रुटिहरु देखिए तापनि भाव बुझ्राइमा कुनै कठिनाइ छैन ।

निष्कर्षका रूपमा भन्नुपर्दा यो पद्य आध्यात्मिक चिन्तन वर्णमात्रिक छन्दको श्रुतिमाधुर्यका साथै अन्त्यानुप्रासको लयात्मकताले सौन्दर्यपूर्ण प्राप्तिबाट ओतप्रोत बन्न पुगेको छ ।

### ४.४.३ पुण्यनगरी काठमाडौँको वर्णन गरिएको कविता

*यत्ती छन् सबदेवता भनि यहाँ गन्नै नसक्नू कहीं ।*

*यत्तीछन् सब तीर्थ पाप् हरिदिन्या जानू नपर्न्या कहीं ।*

*यी नेपाल् सरि पुण्य भूमित कतै देखिन मैले कहीं ।*

*आर्या तीर्थ मरण् छ मुक्ति दिनमा तत्पर् सदाछन् हरी ॥*

*(१)*

*माया ईश्वरकी जगत् कि जननी श्री गुह्यकाली पनि ।*

*आफ्ना भक्त उपर् गरुँ भनी याहीं बस्याकी अनी ॥*

*जसले गर्दछ भक्ति श्री हरि महाँ श्री गुह्यकाली महाँ ।*

*त्यस्को हुन्छ अवश्य जीवन सफल् क्यै छैन शंका यहाँ ॥*

(२)

प्रस्तुत श्लोक रमानाथ आचार्यद्वारा रचित फुटकर पद्य हो । यो फुटकर पद्य मुक्तिनाथ आचार्यद्वारा लिखित 'आदिकवि भानुभक्त आचार्य खोजपूर्ण जीवनी' (२०४२) मा प्रकाशित भएको पाइन्छ । काठमाडौँको महिमा देखाउने प्रसङ्गमा कविले यस पद्य लेखेको पाइन्छ ।

यी फुटकर दुई पद्यहरू चार-चार हरफ गरी आठ हरफमा संरचित छन् । यी पद्य शीर्षकविहीन रूपमा रहेका छन् । यी श्लोकहरू पूर्ण रूपमा विवादित देखिए तापनि रमानाथको वैराग्य बोध कृतिको विषयगत दृष्टिले अध्ययन गर्दा आध्यात्मिक महत्त्व दिएर हरिको शरणमा लाग्नैपर्छ भन्ने आचार्यले नेपालको महत्त्व दर्शाएर कविता लेख्नु सान्दर्भिक देखिन्छ । यी श्लोकमा प्रयोग गरिएका विषयवस्तु, लयविधान, भाषाशैली आचार्यका कृतिसँग मेल खाने हुँदा यी पङ्क्ति आचार्यकै देखिन्छ पहिलो श्लोकमा कविले आफू राजधानी काठमाडौँ गएकाबखत पुण्यनगरी काठमाडौँबाट अत्यन्त प्रभावित भएर नेपालमा सम्पूर्ण देवता तथा तीर्थहरू रहेकाले यस्तो पवित्र एवम् पुण्यभूमि कहीँ नदेखेको भनी भाव व्यक्त गरेका छन् । भातृभूमि नेपालको वर्णन गर्दै कविले भगवान् हरिको शरणले नै सबैलाई मुक्ति मिल्छ भनेका छन् । दोस्रो श्लोकमा कविले संसारकै माता गुह्यकालीको वर्णन गरेका छन् । सबै भक्तहरूलाई कल्याण गर्ने उद्देश्यले शक्ति उत्पन्न गर्ने देवी नेपालमै बसेकी भनी गह्यकालीको प्रशंसा गरेका छन् । सर्वशक्तिमान् भगवान् हरि र गुह्यकाली माताको पूजा गर्दा नै जीवन दुःखमय एवम् निष्फल हुन् नगई सफल हुन्छ भन्ने भाव यस पद्यमा भेटिन्छ । आचार्यले यी श्लोकमा देवदेवीहरूको महिमा गायन गर्दै जीवन सफल पार्न आध्यात्मिक चिन्तनमै केन्द्रित रहनुपर्छ भन्ने भाव व्यक्त गरेका छन् ।

प्रस्तुत पद्यहरूमा म, स, ज, स, त, त, गु गण हुने तथा छ र बाह्र अक्षरमा विश्राम हुने १९ अक्षरको शार्दूलविक्रीडित छन्दको प्रयोग गरेको पाइन्छ । आन्तरिक संरचनाका दृष्टिले प्रस्तुत श्लोकहरू कविप्रौढोक्ति कथनपद्धतिमा आधारित छन् । पहिलो श्लोकको चौथो पाउमा

अन्त्यानुप्रास नमिलेको भए पनि अरू पाउमा मिलेको देखिन्छ यसमा तत्सम र तद्भव शब्दहरूको प्रयोग भएको पाइन्छ ।

निष्कर्षका रूपमा भन्नुपर्दा यी पद्यमा आध्यात्मिक चिन्तन, मातृभूमिको महिमा एवम् शार्दूलविक्रीडित छन्दको प्रयोग साथै सम्प्रेषणीय भाषाशैली देखिन्छ ।

**४.४ 'अनिकालको वर्णन' गरिएको कविता**

*श्री भानुभक्त कवि पुत्र म हुँ उनैको ।*
*आधार् नपाइ बल गर्छु बहुत् रुनैको ॥*
*प्रारब्ध कर्म बलवान् बढि दुःख पायाँ ।*
*सरकारमा विनति गर्न भनेर आयाँ॥*

*यो दुष्ट साल अठचालिस कीन आयो ।*
*सब् प्राणिको सकल धन्हरू छुट्टि पाऱ्यो ॥*
*यै बीचमा सलहको सव फौज आई ।*
*खेती सबै सकि दियो पनि छुट्टि खाई ॥*

*घरमा थिएन सबका पनि खान दाना ।*
*भाऊ वस्यो असनमा पनि तीन माना ॥*

प्रस्तुत दस हरफे श्लोक रमानाथ आचार्यद्वारा रचित फुटकर पद्य हो । यो फुटकर पद्य विष्णुमायाको 'भानुभक्त मणिमाला' (१९९८)मा प्रकाशित भएको पाइन्छ । आचार्यले मोतीराम भट्टसँग प्रत्यक्ष भेट हुँदा प्रत्युत्तर स्वरूप काव्यात्मक शैलीमा प्रस्तुत गर्ने सन्दर्भमा यो पद्य उल्लेख गरेको पाइन्छ ।

यस कविताको रचना सन्दर्भ र श्लोक सङ्ख्या विवादित देखिन्छन् । मुक्तिनाथ आचार्यले 'भानुभक्त आचार्य खोजपूर्ण जीवनी' (२०४२) मा सरकारसमक्ष बिन्ती चढाउँदा लेखिएको जनाएका छन् साथै विष्णुमाया र डिल्लीराम मिश्रले भन्दा फरक गरेर अर्थात् छ पाउ थपेर क्रमभङ्गसमेत गरी यस कवितालाई रमानाथले लेखेको भनी चार श्लोकको मुक्तिनाथले बनाएका छन् :

*बाँच्नै पनि अब त मुस्किल हून लाग्यो*

*कस्का पीछा परुँ खबै अनिकाल जाग्यो ॥३॥*

*विन्ती म गर्छु, महाराज् करुणा निधानको ।*

*भक्ती निरन्तर बसोस् मनमा हरकिो*

*दीर्घायू होस् सकल राज् पनि यो गरीयोस ।*

*सारा मुलुक् हुजुरका यशले भरीयोस् ॥४॥*

तुलनात्मक रूपमा यी छ पाउको संरचना आधुनिक शैलीको देखिन्छ । त्यसैले सुरुका १० हरफ नै रमानाथका पद्य हुन् भनी स्पष्ट चिन्न सकिन्छ ।

यो फुटकर पद्य शीर्षकविहीन रूपमा रहेको पाइन्छ । वि.सं. १९४८ सालमा रमानाथको मोतीराम भट्टसँग काठमाडौँमा भेट हुँदा उनलाई काठमाडौँ आउनुको प्रयोजन एवम् हालखबर भट्टले सोधेका र प्रत्युत्तर स्वरूप रमानाथले आफ्नो मर्मलाई काव्यात्मक शैलीमा प्रस्तुत गर्ने सन्दर्भमा यो पद्य रचिएको हो । यस पद्यमा उनले आफूलाई कवि भानुभक्तको छोरा हूँ भनेर सर्वप्रथम चिनाएका छन् । १९४८ सालमा अन्नको उत्पादन कम भएको र खेतीपातीमा लाग्ने किराहरूसमेत आई त्यही अलि अलि भएको अन्नसमेत सलहले खाएर सखाप पारिदिएको हुनाले अनिकालको वर्णन उनले गरेका छन् । भोकमरीको वस्तुस्थिति दर्शाउँदै सरकारमा विन्ती गर्न आएको भाव उनले यस कवितामा पोखेका छन् । यस कवितामा उनले समसामयिक अभिव्यक्ति प्रस्तुत गरेर समयको प्रतिनिधित्व गरेका छन् । यी फुटकर श्लोकले कवि रमानाथलाई सामाजिक अभिव्यक्ति प्रस्तुतकर्ताको रूपमा स्थापित गरेको छ ।

प्रस्तुत पद्यमा त, भ, ज, ज, गु, गु गण हुने तथा ८ अक्षरमा विश्राम हुने १४ अक्षरको वसन्ततिलका छन्दको प्रयोग गरेको पाइन्छ । आन्तरिक संरचनाका दृष्टिले प्रस्तुत श्लोकहरू कविप्रौढोक्ति कथनपद्धतिमा आधारित छन् । यस कवितांशमा प्रत्येक पाउको अन्त्यमा समानवर्णको पुनरावृत्ति भएकाले अन्त्यानुप्रासको सफल प्रयोग भएको पाइन्छ । यसमा तत्सम र तद्भव शब्दहरूको प्रयोग भएको पाइन्छ । यस पद्यमा नेपाली वर्णविन्यासको प्रचलित नियमको पूर्ण परिपालन हुन् सकेको छैन ।

निष्कर्षका रूपमा भन्नुपर्दा यी पद्यमा समयको स्थितिको उजागर् एवम् वसन्ततिलका छन्दको साथै शब्दको सहज बोधगम्यताले यसको शैली प्रभावकारी बन्न पुगेको छ ।

**निष्कर्ष**

आचार्य आदिकवि भानुभक्तका सुपुत्र भए पनि नेपाली साहित्यको इतिहासमा ओझेलमा परेका कारण एवम् उनका उपलब्ध कृतिहरूको अन्वेषणतर्फ कसैले चासो नदेखाएको र उनका कृतिहरूको सामान्य रूपमा समेत अध्ययन, विश्लेषण र विवेचना नभएकाले रमानाथका रचना पनि भानुभक्तको नै हो भनेर लेखिएको हुन्सक्छ । रमानाथको कृतित्वको पूर्ण अध्ययन र विश्लेषण गर्दा 'दर्जा हुँदैन ...' 'चौरासी जुनि' यती छन् .., 'माया ईश्वर...', 'श्री भानुभक्त कवि पुत्र...' जस्ता पद्यहरू उनकै देखिन्छन् । यी पद्यहरूमा व्यक्त गरिएका भाव उनका कृतिका विषयवस्तु, लयविधान, भाषाशैलीसँग मेल खाएको देखिन्छ ।

# पाँचौ परिच्छेद

## उपसंहार तथा निष्कर्ष

रमानाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा प्रस्तुत शोधपत्रका परिच्छेद दुई, तीन र चारमा विवेचना गरिसकिएको छ । अब यस परिच्छेदमा उपर्युक्त परिच्छेदहरूमा गरिएको विवेचनाबाट प्राप्त निष्कर्ष दिने प्रयास गरिएको छ ।

रमानाथ आचार्य नेपाली साहित्यका माध्यमिक कालमा कलम चलाउने कवि हुन् । यिनी वि.सं. १९०३ साल चैत्र महिनामा हालको गण्डकी अञ्चल तनहुँ जिल्लाको चुँदी रम्घा - ३, धर्मशालामा जन्मिएका थिए । यिनका पिता नेपाली भाषाको एकीकरण र विकासमा महत्त्वपूर्ण योगदान दिने आदिकवि भानुभक्त आचार्य र माता चन्द्रकला देवी हुन् । आमा बाबुकै पारिवारिक स्नेह र ममतापूर्ण वातावरणमा आचार्यको बाल्यकाल चुँदीरम्घाकै ग्रामीण परिवेशमा बितेको पाइन्छ । यिनको बसोबास पहिला चुँदी रम्घा धर्मशालामै र पछि रम्घाकै केही माथिल्लो भागको गाउँस्थित शिखरमै बितेको थियो ।

तत्कालीन सामाजिक तथा पारिवारिक परिवेश संस्कृत विद्याको अध्ययन गर्नु थियो । त्यसैले रमानाथलाई पिता भातुभक्तले शिक्षादीक्षा दिने क्रममा घरमै रुद्री, वेद, अमरकोश, कौमुदी ग्रन्थहरू आफैले पढाएका थिए । उनले साधारण संस्कृत र नेपाली पढेका थिए । आचार्यले अनौपचारिक रूपमा स्वअध्ययनमार्फत आफ्नो ज्ञानको भण्डार बढाएका थिए ।

रमानाथ आचार्य कृषि पेसामा संलग्न भएका थिए । आचार्यले बालकुमारी, रमाकान्ता देवी र रमाप्रियसँग विवाह गरेका थिए । पाँच छोराहरू र पाँच छोरीहरू गरी दस सन्तानका बाबु आचार्यले कृषि पेसाबाट प्राप्त आयस्रोतले परिवारको लालनपोषणका आवश्यकताहरू परिपूर्ति गरेको बुझिन्छ । यिनी तीन विवाह गरेको कारणले पनि व्यावहारिक सुखबाट बञ्चित उदासीन तथा विक्षिप्तजस्ता देखिन्थे । ग्रामीण परिवेशमा बसोबास गरेका आचार्यमा भैँसी पाल्ने सोख तीव्र थियो । खानपिनमा दूध, घिउ, तरकारीमा चिचिन्डो र फलफूलमा उखु आचार्यले खूब मनपराउँथे । अग्ला हृष्ट-पुष्ट शरीर भएका आचार्यमा ठेलो हान्ने खेलप्रति बढी

रुचि भएको पाइन्छ । आचार्यले आफ्नो ६६ वर्षे जीवनयात्रामा आफ्ना परिवारका धेरै सदस्यहरूसँगको विछोडको पीडा खप्नुपरेको थियो ।

रमानाथ आचार्यको व्यक्तित्वपुञ्ज शारीरिक, सामाजिक, धार्मिक र कवि व्यक्तित्वको सङ्गमबाट बनेको देखिन्छ । नेपाली भाषा साहित्यका आदिकवि भानुभक्त आचार्य र माध्यमिक कालका उत्कृष्ट युवाकवि मोतीराम भट्टको प्रत्यक्ष प्रेरणा र प्रभावद्वारा आचार्य कविता सृजनातर्फ आकर्षित भएका हुन् । आचार्यको उपलब्ध रचना 'हितोपदेश' हो । यसबाट उनी सृजनात्मक गतिविधिमा संलग्न भएको कुरा स्पष्ट हुन्छ । यस कृतिको रचनाकालको बारेमा पूर्णतः यकीन गर्न सकिँदैन तापनि सन् १९२७ मा 'मालिक पुस्तकालय'द्वारा प्रकाशित हितचिन्तक प्रेस रामघाट काशीमा छापिएको स्पष्ट हुन आउँछ । यस कृतिमा 'हितोपदेश' लघुकाव्य, 'आत्मज्ञान' फुटकर कविता र 'वैराग्य बोध' फुटकर कविता समावेश छन् । आचार्यका केही फुटकर पद्यहरू मुक्तिनाथ आचार्यद्वारा लिखित 'भानुभक्त खोज पूर्ण जीवनी' ( २०४२) मा प्रकाशित भएको पाइन्छ ।

नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये कविता विधामा कलम चलाउने आचार्यद्वारा रचित 'हितोपदेश' लघुकाव्य २७ श्लोकमा संरचित छ । उनको 'हितोपदेश' संस्कृतको 'हितोपदेश' ग्रन्थमा आधारित भई आफूले प्रशस्त मौलिकतासमेत थपेर तयार पारेको लघुकाव्य हो । यसमा राम्रो अर्ती र उपकार दिने विद्या संसारकै उज्ज्वल मणि हो भन्ने शिक्षाप्रद रूपमा कवितात्मक अभिव्यक्ति प्रकट भएको पाइन्छ साथै नैतिक उपदेशहरूलाई जीवनमा उतार्नुपर्ने सन्देश दिइएको छ । उनको फुटकर कविता 'आत्मज्ञान' ११ श्लोकमा संरचित छ । यो कविता आत्मज्ञान प्राप्त गर्न सक्नु नै जीवनको सर्वोत्कृष्ट उपलब्धि हो भन्ने आदर्शप्रति केन्द्रित छ । उनको 'वैराग्य बोध' फुटकर कविता १५ श्लोकमा आबद्ध छ । अमूल्य मानव जीवनलाई यथार्थ रूपमा सफल सारयुक्त र आनन्दमय तुल्याउन सांसारिक मोह र प्रपञ्चमा नभुलेर वास्तवमा ईश्वर चिन्तनमा नै लिप्त हुनुपर्दछ भन्ने आध्यात्मिक चिन्तन उनको यस कवितामा भेटिन्छ । उनका केही फुटकर पद्यहरू शीर्षकविहीन रूपमा देखिन्छन् । यस्ता पद्यहरूमा उनले आध्यात्मिक चिन्तन र समसामयिक विसङ्गतिलाई औँल्याई ज्ञानलाई नै सर्वश्रेष्ठ मानेका छन् ।

विषयवस्तुगत दृष्टिले हेर्दा नेपाली समाज, संस्कृति र परम्पराका आदर्शहरूलाई पनि उनका कवितामा समेटिएको पाइन्छ । उनले आफ्नो युगमा देखेभोगेका अमानवीय व्यवहारप्रति आफ्ना कृतिमार्फत कलात्मक रूपमा असन्तुष्टि प्रकट गरेका छन् । उनका कृति मूलतः पूर्वीय दर्शनमा आधारित छन् । उनका समकालीन कविहरूका कृतिमा श्रृङ्गारिकताको जुन बाहुल्यता पाइन्छ त्यसबाट आचार्य टाढा रहेका छन् । उनका कवितामा नीतिचेतनाको प्रबलता झल्कन्छ । वास्तवमा उनका कवितामा आध्यात्मिक चिन्तनका गहकिला पक्षहरू भेट्न सकिन्छ । यसरी उपर्युक्त विविध विषयवस्तुलाई अँगालेर कलात्मक पाराले प्रस्तुत गर्न सक्नु उनको कविताको वैशिष्ट्य हो ।

कवितासृजनातर्फ आयामका दृष्टिले हेर्दा उनले कविताका लघु र फुटकर रूपको सृजना गरेका छन् । छन्दविधानका दृष्टिले हेर्दा आचार्यले प्रायः भानुभक्तको जातीय छन्द शार्दूलविक्रीडितलाई नै कवितामा प्रयोग गरेका छन् । यसका साथै उनका कवितामा भुजङ्गप्रयात, वसन्ततिलका छन्दको पनि प्रयोग भेटिन्छ । यसरी उनी मूलतः शास्त्रीय वर्णमात्रिक छन्दलाई अनुशरण गर्न रुचाउने कविका रूपमा स्थापित हुन पुगेका छन् । उनको छन्दयोजनालाई हेर्दा कतै कतै नेपाली व्याकरणका प्रचलित नियमहरूको परिपालन हुन नसकेको देखिन्छ । त्यस्तै भाषाशैलीगत दृष्टिले हेर्दा उनका कृतिमा प्रयुक्त भाषाशैली प्राचीन र मध्यकालीन अन्य लेखकका रचनामा प्रयोग गरिएका संस्कृत स्रोतका शब्द भेटिन्छन् । उनका कृतिमा ह्रस्व, दीर्घ, अजन्त, हलन्त व/ब, शिरविन्दु, य/ए, पदयोग र पदवियोगहरूको प्रयोग त्यति ख्याल नगरी स्वतन्त्र रूपमा गरेको पाइन्छ । तापनि समग्रमा सरल एवम् सम्प्रेषणीय छ । आन्तरिक संरचनाका दृष्टिले उनका कविता कविप्रौढोक्ति कथनपद्धतिमा आधारित छन् । उनको कृति सङ्ख्यात्मक दृष्टिले एउटै र सानो भए पनि गुणात्मक दृष्टिले महत्त्वपूर्ण देखिन्छ ।

अन्त्यमा आचार्य माध्यमिक कालमा देखापरेका एक साहित्यसाधक हुन् । उनले नेपाली साहित्यको सम्बर्द्धनमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनी मूलतः कवि  हुन् प्राचीनप्रतिको मोह, आध्यात्मिक, सुधारात्मक भावना, युगीन चेतना उनका काव्यगत विशेषता हुन् । त्यस्तै प्राकृतिक, पौराणिक र समसामयिक समाज आचार्यका कविता सृजनाका विषयवस्तु हुन् भने वर्णनात्मक, उपदेशात्मक तथा सम्प्रेषणीय शब्दयोजना उनका शैलीगत वैशिष्ट्य हुन् । यसरी रमानाथले आफ्नो ६६ वर्षे जीवनकालमा 'हितोपदेश' लघुकाव्य 'आत्मज्ञान' र 'वैराग्य बोध' फुटकर कविता साथै केही फुटकर पद्यहरू लेखेर माध्यमिक नेपाली कविता परम्पराका भावधाराका दृष्टिले तथा काव्यशैलीका दृष्टिले नैतिक औपदेशिक कविका रूपमा आफूलाई स्थापित तुल्याएका छन् । वि.सं. १९६९ सालको पौष शुक्ल प्रतिपदाको तिथिमा आफ्नो पाञ्चभौतिक देहलाई आचार्यले परित्याग गरे ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज, **पूर्वीय समाचलोना सिद्धान्त,** काठमाडौँः साझा प्रकाशन, २०५६ ।

अर्याल भैरव, शर्मा वासुदेव (सम्पा.) **छयाकन**, काठमाडौँ : कौवा प्रकाशन २०२३ ।

आचार्य, जयराज, तनहुँको संस्कृति, **भोलि** वर्ष १, अङ्क १, २०२८ ।

आचार्य, तीर्थराज र अन्य सम्पा., **भानु.सं. मा.वि स्वर्ण जयन्ती स्मारिका**, काठमाडौंः स्वर्ण ज.सं स., २०५१ ।

आचार्य, नरनाथ, **आदिकवि भानुभक्त आचार्यको सच्चा जविन चरित्र,** दो.सं., काठमाडौँः पण्डित नरनाथ आचार्य, २०३६ ।

------,-----, **कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवन चरित्र,** काठमाडौंः कविराज पण्डित नरनाथ आचार्य, २०१७ ।

आचार्य, व्रतराज, **आदिकवि भानुभक्तः जीवनी र कविताको सम्परीक्षण,** तनहुँ, भानु जन्मस्थल विकास समिति, २०५८ ।

आचार्य, मुक्तिनाथ, **आदिकवि भानुभक्त आचार्य खोजपूर्ण जीवनी,** तनहुँः लेखक स्वयम्, २०४२ ।

आचार्य, रमानाथ, **हितोपदेश**, काशीः मालिक पुस्तकालय, सन् १९२७ ।

कार्की, उपेन्द्र, **शिक्षामनोविज्ञान**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५४ ।

गौतम, कृष्ण, **आधुनिक आलोचना अनेकरूप अनेक पठन,** ललितपुरः साझा प्रकाशन, २०५० ।

झा, रामचन्द्र (सम्पा.) **पञ्चतन्त्रम् वाराणसीः** चौखम्बा विद्याभवन ई. १९९४ ।

ढकाल, मतिप्रसाद (सम्पा.) **भानुभक्तका लघुरचनाहरू,** नवलपरासीः आस्था आगम प्रकाशन, २०६४ ।

त्रिपाठी वासुदेव र अन्य, **नेपाली कविता भाग ४,** ललितपुरः साझा प्रकाशन, २०६० ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय,** चौं.सं. काठमाडौँः साझा प्रकाशन, २०५० ।

नेपाल, देवी, **छन्द-पराग**, काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०६२ ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : ने.रा.प्र.प्र., २०४० ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश**, काठमाडौँः लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

मिश्र, डिल्लीराम, **नेपाल अधिराज्यमा तनहूँ** दो.सं., काठमाडौँः शर्मिला मिश्र, २०५७ ।

**मेचीदेखि महाकाली भाग ३** काठमाडौँः श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१ ।

लुइटेल, खगेन्द्रप्रसाद र अन्य, **नेपाली कविता**, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०५४ ।

वाग्ले ईश्वरचन्द्र, तनहुँ जिल्लाको सदरमुकाम दमौली बजारको भौगोलिक परिचय, **तनहुँ उद्योग वाणिज्य संघ स्मारिका**, दमौली तनहुँ, २०५८, पृ.४१-४३ ।

विष्णुमाया, **भानुभक्त मणिमाला**, काशीः सम्पादिका स्वयम्, १९९८ ।

शर्मा भट्टराई र अन्य (सम्पा.) मोतीराम भट्ट र संसर्गी कवि, काठमाडौँ :नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद, **शोधविधि**, ललितपुरः साझा प्रकाशन, २०६२ ।

शर्मा, विश्वनाथ (सम्पा.), **हितोपदेश मित्रलाभ**, दिल्लीः मोतीलाल वनारसीदास, ई., १९८६ ।

**शोधपत्रसूची**

भट्टराई, भवानीशङकर, **मुक्तिनाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, ने.के.वि., अप्र शो., २०६० ।

सुवेदी लक्ष्मीप्रसाद, **आदिकवि भानुभक्तको जीवनी र कृतित्व**, ने. के. वि., अप्र.शो., २०५६ ।

# परिशिष्ट एक

## परिशिष्ट चार

## रमानाथ आचार्यको वंशवृक्ष

